औधोगिक प्रशिक्षार्थी प्रशिक्षण (मोडल–२)



# कार्यक्रम सञ्चालन तथा अनुगमन निर्देशिका

## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना, समृद्धि

### सह– सम्भाग: १.३: मर्यादित रोजगार(औधोगिक प्रशिक्षार्थि प्रशिक्षण मोडल– २)

**औद्योगिक प्रशिक्षण तालिम मोडेल २ का लागि कार्यान्वयन तथा अनुगमन पुस्तिका**
**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**


| | | |
|---|---|---|
| सर्वाधिकार | : | हेल्भेटास नेपाल |
| प्रकाशन वर्ष | : | बि.सं. २०७७ |
| मस्यौदा लेखन | : | पोषराज निरौला |
| अन्तिम रूप | : | भानु पण्डित |
| सम्पादन समूह | : | पोषराज निरौला, सुकबहादुर चौधरी, खुल थापा, गोपाल कृष्ण डंगोल |
| सहयोगीहातहरु | : | तुलसी जंग दाहाल, राजकुमार सेतीमहर, रमा तिमल्सिना, बिहारीलाल चौधरी |
| शुद्धासुद्धी तथा लेआउट | : | गोपाल कृष्ण डंगोल |


**प्रस्टीकरण :** यो पुस्तिकाको नेपाली अनुवादका कारण कार्यक्रम कार्यान्वयनका क्रममा कुनै पनि प्रकारको दुविधा र विरोधाभाष उत्पन्न भएमा अङ्ग्रेजी संस्करणलाई आधिकारिक मानिनेछ ।


**समृद्धि - हेल्भेटास नेपाल**
धोबीघाट, ललितपुर
पोस्ट बक्स नं.: ६८८, काठमाडौं
फोन : ०१-५५३७१४८, ५५२१०६३, ५५२९९२९, ५५३९६१४, ५५३७९७४
इमेल : efsr.np@helvetas.org
टोल फ्रि नं. : १६६००१-०१-५०५०५ (इटहरीका लागि)
टोल फ्रि नं. : १६६००१-०१-५०५०५ (जनकपुरका लागि)
वेब: www.employmentfund.org.np

# आभार

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि), नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइफाड) को संयुक्त पहलमा सञ्चालित आयोजना हो । यस आयोजनाले गरिबी न्यूनीकरण र दिगो विकासका लागि रोजगार केन्द्रित समतामूलक तथा समावेशी आर्थिक विकास गर्ने रणनीतिक लक्ष्य लिएको छ । नेपाल सरकारको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो आयोजनाको कार्यान्वयन गरेको छ । आयोजनाले गरिबी कम गर्न र स्थायी शान्तिको दिशामा अग्रसर हुन रोजगार केन्द्रित समावेशी आर्थिक विकासमार्फत् विपन्न परिवार, आप्रवासी परिवार र वैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि दिगो आय स्रोत प्रदान गर्ने लक्ष्य राखेको छ । आयोजनाले प्रदेश नं १, २ र ३ अन्तर्गतका १६ जिल्लाका विभिन्न २०८ वटा गाउँ/नगरपालिकाहरूमा काम गर्दछ ।

यस आयोजनाको प्रमुख साझेदार संस्था हेल्भेटास नेपाल हो । हेल्भेटास नेपलाले व्यावसायिक र औद्योगिक सीप प्रशिक्षण ( एप्रेन्टीशीप) तालिम (आयोजनाको उप-सम्भाग १.३) कार्यान्वयन गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्छ । साथै समृद्धि आयोजनाको व्यावसायिक सीप र औद्योगिक सीप प्रशिक्षण ( एप्रेन्टीशीप) तालिम उप-सम्भागअन्तर्गतको सम्पूर्ण व्यवस्थापन र अनुगमनको लागि पनि हेल्भेटास नेपाल जिम्मेवार छ । यस उप-सम्भागको मुख्य उद्देश्य लक्षित लाभग्राहीका लागि उपलब्ध भएसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले लागू गरेको न्यूनतप ३९० घण्टाको पाठ्यक्रम र उपलब्ध नभएको खण्डमा सम्बन्धित विषयका विज्ञहरू सँग छलफल गरी तयार पारिएको पाठ्यक्रमको अनुसरण गर्दै गुणस्तरीय सीप प्रदान गरी तोकिएको सीमासहितको आम्दानी तथा रोजगारी (Gainful employment) लाई बढावा दिनु हो । यसका लागि उद्योगहरूको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरू( प्रदेश नं १ र प्रदेश नं २) कार्यान्वयनका लागि साझेदारका रूपमा क्रियाशील छन् र तिनले नतिजामा आधारित लगानी अवधारणालाई आत्मसात गरी यो कार्याक्रममा सहभागी भएका छन ।

यो पुस्तिका, समृद्धि आयोजनामा कार्यरत कर्मचारी, तालिम तथा रोजगारी क्रियाकलाप सञ्चालन गर्ने सेवा प्रदायक संस्थालाई आयोजनाका क्रियाकलापकाबारेमा स्पष्ट जानकारी दिन र निर्देश गर्ने अभिप्रायले तयार पारिएको हो । तालिम तथा रोजगारी कार्यक्रम कार्यान्वयन क्रममा साझेदार संस्थाहरू आयोजनाले तोकेको गुणस्तरका सूचकहरूको पालना गरी नतिजा प्राप्त गर्न सक्षम हुनेछन् । त्यसले अन्ततः सीपयुक्त व्यक्तिहरूको रोजगारीमा स्थापन्न हुने दरलाई अझ चुस्त बनाउनेछ जुन आयोजनाले आत्मसात गरेको नतिजामा आधारित लगानी या व्यवस्थापन अवधारणाको महत्वपूर्ण कडी समेत हो ।

यो पुस्तिकाको प्रारम्भिक मस्यौदा कार्यक्रम अधिकृत पोषराज निरौलाले तयार पार्नुभएको हो । सम्पादनमा प्रादेशिक समन्वयकर्ता द्वय शुकबहादुर चौधरी र खुलबहादुर थापाले सहयोग गर्नुभएको छ । पुस्तिका तयारीका विभिन्न चरणमा आयोजनाका सदस्य समूहका अन्य सदस्यहरूले सहयोग गर्नुभएको छ । गोपालकृष्ण डंगोलले यसको भाषा शुद्धाशुद्धि तथा लेआउट डिजाइन गर्नुभएको हो । यस्तै इटहरीमा अवस्थित समृद्धि आयोजना व्यवस्थापन कार्यालयमा कार्यरत सहकर्मीहरूले पनि यसलाई अन्तिम रूप दिन सहयोग गर्नुभएको छ । सुझाव तथा प्रतिक्रिया दिई प्रकाशनयोग्य बनाउन सहयोग गर्नुभएका सबै सहकर्मीहरूप्रति हामी आभारी छौँ । हेल्भेटास नेपाल यो पुस्तिका तयारी क्रममा संलग्न सबैको योगदानको कदर गर्दछ ।

हामीलाई विश्वास छ, यो पुस्तिकाले आयोजनाका लक्षित समूह, कार्यान्वयन साझेदारका रूपमा रहने नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरू र अन्य सम्बन्धित सरोकारवालाहरूको लागि समेत समानरूपमा उपयोगी हुनेछ । आयोजना कार्यान्वयनका क्रममा यो पुस्तिकामा उल्लेख भएका प्रावधानहरू र आयोजना व्यवस्थापन कार्यालयले गरेको सम्झौता पत्रमा उल्लेख भएका कुराहरूबीच कुनै खालको विरोधाभाष उत्पन्न भएमा सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरू साथै आयोजना व्यवस्थापन कार्यालयले जारी गरेका इमेल र पत्रलाई नै अन्तिम आधार मानिनेछ । कार्यान्वयनका क्रममा पुस्तिकामा उल्लेख भएका प्रावधानहरूको समयानुकूल समायोजन/अद्यावधिक/थपघट गर्नुपर्ने आवश्यकता हुनसक्छ । आयोजना कार्यान्वयन क्रममा प्राप्त अनुभव र सिकाइले भविष्यमा पुस्तिका परिमार्जनका लागि योगदान दिने नै छन् । हामी सम्पूर्ण पाठक वर्गले पुस्तिकामा सुधार गर्नुपर्ने पक्षहरू औँल्याइ सुझाव/सल्लाह प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौँ ।

यो निर्देशिका कोभिड १९ को विश्वव्यापी महामारी जस्तो गम्भीर संकटबाट बच्न नेपालमा बन्दाबन्दीको अवस्था रहेको बेलामा सिर्जना गरिएको हो । त्यसताका कक्षा कोठामा भीडभाड गरी सबै प्रकारको तालिमहरू चलाउन रोक लगाइएको थियो । बन्दाबन्दीको प्रतिबन्ध फुकुवा गरेपछिको अवस्थामा सामाजिक दूरी र अतिरिक्त स्वच्छताका उपायहरू केही महिनाको लागि अझै आवश्यक रहन सक्छ । कोभिड १९ को सम्पर्कबाट बच्नका लागि नेपाल सरकारले सिफारिस गरेका सबै सावधानी उपायहरू अवश्य पनि पूर्णरूपमा पालना गरिनेछ ।

**समृद्धि - हेल्भेटास नेपाल**<br>
धोबीघाट, ललितपुर

# विषय सूची


१. परिचय भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

१.१ पुस्तिकाको उद्देश्य....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
१.२ औद्योगिक सीप प्रशिक्षण (एप्रेन्टिसीप)को परिभाषा....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
१.३ पुस्तिकाको प्रयोगकर्ता....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

२. विस्तृत कार्य विवरण भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

२.१ औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमको उद्देश्य....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
२.२ परियोजनाले समेट्ने भौगोलिक क्षेत्र....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
२.३ लक्षित लाभग्राही....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

३. तालिमको ढाँचा भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

३.१ तालिम सञ्चालन विधि....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.२ सेवा खरिद तथा साझेदारहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.३ पेशाको छनौट तथा प्रशिक्षार्थीको संख्या....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.४ प्रशिक्षार्थीको छनौट....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.५ औद्योगिक प्रशिक्षार्थी तालिमको सम्झौता....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.६ संस्थागत तथा कार्यान्वयनका प्रावधानहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
३.७ समन्वय र सहकार्य संयन्त्रहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

४. सरोकारवालाहरूको जिम्मेवारी तथा भूमिका भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

४.१ तालिम तथा रोजगार सेवा प्रदायक संस्थाको मुख्य जिम्मवारीहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
४.२ साझेदार उद्योगहरूको मुख्य जिम्मवारीहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
४.३ समृद्धि व्यवस्थापन कार्यालयको जिम्मेवारी....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
४.४ हेल्भेटास नेपालको मुख्य जिम्मेवारी....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

५. सेवा खरिद र वित्तीय ढाँचा भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

५.१ सेवा खरिद....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
५.२ लागत शीर्षकहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
५.३ प्रोत्साहन व्यवस्थापन....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
५.४ तालिम तथा रोजगार प्रदायक संस्थाको भुक्तानी ढाँचा....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
५.५ नतिजा मूल्य र भुक्तानी प्रणाली....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

६. तालिम कार्यान्यवन प्रक्रिया भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

६.१ लक्षित क्षेत्र/व्यवसाय....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२ तालिम पूर्व हुने क्रियाकलापहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.१ तालिमको लागि सार्वजनिक सूचना आह्वान....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.२ पर्याप्त संख्यामा आवेदनहरूको सङ्कलन....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.३ औद्योगिक प्रशिक्षार्थीको छनौट....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.४ सहभागी छनौटको नतिजा प्रकाशन....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.५ तालिम समूहको आकार/सङ्ख्या....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.२.६ तालिम स्थलको प्रमाणीकरण....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.३ तालिम सञ्चालन हुने चरण....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.३.१ तालिम अवधि....Error! Bookmark not defined.
६.३.२ प्रशिक्षक र तालिमको लागि सम्पर्क व्यक्तिको व्यवस्थापन....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.३.३सहभागीका लागि सेवा सुविधाहरू....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.३.४ तालिम सामग्री....Error! Bookmark not defined.
६.३.५ प्रशिक्षक र प्रशिक्षार्थीहरूको नियमित उपस्थिति....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।
६.३.६पाठ्य योजना र लगबुक व्यवस्था....भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभम।

६.३.७ तालिमको ब्यानर र फ्याक्ट सीट ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
६.४ तालिम पश्चातका क्रियाकलापहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
६.४.१ वृत्ति विकास मार्गदर्शन ....... Error! Bookmark not defined.
६.४.२ सीप परीक्षण र प्रमाणीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
६.४.३ रोजगार पदस्थापनका लागि सहजीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
६.४.४ आय प्रमाणीकरण वा मापन ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
**७. अनुगमनको ढाँचा र गुणस्तर सुनिश्चितताका लागि अपनाइने प्रक्रियाहरू** भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
७.१ अनुगमनको ढाँचा ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
७.२ गुणस्तर सुनिश्चित्ताका मापकहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
**८. तालिम अनुगमन कार्यविधि** भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
८.१ ताालिम तथा रोजगार सेवा प्रदायक संस्थाद्वारा गरिने अनुगमन र रिपोर्टिङ ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
८.२ हेल्भेटास नेपालले गर्ने तालिम अनुगमन ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
**९. नतिजा अनुगमनको कार्यविधि** भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.१ नतिजाको परिभाषा ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.२ नतिजाको मापन ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.३ नतिजा अनुगमनका चरणहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.४ रोजगार र आय प्रमाणीकरणका लागि नमुना छनौट ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.५ रोजगारी र आय प्रमाणीकरणका चरणहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.६ तीन महिनाको रोजगार तथा आय प्रमाणीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.७ छ महिनाको रोजगार तथा आय प्रमाणीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.८ ग्रेस अवधि ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.९ नतिजाको सामान्यीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.१० पुनः अनुगमन र पुनः प्रमाणीकरण ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
९.११ मर्यादित रोजगारको मापन ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
**१०. अनुसूची** भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १ : तालिम पात्रो ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची २ : तालिमको सार्वजनिक आह्वान ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ३ : प्रशिक्षार्थी आवेदन फारम ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ४ : प्रशिक्षार्थी छनौट अन्तर्वार्ताका लागि सहयोगी सुझावहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ५ : औद्योगिक प्रशिक्षार्थी छनौटका आधारहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ६ : तालिम स्थल प्रमाणीकरण फारम ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ७ : तालिम हुनुपूर्व गरिने अनुगमनका लागि निरीक्षण सूची ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ८ : तालिमको ब्यानर ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ९ : तालिमको फ्याक्ट सीट ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १० : कक्षा सत्र योजना ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची ११ : प्रशिक्षक लग बुक ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १२ : तालिम भइरहेको समयमा गरिने अनुगमनका लागि निरीक्षण सूची ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १३ : सीप परीक्षण अवलोकन निरीक्षण सूची ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १४ : रोजगार तथा आय प्रमाणीकरण फारम ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १५ : नतिजा मापन गर्दा सम्भावित अवस्था र सम्बद्ध निर्णयहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
अनुसूची १६ : रोजगारी तथा आय प्रमाणीकरणलाई प्रभावकारी बनाउने उपायहरू ....... भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा

# १. परिचय

## १.१ पृष्ठभूमि

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि), नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइफाड) को संयुक्त पहलमा सञ्चालित आयोजना हो । नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यान्वयन गरेको यो आयोजनाका लागि कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइफाड) ले आर्थिक सहयोग गरेको छ । गरिबी न्यूनीकरणका लागि दिगो विकास हासिल गर्न देशमा रोजगार केन्द्रित समतामूलक तथा समावेशी आर्थिक विकास गर्ने आयोजनाको रणनीतिक लक्ष्य छ । यस आयोजनाले कृषि (आपूर्ति श्रृङ्खला) र गैर कृषि क्षेत्रका ग्रामीण लघु, साना तथा मझौला उद्यम व्यवस्थित गर्दै ग्रामीण परिवार, आप्रबासी परिवार र वैदेशिक रोजगारबाट फर्केकाहरूलाई स्थायी आय स्रोत प्रदान गर्ने उद्देश्य राखेको छ । आयोजनाले प्रदेश नं. १, २ र ३ का १६ वटा जिल्लाका २०८ वटा गाउँपालिका तथा नगरपालिकाहरूमा रोड करिडोरको अवधारणाबाट पहाडी जिल्लाहरूलाई तराईका ठूलाठूला बजारसँग जोडने योजना बनाएको छ ।

यस आयोजनाले अख्तियार गरेको रणनीति तीनवटा अवधारणामा विभाजित छन्– १) आपूर्ति श्रृङ्खलामा आर्थिक अवसर, २) स्थानीय ग्रामीण लघु तथा साना व्यवसाय र, ३) सामाजिक समावेशीकरण रणनीतिसहितको मर्यादित रोजगारी । यसलाई थप समाबेशी बनाउन विशेष गरी विविध समूहका महिला, युवा, आप्रवासी तथा गैर आप्रवासी परिवारहरूको आवश्यकता र अपेक्षा पूरा गर्न एकीकृत अवधारणा तय गरिनेछ । आयोजनाका लाभग्राहीहरू कोरिडोर सम्भाव्यता अध्ययनपश्चात् पहिचान गरिएका र आयोजनाको सहयोग रहेका गाउँ/नगरपालिकाका बासिन्दा हुनेछन् । सम्भावित लाभग्राहीहरू स्वःछनौट र स्थापित योग्यताका मापदण्डको आधारमा आयोजनाका विभिन्न गतिविधिहरूमा सहभागी हुनेछन् । यसबाहेक उप-सम्भाग १.३ (मर्यादित रोजगारी) ले प्रदेश नं. १, २ र ३ को प्राथमिकतामा परेकाभन्दा अन्य गाउँ/नगरपालिकाबाट पनि मापदण्डमा परेका लाभग्राहीहरू छनौट गर्न सक्नेछ ।

हेल्भेटास नेपालको अगुवाइमा आयोजनाको उप-सम्भाग १.३ (मर्यादित रोजगारी) सञ्चालन हुनेछ र यो उप-सम्भागको नतिजा प्राप्तिका लागि समेत हेल्भेटास जवाफदेही हुनेछ । यस अन्तर्गत बिपन्न युवाहरूलाई गुणस्तरीय सीप प्रदान गरी स्थानीय स्तरमा सान्दर्भिक रोजगारी वा सीपमा आधारित व्यवसाय सञ्चालन गर्न सक्षम तुल्याइनेछ । यसले सीपयुक्त युवालाई मर्यादित कामको अवसर या सीपमा आधारित स्वरोजगारीमा स्थापित हुन सक्षम बनाउनेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरूले हेल्भेटास नेपालको प्रत्यक्ष सुपरीवेक्षणमा तालिम सञ्चालन तथा प्रशिक्षार्थीहरूको परिचालन गर्नेछन्, लक्षितवर्गको पहुँच बढाउनेछन्, साथै तालिमपछिको रोजगारीलाई सुनिश्चित गर्नका लागि पनि उत्तिकै जिम्मेवार हुनेछन् । यस उप-सम्भागले आर्थिक परिचालनका लागि प्राथमिकतामा परेका १०० गाउँ/नगरपालिकामा सञ्चालन हुने प्रमुख गतिविधिमार्फत् परिपूरकका रूपमा भूमिका निर्वाह गर्नेछ । जसले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका साथै औद्योगिक प्रशिक्षणका अवसरहरूका लागि इच्छुक र सम्भावित आवेदकहरूको जानकारी लिई तिनको पहिचान गर्न सहयोग गर्नेछ । नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूमार्फत् सेवा खरिद, सम्झौता तथा भुक्तानीका लागि आयोजना व्यवस्थापन कार्यालय कानूनी एवम् प्रशासनिकरूपमा जिम्मेवार हुनेछ । हेल्भेटास नेपालले यी कार्य गर्दा नेपाल सरकारले तोकेको खरिद प्रक्रियाको अवलम्बन गर्नमा सहयोग, नीति नियम पालना गर्न सल्लाह तथा त्यससम्बन्धी प्रमाण जुटाउनका लागि आवश्यक सहयोग गर्नेछ ।

सह-सम्भाग १.३ को कार्यान्वयन गर्दा नतिजामा आधारित भुक्तानी र बजारको मागमा आधारित तालिमको अवधारणाभित्र रहेर गरिनेछ । सेवा प्रदायक संस्थाहरूले नतिजामा आधारित भुक्तानी अवधारणालाई आत्मसात गर्दै प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिम सम्बन्धी सेवा सञ्चालन गर्नेछन् । यो सह-सम्भागअन्तर्गत दुई किसिमका संयन्त्रमार्फत् सीपमूलक तालिम उपलब्ध गराइनेछ :

(क) निजी क्षेत्रका तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरूले रोजगारी सहितको व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने, र

(ख) स्थानीय व्यवसायी/उद्योगीसँग मिलेर स्थानीय व्यवसाय/उद्योगको आवश्यकतालाई ध्यानमा राखी उनीहरूकै आयोजनमा १२ महिनाको रोजगारी सुनिश्चित भएको औद्योगिक सीप प्रशिक्षण (अप्रेन्टिशीप तालिम) सञ्चालन गर्ने ।

यो पुस्तिकाले औद्योगिक सीप प्रशिक्षण तालिमको बारेमा मात्रै चर्चा गरेको छ । व्यावसायिक तालिमका लागि छुट्टै कार्यान्वयन पुस्तिका जारी गरिएको छ ।

## १.२ पुस्तिकाको उद्देश्य

तालिम तथा रोजगार सेवा प्रदायक संस्थाले सुनिश्चित गर्ने गुणस्तर तथा सेवाले रोजगारी प्राप्तिको दर र तालिम पश्चात् रोजगारमा संलग्न युवाले प्राप्त गर्ने आयको स्तरमा प्रत्यक्षरूपमा जोडिएको हुन्छ । यसको अर्थ यो आयोजनासँग साझेदारीमा एप्रेन्टिशीप तालिम सञ्चालन गर्ने संस्था नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले तालिम पश्चात् युवाहरू सोही पेशामा आबद्ध रहेको प्रमाण पेश गरेर सम्झौता अनुसारको प्रोत्साहन सहितको तालिमको लागत मागदाबी गर्न पाउने हक राख्दछन् । तर यसरी मागदाबी गर्दा रोजगारीमा संलग्न भएका तालिमप्राप्त सहभागीले नेपाल सरकारले तोकेको न्यूनतम तलब/ज्याला नगदमा प्राप्त गरेको हुनुपर्दछ । बजारको मागमा आधारित गुणस्तरीय तालिमको माध्यमबाट मात्र सहभागीहरूले तोकिए अनुसारको तलब/ज्याला प्राप्त गर्न सक्दछन् । गुणस्तरीय तालिम र तालिम पश्चात्को रोजगारीको दर नै यस नतिजामा आधारित लगानी आवधारणाको मुख्य अधार हो । त्यसैले यो पुस्तिकाले यो क्षेत्रमा काम गर्ने संस्थालाई आयोजनाले तोकिएका सूचकहरूलाई आत्मसात गर्दै यो तालिम कार्यान्वयनका लागि मार्गनिर्देश गर्दछ । यो पुस्तिकाले आयोजना कार्यान्वयनमा संलग्न कर्मचारी र तालिम तथा रोजगार गतिविधिहरू कार्यान्वयन गर्ने जिम्मा लिएका संस्थाहरूलाई समृद्धि आयोजनाले तय गरेका प्रमुख लक्ष्य प्राप्तिका लागि निर्देश गर्नेछ ।

आयोजना मातहत सञ्चालित सार्वजनिक कोषलाई उचित र प्रभावकारी रूपमा उपयोगको सुनिश्चित गर्नका लागि यो पुस्तिका सफल हुने विश्वास लिइएको छ । यो पुस्तिकाले 'नतिजामा आधारित लगानी'लाई सुदृढ गर्ने उद्देश्य राखेको छ । आयोजनाले यसको दक्षता र प्रभावकारिता बढाउन निम्नानुसारको अपेक्षा गरेको छ –

- गुणस्तरीय तालिम सञ्चालन र तालिम सम्पन्न भएपछि सीपयुक्त प्रशिक्षार्थीहरूको रोजगारीको सुनिश्चित गर्न ।
- सञ्चालन गरिएका तालिमप्रति जवाफदेही (मर्यादित रोजगारी प्राप्त गर्ने अन्तिम लक्ष) हुन ।
- व्यवस्थापन प्रक्रियाहरूको सुधार (सञ्चालित गतिविधिबाट प्राप्त प्रतिक्रियाहरूसँगै पालना गर्नुपर्ने कुराहरूको स्तरीकरण) गर्न ।
- आधिकारिक सूचना तथा जानकारीको आदानप्रदान गर्न (पूर्व जानकारी र सूचना लिएर नै निर्णय लिइएका छन् र ती सही स्रोतबाट साथै सही समयमा आएका छन्) ।
- सम्झौता गरिएका तालिम तथा रोजगार सेवासम्बन्धी गतिविधिहरूले बाटो बिराउनु अघि वा असफलतातिर जानुअघि नै समयमै उचित निर्णय लिन ।

यो पुस्तिकाले नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयबाट प्राप्त सूचनालाई आधार बनाई आयोजनाका कर्मचारीहरूबाट हुने अनुगमनले आयोजना र यसका साझेदारहरूबीचको अन्तरसम्बन्धलाई कसिलो बनाउने प्रयत्न गरेको छ । किनभने आयोजनाले गर्ने अनुगमन पनि साझेदारहरूबाट प्राप्त सूचनाहरू (जस्तैः तालिम सञ्चालन पूर्वका तयारीहरू, तालिम सञ्चालन, र सो पश्चात्को आय र रोजगारीको नतिजा, अनुगमनपछि भएको प्रगति, गुणस्तर अभिवृद्धिका लागि गरिएका काम र त्यसबाट प्राप्त नतिजा आदि) मा नै निर्भर हुन्छ । यो पुस्तिकाले तालिम सञ्चालनका विभिन्न चरणका लागि आम प्रचलनमा रहेका मान्यताहरूको प्रयोग गर्न समेत सहजीकरण गर्नेछ ।

## १.३ एप्रेन्टिशीपको परिचय

औद्योगिक सीप प्रशिक्षण व्यावसायिक सीप विकास तथा तालिम प्रतिष्ठानले अपनाएको तालिमको एउटा विधि हो, जसमा प्रतिष्ठानबाट तालिम सम्पन्न गरेका सहभागीहरूको रोजगारी बृद्धि गर्ने उद्देश्यका साथ तालिम तथा रोजगार प्रदायक संस्थाहरूसँगको सहकार्यमा कार्यस्थलको सिकाइलाई औपचारिकता प्रदान गर्ने गरी गरिएको विधि हो । यस विधिमा प्राविधिक तालिम तथा रोजगार प्रदायक संस्थाहरू र दक्ष प्रशिक्षकको माध्यमबाट व्यवस्थित कार्यस्थलको सिकाइलाई जोड दिइएको हुन्छ । यस विधिको सिकाइलाई खास गरेर दुई भागमा बाँडेर हेर्न सकिन्छ । पहिलो तालिमको सुरुमा सहभागीहरूले एउटा निश्चित समयसम्म कक्षाकोठामा सम्बन्धित विषयको आधारभूत कुराहरू सिक्नेछन् भने दोस्रो, तालिमको बाँकि समयमा सहभागीहरूले काम गर्नुपर्ने उद्योगमा प्रयोगात्मक सिकाइ गरी उद्योगको आवश्यकता अनुसारको सीप सिक्नेछन् ।

अन्तराष्ट्रिय श्रम संगठनका अनुसार, "एप्रेन्टिशीप त्यस्तो प्रणाली हो जसमा रोजगारदाताले इच्छुक युवालाई सिकारु कामदारको रूपमा निश्चित अवधिको लागि नियुक्त गर्दछ र तालिम प्राप्त दक्ष सुपरिवेक्षकको निगरानीमा सम्बन्धित पेशाको सीप सिकाउँदछ" ।

आयोजनाको परिभाषा अनुसार, "एप्रेन्टिशीप तालिमको एउटा प्रारूप हो, जसमा अनुभवै नभएका वा थोरै अनुभव भएका युवाहरूले रोजगारदाता कम्पनीसँगै काम गरेर नयाँ सीप सिक्दछन् । यो सीप सिक्नका लागि रोजगारदाताले उसलाई निर्देशन गर्छ, अनुगमन गर्छ, मुल्याङ्कन गर्छ र सो वापत प्रशिक्षार्थीले कार्यशालामा आफ्नो समय दिइएको हुन्छ । एप्रेन्टिशीप एउटा कार्याशालाभित्र गरिने तालिम हो जुन कम्पनी अथवा उद्योगमा आवश्यक भएको सेक्टरमा हुने गर्दछ । एकातिर प्राइभेट सेक्टरका तालिम तथा रोजगार प्रदायक संस्थाहरूले विभिन्न सेक्टरका विभिन्न पेशामा सीप मुलक तालिम दिइरहेका छन् भने अर्कोतर्फ उद्योगहरूमा दक्ष कामदारको माग उच्च रहेको छ । यस तालिमले सीप नभएका प्रशिक्षार्थीको बजारको माग अनुरूपको विषयमा तालिमका साथसाथै दिर्घकालीन रोजगारीको पनि सुनिश्चित गर्दछ ।"

माथिका परिभाषाहरूबाट एप्रेन्टिशीप भन्नाले निम्नहरू कुरा बुझ्न सकिन्छ–

- यो कार्याशालामा आधारित तालिम हुनेछ । प्रशिक्षार्थीहरूलाई एउटा अनुभवी तथा दक्ष सुपेरीवेक्षक र मुख्य प्रशिक्षक (Roving Trainer) बाट निर्देशित हुन्छ ।
- बजारको माग अनुसारको पेशालाई मापदण्डभित्र स्थापना गर्दछ ।
- सीप नभएका व्यक्तिहरूप्रति लक्षित हुन्छ ।
- मुख्य उद्देश्य भनेको बजारमा आवश्यक जनशक्तिको अध्यन गर्नु र सीप नभएका व्यक्तिहरूलाई सीप हस्तान्तरण पश्चात् उद्योगभित्रै रोजगारमा स्थापना गराउनु ।

अन्तराष्ट्रिय बजारमा प्रचलनमा एप्रेन्टिशीप तालिमको अवधि २ वा २ वर्ष भन्दा बढी भएको पाइन्छ । नेपालको सर्न्दभमा यस्तो कुनै आधिकारीक समय तालिका भेटिँदैन तर CTEVT को एप्रेन्टिशीप तालिम निर्देशिकामा उल्लेख भए अनुसार यस प्रकारको तालिमको अवधि ३ वर्षसम्म हुने भनिएको छ । यस आयोजनको हकमा सीमित स्रोत र साधन, प्रशिक्षार्थीको संख्या, प्रशिक्षार्थी कामदारको माग आदिलाई मध्यनजर गर्दै एप्रेन्टिशीप तालिमको अवधि १ वर्ष निर्धारण गरिएको छ । त्यसैले यसलाई पूर्ण एप्रेन्टिशीप तालिम नभनेर एप्रेन्टिशीपतर्फ उन्मुख (leading to apprenticeship) भनिएको छ । १ वर्षको अवधिमा ६ महिना तालिम (१ महिना सैद्धान्तिक र ५ महिना प्रयोगात्मक) र ६ महिना रोजगारी गरी विभाजन गरिएको छ, जसमा सहभागीले सिकाइका साथसाथै आम्दानी पनि गर्नेछन् ।

यस परीक्षण तालिमबाट प्राप्त उपलब्धिको आधारमा यस तालिमको पाठ्यसामग्रीमा समय सीमा र पेशासँग सम्बन्धित नयाँ विषयहरू थप गरी तह-२ वा सो सरहको योग्यता हुने गरी पूर्णकालीन २ वर्षे औद्योगिक सीप प्रशिक्षण तालिमको लागि कृषि विकासका लागि अन्तारष्ट्रिय कोषसँग अनुरोध गर्न सकिनेछ । औद्योगिक सीप प्रशिक्षणका दुवै विधिहरूबाट प्राप्त उपलब्धी र सिकाइको मुल्याङ्कनबाट तालिमलाई फेरि पनि परीक्षणको रूपमा अर्को वर्ष पनि हेर्न सकिनेछ । तर यस आर्थिक वर्ष आ.व. २०१९/२०२० मा भने यस पुस्तिकामा उल्लेख भएको औद्योगिक सीप प्रशिक्षण उन्मुख तालिमलाई परीक्षरणको रूपमा सञ्चालन गरिने छ ।

## १.४ पुस्तिकाको प्रयोगकर्ता

हेल्भेटास नेपाल र यसका साझेदार संस्थाहरूमा कार्यरत अनुगमन अधिकृतहरू, फिल्ड कर्मचारीहरू र प्रशिक्षकहरू नै यो पुस्तिकाका प्रमुख प्रयोगकर्ता हुनेछन् । यसका साथै यस्तै प्रकृतिको काम गर्ने अन्य आयोजनाहरू/कार्यक्रमहरू एवम् सरोकारवालाहरूका लागि पनि यो पुस्तिका सन्दर्भ सामग्री हुनसक्छ । यसले उनीहरूलाई पनि सम्भावित असफलताबाट रोक्न सहयोग गर्छ । पुस्तिकाले आयोजनाले अभ्यास गर्दै आइरहेको अनलाइन डेटाबेस प्रणाली कार्यान्वयन गर्न सघाउने कर्मचारीहरूका लागि आवश्यक कुराहरू र डेटाबेस व्यवस्थापनलाई आयोजनाको आवश्यकता अनुसार बनाउनका लागि पनि मार्गनिर्देश गर्नेछ । यसका साथै पुस्तिकाले तालिम तथा रोजगार प्रदायक संस्थाहरू र हेल्भेटास नेपाल दुवैलाई फिल्डमा भएका गतिविधिहरू र तिनको गुणस्तर कायम गर्नका लागि गरिएका प्रयासहरूको समीक्षा गर्न पनि बढावा दिनेछ । यिनै कुराहरूलाई मध्यनजनर गर्दै सकेसम्म यस पुस्तिकालाई प्रयोगकर्ता अनुकूल र सरल बनाउने कोशिस गरिएको छ ।

# २. विस्तृत कार्य विवरण

## २.१ आयोजनाको उद्देश्य

मर्यादित रोजगारी उप-सम्भागको उद्देश्य विपन्न युवाहरूलाई स्थानीयस्तरमै रोजगार बन्न वा उद्यमी बन्नका लागि आवश्यक सीपका अवसर प्रदान गर्नु हो । यसले गर्दा युवाहरू स्थानीय स्तरमै मर्यादित रोजगारीका अवसर पाउन वा सीपमा आधारित उद्यम सफलतापूर्वक स्थापना तथा सञ्चालन गर्न सकून् । तालिम सञ्चालन र सहभागीहरूको परिचालन गर्ने काम नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूले हेल्भेटास नेपालको प्रत्यक्ष सुपरिवेक्षणमा गर्नेछन् । हेल्भेटास नेपाल लक्षित वर्गको यस उप-सम्भागसम्म पहुँच पुऱ्याउन र कार्य सम्पादन गर्नका लागि जिम्मेवार छ । यसबाहेक समृद्धि आयोजनाअन्तर्गत करिब १०० ओटा प्राथमिकतामा परेका गाउँ/नगरपालिकाहरूमा विशेष आर्थिक परिचालनका क्रियाकलापहरूसँगै सह  क्रियाकलाप (जस्तै- ग्रामीण लघु तथा साना उद्यम साथसाथै तालिम कार्यक्रममा आप्रवासन सेवासँग पनि तालमेल गरी तालिम कार्यक्रम) सञ्चालन गरिनेछ । आयोजनाका यस्ता पूरक क्रियाकलापबाट व्यावसायिक तालिममा इच्छुक आवेदकहरूको पहिचान हुनेछ र उनीहरूलाई उपयुक्त सूचना प्रदान गरी तालिमपश्चात्को सम्बन्ध निर्माण (जस्तै- रोजगार, उद्यम प्रवर्द्धन र वित्तीय सम्बन्ध) का लागि सहयोग पुग्नेछ ।

## २.२ औद्योगिक प्रशिक्षर्थी प्रशिक्षण तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य भनेको उद्योगहरूमा प्रशिक्षार्थी प्रशिक्षण तालिमको माध्यमबाट बेरोजगार युवाहरूलाई गुणस्तरीय सीपको माध्यमबाट मर्यादित रोजगारीको लागि सेवा प्रवाह गर्नु हो । यस तालिमको माध्यमबाट उद्योगको उत्पादकत्व वृद्धि हुनुका साथै वस्तुको गुणस्तरमा समेत वृद्धि गराउने भएकाले उद्योग सञ्चालकहरूले कम लागतमा उच्च प्रतिफल प्राप्त गर्न सक्तछन् । यसका साथै निम्नलिखित उद्देश्यहरू यस कार्यक्रमले राखेको छ ।

- आर्थिकरूपले विपन्न, सामाजिकरूपले पछाडि परेका समुदायका युवाहरू, आन्तरिक तथा बाह्य आप्रावासी र तिनका परिवारलाई बजारको माग अनुसारको सीप प्रदान गरी दिगो तथा मर्यादित रोजगारी सुनिश्चित गर्न सहयोग पुऱ्याउनु,
- तालिमका सहभागीहरूलाई व्यवस्थित तथा गुणस्तरीय सिकाइको माध्यमबाट सीप हस्तान्तरण गरी रोजगारमा सहभागी गराई राष्ट्रियस्तरको मान्यताप्राप्त प्रमाणपत्र प्रदान गरी उनीहरूको वृतिविकासमा सहयोग पुऱ्याउनु,
- आयोजना र सम्बन्धित उद्योगको संयुक्त लगानीमा उद्योगभित्र उद्योगको आवश्यकता अनुसारको दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुऱ्याउनु,
- उद्योगको आवश्यकता अनुसारको दक्ष जनशक्तिको आपूर्ति समयमा नै गर्ने भएकाले उद्योगभित्रको स्रोत र साधनको उच्चतम प्रयोग गर्दै लागतलाई न्यूनीकरण गर्न सहयोग गर्नु,
- देशभित्रका बेरोजगार युवाहरूलाई दिगो तथा मर्यादित रोजगारको माध्यमद्वारा देशभित्रै काम गर्ने वातावरण तयार गर्नु ।

## २.२ लक्षित भौगोलिक क्षेत्र

समृद्धि आयोजनाले कोशी/सगरमाथा र जनकपुर सडक करिडोर क्षेत्रमा पर्ने प्रदेश १, २ र ३ अन्तर्गतका १६ जिल्लाका २०८ गाउँ/नगरपालिका र प्राथमिकतामा परेका अन्य १०० गाउँ/नगरपालिकामा काम गर्दछ । लक्षित क्षेत्रलाई 'बजारको अवसर भएका मुख्य क्षेत्र' र 'सम्भावित आर्थिक अवसर भएका क्षेत्र'का रूपमा परिभाषित गरिएको छ । आयोजनाले गर्ने बजार अवसर सर्वेक्षण र हेल्भेटास नेपालले तयार गर्ने क्षेत्रगत तालिमका पेशाको विश्लेषणका आधारमा कति जनालाई तालिम दिने र कुनकुन विषयका तालिम दिने भन्ने तय गर्नेछ । तथापि, उप-सम्भाग १.३ का लागि प्रदेश नं. १ र २ अन्तर्गतका जिल्लाका कुनै पनि गाउँ/नगरपालिका र प्रदेश ३ को सिन्धुली जिल्लाका निश्चित गाउँ/नगरपालिकाका मापदण्डभित्र परेका लाभग्राहीहरू यस कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

तालिका : १ भौगोलिक क्षेत्र

| प्रदेश | जिल्लाहरू | कैफियत |
|---|---|---|
| १ | भोजपुर, ओखलढुङ्गा, खोटाङ, मोरङ, सुनसरी, धनकुटा, उदयपुर र तेह्रथुम (८) | विराटनगर–इटहरी–धरान औद्योगिक करीडोर |
| २ | सिराहा, सप्तरी, महोतरी, सर्लाही, धनुषा, रौतहट र बारा (७) | कलैया–वीरगन्ज–सिमरा–निजगढ–लाहान औद्योगिक करीडोर |
| ३ | सिन्धुली १ (प्राथमिकतामा परेका गाउँ/नगरपालिका मात्र) | कलैया–विरगन्ज–सिमरा–निजगढ–लाहान औद्योगिक करीडोर |

यो देखि बाहेक आयोजनाका कार्यक्षेत्रभित्र तर करीडोर भन्दा बाहिर तालिमको आवश्यकता देखिएको खण्डमा र मनासिव कारण सहित अन्यत्र ठाँउमा तालिम सञ्चालन गर्नुपरेमा आयोजनाले बाधा पुऱ्याउने छैन ।

## २.४ लक्षित लाभग्राही (समूह)

प्रदेश नं. १, २ र ३ का छनौटमा परेका जिल्ला गाउँ/नगरपालिकाभित्रका आर्थिकरूपमा विपन्न, सामाजिकरूपले विभेदमा परेका समुदाय, वैदेशिक रोजगारीबाट फर्किएकाहरू वा उनीहरूका परिवारका सदस्यहरू, जो व्यावसायिक सीपमूलक तालिमका लागि इच्छुक छन् र त्यसैलाई पेशा बनाएर निरन्तरता दिन चाहन्छन्, ती व्यक्तिहरू नै यस आयोजनाका लक्षित लाभग्राही हुनेछन् । यस उप-सम्भागले १८ देखि ४० वर्ष उमेर समूहका ६,००० युवालाई आफ्ना कार्यक्रममा लक्षित गरेको छ । तथापि यदि ४० वर्ष भन्दा माथिको कुनै व्यक्ति तालिम लिनका लागि योग्य ठानिएको हकमा करिब २५ प्रतिशत युवा ४० वर्षभन्दामाथि उमेर समूहका पनि हुन सक्नेछन् । तर ४० वर्षभन्दा बढी उमेरका सहभागीहरू छनौट गर्नुपर्ने भएमा तालिम तथा रोजगार प्रदायक संस्थाले समृद्धि आयोजना/हेल्भेटासको प्रादेशिक संयोजकबाट पूर्व स्वीकृति लिनुपर्नेछ । लक्षित कूल सङ्ख्याको कम्तिमा पनि ५० प्रतिशत चाँहि महिला सहभागी हुनेछन् । तालिममा सहभागी हुनेहरूको शैक्षिक योग्यताको कुनै पनि सीमा राखिएको छैन । तथापि नियमित विद्यार्थीका रूपमा विद्यालय/विश्वविद्यालयमा अध्ययन गरिरहेकाहरू यस तालिमका लागि योग्य मानिने छैनन् । नियमित विद्यार्थीलाई तालिममा सहभागिताका लागि अयोग्य मानिनुको कारण यो कार्यक्रमले गर्दा उनीहरूको अध्ययन नरोकियोस् र नियमित अध्ययनमा वाधा नपुगोस् भन्ने अभिप्राय हो ।

**लक्षित समूह र आधारभूत योग्यता**

- **उमेरः** १८-४० वर्ष (२५ प्रतिशत ४० वर्ष भन्दा माथिको हुन सक्ने)
- **शिक्षाः** कुनै पनि बन्देज नभएको (तर नियमित रूपमा विद्यालय गइरहेका विद्यार्थीका लागि होइन)
- **आर्थिक विपन्नताः** आर्थिकरूपमा विपन्न
- आप्रवासनमा गएका कामदारका परिवारका सदस्य
- जोखिममा रहेका समूह, महिला घरमूली भएका घरधुरीलाई प्राथमिकता दिइने
- **भौगोलिक क्षेत्रः** २०८ गाउँ/नगरपालिका, प्रदेश नं. १, २ र ३ (सिन्धुली जिल्लाका निश्चित गाउँ/नगरपालिका मात्र)
- **श्रेणीः** क, ख, ग र घ

हेल्भेटास नेपालले तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरूलाई अति विपन्न र विभेदमा परेका समूहका सहभागीहरूसम्म पुग्न विशेष प्रयास गर्नेछ । वास्तविक समुदायका युवा तालिमका लागि छनौट होउन् भन्नका लागि गाउँ/नगरपालिका कार्यालय र विभिन्न सामुदायिक संस्थाहरूसँग नियमित सहकार्य गरिनेछ । तालिममा आर्थिकरूपले विपन्न र सामाजिकरूपले विभेदमा परेका समूहका सहभागीहरूको पहुँच सुनिश्चित गर्न लक्षित समूहलाई निम्न चार श्रेणीमा वर्गीकरण गरिएको छ-

**तालिका २: लक्षित सहभागी श्रेणी र तिनको व्याख्या**

| श्रेणी | श्रेणी वर्गीकरण विवरण |
|---|---|
| **क** | भेदभावपूर्ण समूहका गरिब महिलाहरू (दलित, विधुवा, फरक क्षमता भएका, एचआइभी सङ्क्रमित, सडक बालिका, पूर्व कमैया, घरेलु हिंसा पीडित र यौन हिंसा पीडित वा यौन दुर्व्यवहारमा परेका) |
| **ख** | 'क' श्रेणीमा नपरेका आर्थिक हिसावले बिपन्न अन्य सबै जातजातीका महिलाहरू |
| **ग** | भेदभावपूर्ण समूहका गरिब पुरुषहरू (दलित, जनजाती, मधेसी फरक क्षमता भएका, एचआइभी सङ्क्रमित, सडक बालक, पूर्व कमैया |
| **घ** | 'ग' श्रेणीमा नपरेका आर्थिकरूपले विपन्न अन्य सबै जातजातीका पुरुषहरू |

माथि उल्लेख भएका बाहेक अन्य समूहका युवाहरूलाई तालिममा सहभागी गराउँदा आयोजना व्यवस्थापन कार्यालय वा हेल्भेटास नेपालको पूर्व स्वीकृति लिनुपर्नेछ । विभिन्न लक्षित समूहको छनौटका लागि मापदण्ड र उनीहरूको अवस्थाको प्रमाणीकरण तालिका ३ मा दिएअनुसार हुनेछ :

तालिका ३: विभेदमा परेका समूहको श्रेणी

| समूह | आवश्यक कागजातहरू |
|---|---|
| (क) फरक क्षमता भएका व्यक्तिहरू | नेपाल सरकार, महिला तथा बालबालिका विभागबाट (गत वर्षदेखि) फरक क्षमता भएका भनी जारी गरिएको प्रमाणपत्र अथवा जिल्ला प्रशासन कार्यलयले प्रमाणित गरिदिएको प्रमाणपत्र |
| (ख) एचआइभी सङ्क्रमित | आवेदकको गोपनीयता कायम राख्न आवेदक स्वयम्ले पेश गरेको रगत परीक्षण गरेको कागजात (नेपाल सरकारबाट मान्यता प्राप्त स्वेच्छिक परामर्श तथा परीक्षण केन्द्रको कागजात) वा अन्य जस्तै- एचआइभी/एड्स सङ्क्रमितका क्षेत्रमा काम गरिरहेका संस्थाको पत्र वा सो क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाले प्रमाणित गरेको कागजात |
| (ग) अनाथ र सडक बालबालिकाको रूपमा रहेका | साबिक गाँउ विकास समिति वा स्थानीय निकायले अनाथ हो भनी प्रमाणित गरिदिएको कागजात त्यसैगरी सडक बालबालिकाको हकमा प्रहरी कार्यालयले दिएको कागजात वा वडा कार्यालयले प्रमाणित गरिदिएको कागजात |
| (घ) पूर्व कमैयाहरू र तिनका परिवारका सदस्य | नेपाल सरकारद्वारा अति विपन्नलाई दिइएको रातो कार्ड (उपलब्ध भएमा), वा वडा कार्यालयले जारी गरेको सिफारिस पत्र वा सोही क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाले जारी गरेको सिफारिश पत्र |
| (ङ) घरेलु हिंसा तथा यौन दुर्व्यवहारबाट पीडित | यसै क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरूबाट सिफारिस भइआएका पत्र वा कुनै निकायमा न्यायका लागि पेश गरी दर्ता प्रमाणित निवेदन वा न्याय सम्पादन पछाडि प्राप्त भएको कागजपत्र |
| (च) विधुवा वा एकल महिला | नेपाल सरकार वा स्थानीय सरकारबाट जारी गरिएको प्रमाणपत्र वा नेपाल सरकारले उपलब्ध गराउँदै आएको सुविधा उपभोग गरेको प्रमाणपत्र |

# ३. तालिम सञ्चालन प्रक्रिया

यो पुस्तिकाले औद्योगिक सीप प्रशिक्षण (एप्रेन्टिशीप मोडल २) तालिमको तालिम सञ्चालन प्रक्रियाको बारेमा व्याख्या गर्दछ ।

## ३.१ तालिम सञ्चालन विधि

बजारमा विद्यमान रहेका तालिम सञ्चालन गर्दै आइरहेका तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरूले उपलब्ध गराइरहेको तालिमबाट उद्योगहरूलाई चाहिएको सीप अनुसारको जनशक्तिको आवश्यकता पूरा हुन सकिरहेको छैन । यस सन्दर्भमा औद्योगिक प्रशिक्षार्थी तालिमको अवधारणा अगाडि ल्याएको हो । यस तालिम विधिमा सहभागीहरूले उद्योगभित्रै उद्योगको वातावरणमा घुलमिल हुँदै सीप सिक्नुका साथै उद्योगले पनि आफ्नो आवश्यकता अनुसारको दक्ष जनशक्तिको उत्पादन गर्न सक्षम हुनेछन् । तथापि उद्योगभित्र सीप सिकाउँदा सैद्धान्तिक ज्ञान, जीवन उपयोगी सीप तथा सामाजिक शिक्षाको अभावमा सहभागीहरू बजारमा प्रतिस्पर्धा गर्नसक्ने र व्यावसायिक नहुन सक्छन् । त्यसैले यस औद्योगिक प्रशिक्षार्थी प्रशिक्षण तालिमको माध्यमबाट सहभागीहरूलाई दुबै सैद्धान्तिक तथा व्यावहारिक ज्ञानका साथै अन्य जीवन उपयोगी सीप हस्तान्तरण गरी सहभागीहरूलाई दक्ष तथा व्यावसायिक बनाइने छ । यसै सन्दर्भमा प्राविधिक शिक्षा तथा व्यावासायिक तालिम परिषद्ले परियोजनाको साझेदारीमा अन्तराष्ट्रिय अभ्यास र मापदण्डलाई आधार मानी २ बर्षे एप्रेन्टिशीप तालिम सञ्चालन निर्देशिका तयार पारेको छ ।

यस मोडल अर्न्तगत, उद्योगका लागि चाहिने मानव संसाधन विकासका लागि आफ्नै संस्थागत व्यवस्थापन तथा योजना भएका उद्योगहरू यस कार्यक्रमका साझेदारका रूपमा छनौट हुनेछन् र त्यस्ता उद्योगहरूमा वार्षिकरूपमा ठूलो संख्यामा कर्मचारीहरूको आवश्यकता पर्ने गर्दछ । यस कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि तालिम सञ्चालन गर्ने संस्था नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश कार्यालय, रोजगारी दिने उद्योग र सहभागीकाबीच एउटा त्रिपक्षीय सम्झौता गरिनेछ ।

यस तालिमबाट, नेपाल सरकारद्वारा मान्यता प्राप्त तह १ वा सो सरहको दक्ष जनशक्ति तयार हुनेछ । यस तालिमको जम्मा अवधि ६ महिनाको हुनेछ, जसमा प्रशिक्षार्थीले १ महिना केही प्रयोगात्मक कक्षा सहित बढी सैद्धान्तिक ज्ञान सिक्नेछन् र बाँकि ५ महिना उद्योगको आवश्यकत्ता अनुसारको काममा सरिक भई आवश्यक सीप आर्जन गर्नेछन् । जम्मा महिनाको तालिम पश्चात् उद्योगले सहभागीहरूलाई सोही उद्योगमा सोही पेशामा दक्ष कामदारको रूपमा नियुक्त गर्नेछ । तालिमको दौरानमा प्रत्येक दुई महिनामा सहभागीहरूलाई पुनः कक्षाकोठामा राखी तालिमको उद्देश्य र सहभागीको आशा अनुरूप भए नभएको बारेमा छलफल गरिनेछ । छलफलबाट निस्किएका परिणाम अनुसार तालिममा सुधार वा थप गर्नु पर्ने भएमा सोही अनुसार गरिने छ । छ महिनाको तालिम पश्चात् सम्बन्धित उद्योगमा रोभिङ प्रशिक्षक र नेपाल उद्योग बाणिज्य महासंघको प्रदेश कार्यालयका प्रतिनिधिको सहयोगमा सहभागीहरूको सीप मुल्याङ्कन गरिनुका साथै सोही समयमा पाठ्यक्रम उपलब्ध भएका बिषयमा उद्योगहरूले राष्ट्रिय सीप परीक्षण समितिबाट लिइने सीप परीक्षा पनि सञ्चालन गर्नुपर्दछ । जुन बिषयको पाठ्यक्रम हुँदैन त्यस्ता बिषयका सहभागीहरूलाई उद्योग प्रतिनिधि, प्रशिक्षक र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका प्रतिनिधिका सदस्यहरूबाट सीप परीक्षण परीक्षाका माध्यमबाट प्रमाणपत्र प्रदान गर्नुपर्दछ । प्राविधिक सहयोगी भएको हैसियतले हेल्भेटास नेपालले यो सम्पूर्ण प्रक्रियाको सहजीकरण गर्नेछ ।

नक्सा १ : तालिम सञ्चालन विधिको छोटकरी जानकारी




## ३.२ सेवा खरिद तथा साझेदारहरू

यो कार्यक्रम सञ्चालन गर्नको लागि समृद्धि आयोजनाको सेवा खरिद सम्झौता निर्देशिकालाई आधार मानी सेवाको खरिद गरिने छ । यो कार्यक्रमको हकमा सार्वजनिक खरिद ऐन अर्न्तगत एकल स्रोत खरिद प्रक्रिया अवलम्बन गरी नेपाल उद्योग वाणिज्य माहासंघ प्रादेशिक कार्यालय (१ र २) बाट औद्योगिक प्रशिक्षार्थी तालिम मोडल-२ को सञ्चालनको लागि सेवा खरिद गरिने छ । यसका लागि आयोजना व्यवस्थापन कार्यालयले वार्षिकरूपमा आशयपत्रको आह्वान गर्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र सदस्य उद्योगहरूका लागि सन्दर्भ शर्तहरू (TOR) मा तोकिएका न्यूनतम मापदण्डका लागि आवश्यक मूल्याङ्कन गरिनुका साथै कार्यक्रमको लागतको लागि सम्बन्धित पक्षसँगको आपसी छलफलबाट सम्झौता गर्नुपूर्व नै तय गरिनेछ ।

## ३.३ पेशा छनौट तथा प्रशिक्षार्थीको संख्या

उपयुक्त पेशा र प्रशिक्षार्थीको संख्याको लागि मागमा आधारित विधिको प्रयोग गरिनेछ । विषयको हकमा समृद्धि आयोजनाले तय गरेअनुसार हुनेछ भने तालिम सञ्चालन गर्ने विषय र सहभागी संख्याको हकमा प्राविधिक प्रस्ताव तयार गरेको उद्योगको माग, तालिम सञ्चालनका लागि चाहिने तालिम हल, औजार तथा उपकरण, कारिगर प्रशिक्षकको उपलब्धता र सम्भावित रोजगारीको सम्भावनाका आधारमा नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले तय गरे अनुसार हुनेछ ।

## ३.४ प्रशिक्षार्थीको छनौट

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र आयोजना व्यवस्थापन कार्यालय, समृद्धिका बीचमा तालिम कार्यान्वयनका लागि सम्झौता भइसकेपछि तीन सदस्य छनौट समितिको चयन गरिनेछ, जसमा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, सम्बन्धित उद्योग प्रतिनिधि र रोभिङ वा मुख्य प्रशिक्षक रहनेछन् । सहभागी छनौट प्रक्रियामा हेल्भेटास नेपालका प्रतिनिधिले छनौट प्रक्रियाको अनुगमन तथा सहजीकरण गर्नेछन् । छनौट समिति कार्यक्रम सञ्चालन तथा अनुगमन पुस्तिकाको निर्देशन अनुसार सहभागीको छनौट गर्नेछ ।

## ३.५ प्रशिक्षार्थीसँगको सम्झौता

तालिम सुरु हुनुपूर्व तालिमका लागि छनौट भएका सहभागीहरूसँग तालिम सञ्चालन हुने उद्योग र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय सहितको त्रिपक्षीय सम्झौता हुनेछ, जसमा हेल्भेटास नेपालका प्रतिनिधि साक्षीका रूपमा बस्न सक्नेछन् । सम्झौता पत्रमा सबै पक्षको भूमिका र जिम्मेवारीको व्याख्या गरिएको हुन्छ, जुन सबै पक्षले पूर्णरूपले पालना गर्नुपर्नेछ ।

## ३.६ संस्थागत तथा कार्यान्वयनका प्रावधानहरू

समृद्धि आयोजनाको सम्भाग-१ को सह-सम्भाग १.३ को कार्यान्वयन तथा अनुगमनका लागि हेल्भेटास नेपाल मुख्य साझेदार संस्था हो । हेल्भेटास नेपालको प्राविधिक सहयोगमा 'समृद्धि' आयोजना व्यवस्थापन कार्यालयले सेवाको खरिद गर्नेछ । आयोजना व्यवस्थापन कार्यालय र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको द्विपक्षीय सम्झौता बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय १ र २ सेवा प्रदायक संस्था भएकाले यो कार्यक्रमको कार्यान्वयनको पूर्ण जिम्मेवारी सेवा प्रदायक संस्थाको हुनेछ । साथसाथै तालिम प्राप्त सहभागीहरूलाई प्रमाणपत्र दिने, राष्ट्रिय सीप परीक्षण समितिद्वारा लिइने परीक्षा गराउनु र तालिमप्राप्त सहभागीहरूलाई तालिम लिइएको पेशा अनुसार रोजगारीमा आवद्ध गराउने जिम्मेवारी पनि सेवा प्रदायक संस्थाको हुनेछ ।

तालिमलाई गुणस्तरीय र प्रभावकारी बनाउन अनुगमनको महत्वपूर्ण भूमिका हुने भएकाले अनुगमनको पहिलो जिम्मेवार संस्था सेवा प्रदायक संस्था याने कि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय हुनेछ । त्यसको अलावा औद्योगिक प्रशिक्षार्थी प्रशिक्षण तालिमको अनुगमन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी हेल्भेटास नेपालको हुनेछ । तालिमको गुणस्तरीयताको लागि हेल्भेटास नेपालले सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि संस्थाका कर्मचारीहरूलाई अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र डाटावेस सञ्चालन सम्वन्धी तालिमको आयोजना गर्नेछ । द्विपक्षीय सम्झौतामा उल्लेख भए अनुसार हेल्भेटास नेपालले गर्ने अनुगमनको प्रत्यक्ष्य सम्बन्ध नतिजामा आधारित भुक्तानी प्रणालीसँग हुनेछ । तालिम सञ्चालन कार्यतालिका अनुसूची १ मा उल्लेख गरिएको छ ।

## ३.७ समन्वय र सहकार्य संयन्त्रहरू

आयोजना व्यवस्थापन कार्यालय 'समृद्धि' र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको सम्झौता पश्चात् यो कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र साझेदार उद्योगको हुनेछ । कार्यक्रमको प्रभावकारी सञ्चालनको लागि सेवा प्रदायक संस्थाले कार्यक्रम लागू भएका जिल्लाभित्रका पालिकाहरूले सञ्चालन गर्ने नियमित बैठकमा उपस्थित भई कार्यक्रम सञ्चालन गर्ने तौरतरिका र कार्यमा भइरहेको प्रगतिको बारेमा जानकारी गराउनु पर्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले हेल्भेटास नेपालको प्रदेश संयोजक वा कार्यक्रम अधिकृतसँगको सहकार्यमा यस तालिम तथा रोजगारीलाई सञ्चालन गर्न सहयोग गर्ने अन्य सरोकारवालाहरूको खोजी गर्न सक्नेछ ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले अन्य संघ संस्थाहरू (उद्योग संघ, उद्योग वाणिज्य संघ, वाणिज्य संघ) का साथ साथै समृद्धि आयोजनाको अन्य विषयगत क्षेत्रसँग पनि समन्वय गरेर सबै सरोकारवालाहरूसँगको सम्बन्ध सुमधुर राख्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कार्यक्रमको प्रभावकारिताका लागि स्थानीय पालिकाबाट कार्यक्रमको नियमित अनुगमन गराउन सहकार्य गर्नुपर्ने छ । निरन्तररूपमा गरिने समन्वय तथा सहकार्यको माध्यमबाट स्थानीय निकायले पनि कार्यक्रमको अपनत्व गर्नेछ ।

प्रदेश तथा जिल्ला तहमा सरकारी तथा गैह्र सरकारी निकायहरूसँगको समन्वय तथा सहकार्यका लागि समृद्धि हेल्भेटासको प्रदेश टिम जिम्मेवार हुनेछ । यसका लागि प्रदेश संयोजक वा कार्यक्रम अधिकृत मुख्यरूपमा जिम्मेवार रहने छन् । आवश्यकता अनुसार नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले यसको लागि समन्वयकारीको भूमिका निभाउन सक्नेछ । साथै समृद्धि हेल्भेटासको प्रदेश टिमले सम्बन्धित नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र उद्योगहरूसँग नियमित सञ्चार तथा समन्वयका लागि जिम्मेवार हुनेछ । केन्द्रीयस्तरका सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूसँगको सञ्चार तथा समन्वयका लागि समृद्धि हेल्भेटासको केन्द्रीय टिम जिम्मेवार हुनेछ ।

# ४. सरोकारवालाहरूको जिम्मेवारी तथा भूमिका

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना 'समृद्धि' व्यवस्थापन कार्यालय, हेल्भेटास नेपाल, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश १ र २, कार्यक्रमसँग आवद्ध भएका उद्योगहरू र औद्यौगिक पशिक्षार्थीहरू यस कार्यक्रमका मुख्य सरोकारवालाहरू हुन । सरोकारवालाहरूको जिम्मेवारी र भूमिका तल उल्लेख गरे बमोजिम हुनेछ ।

## ४.१ नेपाल उद्योग वाणिज्य महासंघको मुख्य जिम्मवारीहरू

- नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले हेल्भेटास नेपालको सहयोगमा तालिमको कार्यान्वयन गर्न इच्छुक साझेदार उद्योगहरूको चयन गर्ने । यस्ता उद्योगहरूको चयन गर्दा पहिला सम्भावित उद्योगहरूसँग छलफल गरेर उनीहरू लागत साझेदारीमा काम गर्नसक्ने वा नसक्ने भनी निर्क्योल गर्ने ।
- आयोजनाले आह्वान गरेको सूचना, निर्देशिकाको आधारमा आशयपत्र तयार गरी आयोजना व्यवस्थापन कार्यालयमा बुझाउने र छनौट प्रक्रियाबाट छनौट भइसकेपछि कार्यक्रम कार्यान्वयनका लागि आयोजना व्यवस्थापन कार्यलयसँग सम्झौता गर्ने । सम्झौता गर्नुपूर्व संघीय उद्योग वाणिज्य महासंघबाट पूरा गर्नुपर्ने सबै आन्तरिक प्रक्रियाहरू पूरा गर्ने ।
- लक्षितवर्गका सहभागीको छनौटको सुनिश्चित गर्नुकासाथै तालिम सञ्चालनका लागि चाहिने आवश्यक सामग्री तालिम पुस्तिकामा उल्लेख गरेबमोजिम तालिम सञ्चालन गर्ने र उद्योगमा प्रतिस्थापन गर्ने ।
- तालिम कार्यान्यवन तथा अनुगमन निर्देशिका अनुसार तालिमको पहिलो महिना सैद्धान्तिक र बाँकी ५ महिना प्रयोगात्मक कक्षा सन्तुलित रूपमा भए नभएको एकिन गर्ने र नभएको भए निर्देशिका अनुरूप कक्षा सञ्चालन गर्न सहयोग गर्ने ।
- तालिमको गुणस्तर र प्रशिक्षार्थीहरूको रोजगारीको सुनिश्चितताको लागि उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले यस कार्यक्रममा सहभागी भएका सदस्य उद्योगहरूको सहयोगका लागि एउटा विश्वासनीय संयन्त्रको स्थापना गर्ने । जुन संयन्त्रको माध्यमबाट प्रशिक्षित सहभागीहरूले सजिलैसँग रोजगार पाउनुको साथै नेपाल सरकारले तोकेको पारिश्रमिकको सुनिश्चित गर्ने ।
- तालिमलाई प्रभावकारी सञ्चालनको लागि कार्यक्रममा आबद्ध भएका उद्योगहरूलाई सहभागी छनौट गर्न, उनीहरूको क्षमता अभिवृद्धि गर्न, उनीहरूलाई परिचालन गर्न, समयसमयमा बुझाउनु पर्ने प्रतिवेदन बुझाउन, प्रशिक्षकहरूको भुक्तानी गर्न सहजीकरण गर्ने ।
- तालिमको न्यूनतम मापदण्ड प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम र राष्ट्रिय सीप परीक्षण समितिद्वारा तय गरिएको राष्ट्रिय व्यावसायिक सीप मापदण्ड अनुसारको हुनुपर्नेछ । यदि कुनै व्यावसायिक पेशाको पाठ्यक्रम उपलब्ध नभएमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले वैकल्पिक माध्यमबाट सहभागीहरूको सीप परीक्षण गराई सबै उद्योगहरूबाट एकै किसिमको प्रमाणपत्र उपलब्ध गराउने ।
- आयोजना व्यवस्थापन कार्यालय 'समृद्धि' र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको द्विपक्षीय सम्झौतामा भएको व्यवस्था अनुसार सम्पर्क व्यक्ति (focal person) को नियुक्ति गरेर परिचालन गर्ने ।
- नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय, तालिम सञ्चालन तथा रोजगार प्रदायक उद्योग र छनौट भएका सहभागी बीचमा न्यूनतम योग्यता सहितको त्रिपक्षीय सम्झौताको सुनिश्चित गर्ने ।
- तालिम सञ्चालनका लागि आबद्ध उद्योगहरूलाई सार्वजनिकरूपमा विज्ञापन गर्न, निवेदन सङ्कलन गर्न, सहभागीहरूको छनौट गर्न, योग्य प्रशिक्षकहरूको नियुक्ति गर्न सहजीकरण गर्ने । द्विपक्षीय सम्झौता बमोजिम लक्षित समूहको सुनिश्चित गर्ने (५० प्रतिशत महिला र ६० प्रतिशत पछाडि परेको समूह) ।
- गुनासो तथा समस्या समाधान संयन्त्रको विकास गर्ने र कार्यक्रम सञ्चालनको समयमा साझेदार संस्थाहरू बीचमा समस्याहरू उत्पन्न भएमा समाधानको लागि पहल गर्ने ।
- तालिम प्रभावकारी सञ्चालनको लागि आवश्यकता अनुसार स्थानीय तह र अन्य स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय, सञ्चार तथा दिगो सम्बन्ध स्थापना तथा निरन्तरताको सुनिश्चित गर्ने ।
- सम्झौतामा उल्लेख भएअनुसार संलग्न गर्नुपर्ने प्रतिवेदनहरू समयमै सम्बन्धित आधिकारिक निकायमा बुझाउने ।

## ४.२ सदस्य उद्योगहरूको मुख्य जिम्मेवारी

- आयोजना व्यवस्थापन कार्यालय र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको द्विपक्षीय सम्झौता अनुसार लागत साझेदारीमा औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनको लागि आवश्यक तयारीको सुनिश्चित गर्ने ।
- नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा तालिमपूर्व तालिम सञ्चालनका लागि गर्नुपर्ने निम्न कार्यहरू गर्ने–
  (क) तालिमका लागि सार्वजनिक सूचना आह्वान गर्ने,
  (ख) आवेदनहरूको सङ्कलन तथा छोटो सूची तयार पार्ने,
  (ग) सहभागीहरूको छनौट गर्ने,
  (घ) तालिमका लागि चाहिने योग्य प्रशिक्षकहरूको नियुक्ति गर्ने ।
- तालिम सञ्चालनका लागि आवश्यक पर्ने औजार तथा उपकरण सहितको कक्षाकोठा तथा कार्यशालाको व्यवस्थापन गर्नुकासाथै कार्यगत स्वास्थ्य सुरक्षाको पनि सुनिश्चित गर्ने ।
- द्विपक्षीय सम्झौता अनुसार तालिम सचालनका लागि आवश्यक पर्ने प्रशिक्षकहरूको छनौट, क्षमता अभिवृद्धि तिनीहरूको परिचालन, रिपोर्टिङ र उनीहरूको भुक्तानीको सुनिश्चित गर्ने ।
- तालिम पश्चात् सहभागीहरूको न्यूनतम ६ महिनाको मर्यादित रोजगारको सुनिश्चित गर्ने ।
- तालिमका लागि आवश्यक पर्ने पाठ्यसामग्रीहरू जस्तै- पाठ्यक्रम, निर्देशिका आदिको विकास तथा समयसापेक्ष बनाउन नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयलाई आवश्यक सहयोग गर्ने ।
- नेपाल उद्योग वाणिज्य महासंघ र सहभागीसँग भएको त्रिपक्षीय सम्झौताको पूर्णरूपले पालना गर्ने ।
- यस म्यानुयलमा व्यवस्था भए बमोजिम तालिमका दौरानमा सहभागीहरूको नियमितरूपमा कार्य सम्पादन मूल्याङ्कन गर्ने र समय-समयमा सिकाइका विषयमा छलफलका लागि सहजीकरण गर्ने ।
- हेल्भेटास नेपाल तथा अन्य सरोकारवालहरूबाट समयसमयमा हुनसक्ने अनुगमन तथा मूल्याङ्कन कार्यलाई सहयोग पुऱ्याउने ।

## ४.३ समृद्धि व्यवस्थापन कार्यालयको जिम्मेवारी

- सम्बन्धित सरोकारवाला (नेपाल उद्योग वाणिज्य महासंघ) सँग सेवा खरिदको लागि सम्झौता गर्ने ।
- तालिमको गुणस्तर तथा रोजगारीको सुनिश्चित गर्नका लागि बेलाबेलामा कार्यक्रम सञ्चालन भएको उद्योगहरूमा स्थलगत भ्रमण गर्ने र सम्बन्धित उद्योग प्रतिनिधिहरूसँग कार्यक्रमका बारेमा छलफल गर्ने ।
- हेल्भेटास नेपालबाट प्राप्त प्रमाणीकरण प्रतिवेदन तथा सिफारिसका आधारमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयलाई भुक्तनी गर्ने ।
- अन्तर समभागसँगको सहकार्यको लागि आवश्यक सहयोग तथा सल्लाह प्रदान गर्ने ।
- प्रदेश सरकार वा स्थानीय सरकार र सरकारी निकायहरूसँगको सहकार्य तथा अन्तरसम्वादको लागि संयन्त्रको स्थापना गर्ने र सञ्चालनमा ल्याउने ।
- आयोजनको लक्ष्य अनुसारको उपलब्धी हासिल गर्न तालिम सञ्चालन गर्ने सेवा प्रदायक संस्था नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयलाई आवश्यकता अनुसार सल्लाह र पृष्ठपोषण दिने ।

## ४.४ हेल्भेटास नेपालको मुख्य जिम्मेवारी

- आयोजना व्यवस्थापन कार्यालयलाई सेवा खरिद तथा सम्झौताको लागि सहयोग गर्ने ।
- कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका कर्मचारीहरूलाई अनुगमन तथा मुल्याङ्कन, डाटावेस व्यवस्थापन तथा सञ्चालन र प्रतिवेदनका लागि आवश्यक्ता अनुसार कार्यक्रम सम्बन्धी, तालिम, अभिमुखीकरण कार्यक्रम तथा गोष्ठी सञ्चालन गर्ने ।

- नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र सदस्य उद्योग मार्फत् कार्यान्वयन गरिएका तालिमहरूको नियमित अनुगमन गर्ने र तालिम पश्चात् सहभागीहरूको रोजगार तथा आम्दानीको प्रमाणीकरण गर्ने ।
- नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयबाट समय-समयमा प्राप्त गर्नुपर्ने प्रगति प्रतिवेदनहरू प्राप्त भए नभएको सुनिश्चित गर्नुका साथै कार्यक्रमको अनुगमन गरी भुक्तानीका लागि सिफारिस गरी पठाउने ।
- अनलाइन डेटाबेस प्रणालीमा समय-समयमा गरिएका परिमार्जनबारे समयमै जानकारी तथा आवश्यकता अनुसार नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका डेटाबेस चलाउने कर्मचारीहरूलाई सहजीकरण गर्ने ।
- सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्यमा तालिम पाठ्यक्रम, पुस्तिका र अन्य सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको विकास तथा परिमार्जन गर्ने ।
- तालिम सञ्चालन गर्ने उद्योगहरूका प्रशिक्षकहरू (रोभिङ, कारीगर र मुख्य प्रशिक्षक) को क्षमता अभिवृद्धिका लागि लागत साझेदारीमा क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।
- कार्यक्रमको प्रभावकारी सञ्चालन तथा प्रभावका लागि समृद्धि आयोजना व्यवस्थापन कार्यालयसँग निरन्तर समन्वय र विषयगत विज्ञहरूसँग सहकार्य गर्ने ।
- आवश्यकता अनुसार दातृ निकाय, केन्द्र, प्रदेश, जिल्ला र गाउँ/नगरपालिकाका सरोकारवालाहरूसँगको समन्वयका लागि सहजीकरण गर्ने ।

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि समृद्धि आयोजना व्यवस्थापन कार्यालय र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइफाड) बीचको निकट समन्वय खोजिनेछ । आयोजना सञ्चालन भइरहेका जिल्लाका जिल्ला तथा गाउँ/नगरपालिका तहका पदाधिकारी साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको समन्वयबाट अझ प्रभावकारी नतिजाका लागि सहकार्यको प्रयास गरिनेछ । सीपयुक्त प्रशिक्षार्थीहरूको सुदृढ सम्बन्ध बनाउन समृद्धि आयोजना अन्तर्गत सहकार्य गरिएका उद्यमी, व्यवसायी, उद्योग वाणिज्य संघ, वित्तीय संस्थासँगको समन्वयका लागि सहजीकरण गरिनेछ ।

साझेदार संस्थाका प्रशिक्षकहरूको क्षमता अभिवृद्धि तथा सशक्तिकरणका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) सँग सहकार्य गरिनेछ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदअन्तर्गतको राष्ट्रिय सीप परीक्षण समिति (NSTB) मार्फत् आयोजनाले सीपयुक्त तुल्याएका प्रशिक्षार्थीको सीप परीक्षण गरिनेछ । यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत रहेको पाठ्यक्रम विभागसँग सहकार्य गरी तालिम पाठ्यक्रमहरू र पुस्तिकाहरूको परिमार्जन तथा अद्यावधिक गर्ने काम गरिनेछ ।

# ५. सेवा खरिद र वित्तीय ढाँचा

## ५.१ सेवा खरिद

समृद्धि, आयोजना व्यवस्थापन कार्यालयले एकल स्रोत खरिद प्रणाली अर्न्तगत नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरू सम्बन्धित प्रदेशका एकल संस्था भएकाले प्रदेश १ र २ का नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयबाट नै सेवाको खरिद गर्नेछ । एकल स्रोतबाट सेवा खरिद गरेता पनि समृद्धि आयोजनाले माग गर्ने प्राविधिक तथा वित्तीय प्रस्ताव भने नेपाल उद्योग वाणिज्य महासंघले पेश गर्नुपर्नेछ । TOR मा उल्लेख भएअनुसार नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र संलग्न उद्योगहरूको न्यूनतम मापदण्ड पूरा भएको या नभएको एकिन गर्न प्राप्त प्राविधिक प्रस्तावनाको मूल्याङ्कन गरिनेछ र प्रस्ताव गरेको लागतमा सेवा कार्यान्वयनका लागि सम्झौता गर्नुपूर्व दुईपक्ष बीचको आपसी सम्झादरीमा तय गरिनेछ ।

यस आयोजनाले नतिजामा आधारित भुक्तानी प्रणालीलाई अवलम्बन गरेको छ । यो कार्यक्रमको कार्यान्वयन उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव गरेका उद्योगहरूसँगको लागत साझेदारीमा गर्ने लक्ष्य राखेकोछ । लागत साझेदारीका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले समृद्धि आयोजनामा बुझाउनका लागि तयार पारेको प्राविधिक प्रस्तावनाका बेला सम्बन्धित उद्योगसँग भएको सहमति अनुसारका शीर्षकहरूमा हुनेछ ।

## ५.२ लागत शीर्षकहरू

लागत मापदण्डभित्र सीपमूलक तालिम र रोजगारी सेवा पदर्छन् । जो परियोजनले खरिद गर्ने मुख्य सेवा हो । तालिम र रोजगारीका लागि तल दिइएका आठओटा मुख्य लागत शीर्षकहरू पर्दछन्-

१. **तालिम हुनुपूर्व लाग्ने खर्चः** तालिमका लागि सार्वजनिक सूचना आह्वान गर्न, प्रशिक्षार्थी छनौट गर्न, तालिमका ढाँचाबारे अभिमुखीकरण सञ्चालन गर्न लाग्ने खर्च आदि ।

२. **औजार र स-साना उपकरणः** उपकरण प्रयोग गरे बापत भाडा खर्च (वा आफ्नै औजारको ह्रासकट्टी), नयाँ औजारको खरिदलाई यस खर्च शीर्षकमा समेटिएको छैन ।

३. **प्रशिक्षकको खर्चः** यस खर्च शीर्षकमा मुख्य, सहायक, रोभिङ र कारीगर प्रशिक्षक गरी चारजना प्रशिक्षकहरूको पारिश्रमिक खर्चलाई समेटिएको छ ।

**मुख्य प्रशिक्षकः** यस तालिमको अवधारणा अनुसार २० जना औद्योगिक प्रशिक्षार्थीका लागि एकजना मुख्य प्रशिक्षकको एकमहिनाको पारिश्रामिकलाई राखिएको छ । यसरी व्यवस्थापन गरेको मुख्य प्रशिक्षक पछिल्लो ५ महिना रोभिङ प्रशिक्षकको रूपमा काम गर्न सक्नेछ ।

**सहायक प्रशिक्षकः** तालिमको पहिलो महिना सैद्धान्तिक कक्षाको लागि २० जना औद्योगिक प्रशिक्षार्थीका लागि एकजना सहायक प्रशिक्षकको एकमहिनाको पारिश्रामिक खर्च । यसरी व्यवस्थापन गरेको सहायक प्रशिक्षक पछिल्लो ५ महिना कारीगरको रूपमा काम गर्न सक्नेछ ।

**रोभिङ प्रशिक्षकः** यस निर्देशिकामा व्यवस्था भए अनुसार १०० जना औद्योगिक प्रशिक्षार्थीहरू (५ वटा समूह) का लागि एकजना रोभिङ प्रशिक्षकको ५ महिनाको पारिश्रामिक राखिएको छ । सैद्धान्तिक कक्षाको लागि व्यवस्थापन गरेको मुख्य प्रशिक्षकले पनि रोभिङ प्रशिक्षकको रूपमा काम गर्न सक्नेछ ।

**कारीगरः** तालिममा २० जना औद्योगिक प्रशिक्षार्थीहरू (१ वटा समूह) का लागि १ जना कारीगरलाई ५ महिनाको पारिश्रामिक राखिएको छ । सैद्धान्तिक कक्षाको लागि व्यवस्थापन गरेको सहायक प्रशिक्षकले पनि कारीगरको रूपमा काम गर्न सक्नेछ ।

४. **तालिममा खपतहुने सामग्रीहरूः** ६ महिनाको लागि तालिमका लागि खपत हुने सामग्रीहरूको खर्च आदि ।

५. **क्षतिपूर्ति लागतः** छ महिनाको तालिमका लागि उद्योगभित्र प्रयोग हुने बढी लगानी लाग्ने मेशिन तथा औजारहरूको ह्रासकट्टि वापतको खर्च र तालिमका लागि प्रयोग हुने पानी तथा बत्तीको खर्च आदि ।

६. **चिया/खाजाः** चिया/खाजा वापतको खर्चको लागि प्रति व्यक्ति प्रति दिन रु.१०० का दरले पहिलो महिनाको २५ दिनका लागि समेटिएको छ भने बाँकी ५ महिनाको लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले नेपाल सरकारले तोकिए बमोजिमको प्रोत्सहान रकम सम्बन्धित उद्योगहरूबाट व्यवस्था हुनेछ ।

७. **सम्पर्क व्यत्तिको खर्चः** नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कार्यक्रमका लागि चयन गरेको सम्पर्क व्यक्तिको १५ महिनाको लागि खर्च ।

८. **सीप परीक्षण खर्चः** राष्ट्रिय सीप परीक्षण समितिबाट लिइने सीप परीक्षणका लागि प्रति व्यक्ति रु. ३,००० का दरले व्यवस्था गरिएको छ, जसमा सीप परीक्षण वापत लाग्ने शु:ल्क र सीप परीक्षणमा लाग्ने सामग्रीहरू पर्दछन् ।

## ५.३ प्रोत्साहन व्यवस्थापन

प्रत्यक्ष खर्चका अलावा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरूलाई प्रोत्साहनका रूपमा अतिरिक्त रकम पनि भुक्तानी गरिनेछ । तर प्रोत्साहन रकम आयोजनाले सम्झौता मै तोकेबमोजिम कति सङ्ख्या र कुन-कुन श्रेणीका युवालाई सीपयुक्त बनाई रोजगारीमा सहभागी गराए भन्ने कुराको हिसाब गरेर निकालिन्छ । यस्तो हिसाब आयोजनाले अबलम्बन गर्दै आएको फरक मूल्य पद्धति (Differential pricing mechanism) मा आधारित हुनेछ, जसमा लक्षित समूह 'क', 'ख', 'ग' र 'घ' अनुसार प्रत्यक्ष लागत खर्चको क्रमशः ३०%, २५%, २०% र १५% अतिरिक्त रकम प्रोत्साहन स्वरूप प्राप्त गर्नेछ ।

**तालिका ४ : श्रेणी अनुसार प्रोत्साहन रकमको वर्गिकरणः**

| श्रेणी | विवरण | प्रोत्साहन रकम (% प्रत्यक्ष लागतमा) |
|---|---|---|
| क | विभेदमा परेका समुदायका आर्थिकरूपले विपन्न महिलाहरू (दलित, एकल महिला, अपाङ्गता भएका[1], एचआइभी/एडस् सङ्क्रमित, अनाथ, पूर्व बँधुवा मजदूर, घरेलु हिंसामा परेका, यौन हिंसाको शिकार भएका/यौन व्यवसायमा संलग्न हुन बाध्य भएका) । | ३०% |
| ख | 'क' श्रेणीमा नपरेका आर्थिकरूपले विपन्न सबै जातजातिका महिलाहरू । | २५% |
| ग | विभेदमा परेका समुदायका आर्थिकरूपले विपन्न पुरुषहरू (दलित, जनजाति, मधेसी, अपाङ्गता भएका, एचआइभी/एडस् सङ्क्रमित) | २०% |
| घ | 'ग' श्रेणीमा नपरेका आर्थिकरूपले विपन्न सबै जातजातिका पुरुषहरू । | १५% |

## ५.४ नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको भुक्तानी ढाँचा

समृद्धि आयोजनाले नतिजामा आधारित भुक्तानी प्रणालीलाई अपनाउनेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय आयोजना कार्यान्वयन मार्फत् नतिजा निकाल्ने जिम्मेवार हुनेछ र प्राप्त नतिजालाई हरेक किस्ताको भुक्तानी हुनुअघि द्विपक्षीय सम्झौतामा भएको सहमति अनुसार प्रमाणीकरण र सिफारिसका लागि हेल्भेटास नेपालमार्फत् आयोजना व्यवस्थापन कार्यालय समक्ष पेश गर्नुपर्ने हुन्छ ।

[1] यहाँ अपाङ्गता भन्नाले सम्बन्धित पेशागत सीपमा काम गर्न सक्षम भन्ने सम्झनुपर्छ ।

## ५.५ नतिजा मूल्य र भुक्तानी प्रणाली

नतिजा मूल्यमा प्रत्यक्ष तालिम खर्च र प्रोत्साहन रकम जोडिएको हुन्छ। नतिजा मूल्य र सेवा सुविधा खर्चलाई जोडेपछि कूल लगानी खर्च निस्कन्छ।

**प्रत्यक्ष तालिम खर्च + प्रोत्साहन रकम = नतिजा मूल्य + सुविधा खर्च = प्रति सहभागीका लागि हुने कूल लगानी**

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले तालिम र सीप परीक्षण परीक्षा सकिएपछि सेवासुविधा वापतको खर्च भुक्तानीका लागि दावी गर्न सक्नेछन्। यसरी दावी गरेको खर्च हेल्भेटास नेपालले रूजु गरेपश्चात् सिफारिस गरेपछि आयोजना व्यवस्थापन कार्यालयले भुत्तानी गर्नेछ। बाँकी नतिजा मूल्यको भुक्तानी नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले माग पेश गरेपछि मात्र तलको तालिकामा दिएअनुसार चारकिस्तामा भुक्तानी गरिनेछ। तर यसरी भुक्तानी गर्दा अन्तिम किस्ता भने रोजगारीमा रहेका प्रशिक्षार्थीहरूको तोकिएको मापदण्ड अनुसारको आम्दानी सहितको रोजगारी प्रमाणीकरण भएका प्रशिक्षार्थीहरूको मात्र भुक्तानी गरिनेछ।

*तालिका ४: भुक्तानी प्रणाली - प्रतिशत र किस्ताहरू*

| किस्ताहरू | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | चौथो किस्ता |
|---|---|---|---|---|
| रकम प्रतिशतमा (कूल नतिजा मूल्यको प्रतिशतमा) | २०% | ३०% | २५% | २५% |
| भुक्तानी गरिने समयक्रम | तलिम कार्यान्वयनको सुरुवात भएपछि तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूको सूची पेश गरेपछि | तलिम र सीप परीक्षण परीक्षा सकिएपछि र तालिम सम्पन्न गरेको प्रतिवेदन पेश गरेपछि | तलिम सकिएको तीन महिनापछि गरिने रोजगारी र आयको प्रमाणीकरण पछि | तलिम सकिएको छ महिनापछि गरिने अन्तिम रोजगारी र आय प्रमाणीकरण पछि |

# ६. तालिम कार्यान्यवन प्रक्रिया

## ६.१ लक्षित क्षेत्र/व्यवसाय

आयोजनाले सम्भावित आवश्यकता पहिचानका लागि गरेको बजार सर्भेक्षणका आधारमा निम्न क्षेत्रका निम्न व्यवसायका लागि उद्योगहरूमा दक्ष कामदारको मागको पहिचान गरेको थियो । तालिमका लागि यी क्षेत्रहरू आयोजना कार्यरत क्षेत्रमा गरिएको बजार सम्भावना सर्वेक्षणका आधारमा पहिचान गरिएका हुन् । यो सर्वेक्षण हेल्भेटास नेपालले बाह्य परामर्शदाता र आयोजना व्यवस्थापन कार्यालय दुवैको सहयोगमा सम्पन्न गरेको थियो । यी लक्षित क्षेत्रहरूमा- मेकानिकल (मेशिन मेकानिक्स र अपरेटर), पर्यटन/सत्कार, गार्मेन्ट (जुट विभर र जुट स्पिनर), अटोमोबाइल (मोटर साइकल मेकानिक र चारपाङ्गे सवारी मर्मत सम्भार) र अन्य (छालाका सामग्रीहरू, बाँस तथा कागजबाट बन्ने हस्तकलाका समाग्रीहरू, सिमेन्ट र चिनी उद्योगहरू आदि) । उद्योगको प्रकृति र मागअनुसार तालिमका विषय थप गरी सम्बन्धित क्षेत्रमा औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन गर्न सकिनेछ ।

*तालिका ६ : क्षेत्रगत रूपमा पेशा/व्यवसाय सूची*

| क्र.सं. | क्षेत्र | पेशा/व्यवसाय विषयहरू |
|---|---|---|
| १ | मेकानिकल | धातुका वस्तु उत्पादक (खुकुरी, करुवा, बटुका), आल्मुनियम फेब्रिकेटर, आर्क वेल्डर, ग्यास वेल्डर, स्टील फर्निचर मेकर, लेथ सेट अपरेटर, मेशिन अपरेटर (मील सेट अपरेटर), सिटी रिक्सा रिपेयर, मिनरल वाटर/प्लाष्टिक फ्याक्ट्री मेशिन अपरेटर, जुनियर वेल्डर, फोर्जिङ्ग टेक्निकल एसिस्टेन्ट, मेकानिक फिटर, रेफ्रिजेरेसन तथा एअर कण्डिसन मिस्त्री, सिट मेटल कामदार, स्ट्रक्चरल फेब्रिकेटर । |
| २ | अटोमोबाइल | ठूला सवारी सर्भिस मिस्त्री, हलुका सवारी सर्भिस मिस्त्री, मोटरसाइकल मिस्त्री, जुनियर अटो मेसिन, मध्यम तथा ठूला सवारी सर्भिस मिस्त्री, पम्पसेट मर्मत प्राविधिक, हलुका सवारी ब्रेक मिस्त्री, हलुका सवारी इलेक्ट्रिकल मिस्त्री, हलुका सवारी स्टेरिङ्ग र सस्पेन्सन मिस्त्री, हलुका सवारी इन्जिन मेकानिक, ठूला सवारी मेकानिक । |
| ३ | निर्माण | बार बेन्डर (डण्डी बाँध्ने), इँटा पथेरा (काँचो इँट बनाउने), सिभिल कन्स्ट्रक्सन प्राविधिक, कङ्क्रिट लेयर, निर्माण सिकर्मी, कन्स्ट्रक्सन वर्कर, इँटा डकर्मी, जुनियर प्लम्बर, फर्निचर मेकर, कारपेन्ट्री एण्ड इन्टेरियर डेकोरेटर, टायल मार्बल फिक्सर, ग्याबिन तारजाली बुन्ने, स्क्याफोल्डर (बाँस/काठ/फलामको पाइप), भवन पेन्टर, डेकोरेटिभ कङ्क्रिट उत्पादक, जुनियर हाते पम्प प्राविधिक, लोकल रोड सुपरभाइजर, टायल मार्बल फिटर, प्लाष्टरर, ऱ्याट ट्र्याप मेसन, सटरिङ्ग कारपेन्टर । |
| ४ | पर्यटन तथा आतिथ्यता | चाइनिज कुक, इन्डियन कुक, कन्टिनेन्टल कुक, वेटर, सहायक वेटर, बेकर, साना होटल तथा लज सहायक, हाउस किपिङ्ग/क्लिनर, मिठाइ तथा नास्ता मिस्त्री, बरिस्ता (कफि मेकर) बार टेन्डर, बेल ब्वाइ, केयर गिभर । |
| ५ | टेक्सटायल (गार्मेन्ट र टेलरिङ्ग) | ड्रेस मेकर, ढाका बुनकर, हाते कढाइ, टेलर, गार्मेन्ट फ्रेब्रिकेटर, फेसन डिजानर, अल्लो प्रोसेसर, टेलरिङ । |
| ६ | स्वास्थ्य/सौन्दर्य | हजाम, सहायक ब्युटिसियन, ब्युटिसियन, सहायक दन्त ल्याब प्राविधिक, सामुदायिक स्वास्थ्य सहायक, डेन्टल चेयर साइड सहयोगी, आई हेल्थ वर्कर, ल्याब सहयोगी, मोडेल हेल्थ वर्कर, फिजियोथेरापिस्ट |
| ७ | अन्य | क्षेत्रः छालाका वस्तु/उत्पादन (जुत्ता बनाउने, जुत्ताका सामग्री उत्पादक सहायक)<br>क्षेत्रः निर्माण यन्त्र (मोटर ग्रेडर अपरेटर, ह्वील लोडर अपरेटर, एस्क्याभेटर अपरेटर) |

## ६.२ तालिमपूर्व हुने क्रियाकलापहरू

### ६.२.१ तालिमको लागि सार्वजनिक सूचना आह्वान

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र सम्बन्धित उद्योगले संयुक्तरूपमा तालिमका लागि तोकिएको मापदण्डभित्र रहेर सार्वजनिक सूचना आह्वान गर्नेछन् । साथै हेल्भेटास नेपालले पनि बृहत् स्तरमा स्थानीय रेडियो मार्फत् सार्वजनिक सेवा सूचना (पीएसए) अभियान सञ्चालन गर्नेछ । सार्वजनिक सूचनालाई प्रभावकारी बनाउन र धेरै मात्रमा आवेदनको सङ्कलनका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले आफू मातहतका सरोकारवालाहरू (वाणिज्य संघ, रोजगार सेवा केन्द्र, बेरोजगार युवा फोरम र अन्य स्थानीय सरोकारवालाहरूको परिचालन गर्न सक्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले समृद्धि आयोजना अन्तर्गत परिचालित वित्तीय विकास सहजकर्तासँग समन्वय गरी लक्षित समुदायको पहिचान र छनौटका लागि सहयोग माग्न सक्नेछन् । तालिममा युवाको पहुँचलाई बृहत् बनाउन तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरूले पोष्टर, पाम्फलेटको वितरण र स्थानीय सञ्चार माध्यममार्फत् पनि तालिमसम्बन्धी सूचनाको सार्वजनिक प्रकाशन/प्रसारण गर्नुपर्नेछ । यस्तो प्रकारको सूचना तालिम सुरु हुनुभन्दा कम्तिमा दुई हप्ता अगाडि जारी गरिएको हुनुपर्दछ । यसरी गरिएको सूचनाबाट प्रयाप्त मात्रमा दरखास्त नपरेको खण्डमा पुनः सार्वजनिक विज्ञापन निकाल्नु पर्दछ । तालिमको सार्वजनिक सूचनाको नमूना अनुसूची २ मा दिइएको छ ।

### ६.२.२ आवेदन फारम सङ्कलन

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले आवेदकहरू मध्येबाट प्राथमिकता दिइएका समूहका सहभागीको छनौट गर्नुपर्दछ । तालिम सञ्चालन गर्नका लागि आवश्यक सङ्ख्या भन्दा बढी आवेदनहरू सङ्कलन भएको हुनुपर्दछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले प्रत्येक तालिम समूहका लागि आवश्यक सङ्ख्याभन्दा कम्तिमा पनि ५० प्रतिशत बढी आवेदन सङ्कलन गर्न प्रोत्साहन गरिनेछ (जस्तैः २० जना सहभागी छनौट गर्नुपरेमा कम्तिमा पनि ३० जनाको आवेदन फारम संकलन हुनुपर्दछ) । यदि पर्याप्त सङ्ख्यामा आवेदन सङ्कलन गर्न सकिने सम्भावना नरहेमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले अन्तर्वार्ताको लागि अन्य थप प्रक्रिया अगाडि बढाउनुभन्दा अघि हेल्भेटास नेपालका प्रादेशिक अनुगमन अधिकृतलाई जानकारी गराउनुपर्नेछ । त्यसपछि अनुगमन अधिकृतले आवेदन अपर्याप्त हुनुको कारण र कठिनाइको अवस्था हेरी तालिम प्रदायक संस्थालाई पुनः सार्वजनिक आह्वान गर्ने वा विशेष परिस्थिति ठहर गरी तालिम सञ्चालन गर्ने भन्ने सुझाव दिनेछन् ।

सबै तालिममा हेल्भेटास नेपालले तयार गरेको औद्योगिक प्रशिक्षार्थी आवेदन फारमको प्रयोग गर्नुपर्दछ । आवेदन फारमहरू हेल्भेटास नेपालका प्रादेशिक कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ । तालिमको लागि इच्छुक आवेदकले आवेदन फारम तथा विस्तृत जानकारी यस कार्यक्रमका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको सम्पर्क व्यक्ति सम्पर्क कार्यालय वा तालिम आह्वानमा उल्लेख गरिएका स्थानबाट पनि प्राप्त गर्न सक्नेछन् । आवेदकले भरेका फारामहरू सम्बन्धित संस्थाले तोकिएको समयसीमा भित्रै सङ्कलन गरिसक्नुपर्दछ । आवेदन फारम अनुसूची ३ मा उल्लेख भएअनुसारको हुनेछ ।

### ६.२.३ प्रशिक्षार्थी छनौट

तालिमका लागि लक्षित र प्राथमिकता समूहभित्र पर्ने वर्गका सहभागीलाई प्रशिक्षार्थीका रूपमा छनौट गर्नुपर्दछ । छनौट गर्दा उनीहरू औपचारिक अध्ययनरत भन्दा बाहिर रहेको, १८ देखि ४० वर्षसम्मका र आयोजना सञ्चालन हुने जिल्लाका बासिन्दा भए नभएको सुनिश्चित गर्नुपर्दछ । यसबाहेक उनीहरू छनौटमा पर्ने एउटा महत्वपूर्ण पक्ष हो आर्थिक विपन्नता- छ महिनाभन्दा कम खाद्य सङ्कटबाट गुज्रिँदै आएको या जसको दैनिक प्रति व्यक्ति आय १.२५

**प्रशिक्षार्थी छनौट समिति**

- नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको प्रतिनिधि
- तालिम सञ्चालन हुने उद्योग प्रतिनिधि
- तालिम प्रशिक्षक (मुख्य वा रोभिङ वा कारीगर)
- हेल्भेटास नेपालको प्रतिनिधि (अवलोकन/सहजकर्ताको रूपमा मात्र)

अमेरिकी डलर छ । उपलब्ध भएसम्म नेपाल सरकारका निकायहरूले दिएका प्रमाणलाई आधार बनाउनुपर्दछ । सो नभएको खण्डमा आवेदकले आवेदन फारममा गरेको स्वेच्छिक घोषणालाई सम्बन्धित उद्योग वा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले प्रमाणीकरण गरेकोलाई स्वीकार गरिनेछ । छनौटमा आर्थिक विपन्नता र सामाजिकरूपले विभेदमा परेकालाई नै प्राथमिकता दिइनेछ । यसका साथै भौगोलिकरूपले विकट र आप्रवासनबाट फर्किएकाहरू वा तिनका परिवारका सदस्यलाई प्राथमिकतामा राखिएको छ ।

उपयुक्त सहभागीको छनौटका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले तीन सदस्यीय छनौट समिति गठन गर्नेछन्, जसमा- (१) नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश कार्यालयको प्रतिनिधि, (२) तालिम सञ्चालन हुने उद्योग तर्फबाट एक जना प्रतिनिधि, र (३) सम्बन्धित विषयको मुख्य वा रोभिङ वा कारीगर मध्येको एकजना प्रशिक्षक रहनेछन् । सहभागी छनौटका समयमा हेल्भेटास नेपालका अनुगमन कर्मचारीहरू छनौट प्रक्रिया पालना भए नभएको सुनिश्चित गर्न सुपरिवेक्षणका साथै अवलोकन/सहजकर्ताको रूपमा मात्र सहभागी हुनेछन् । सहभागी छनौटको आधारभूत मापदण्डभित्र निम्न कुराहरू समावेश भएकाछन् :

(क) आयोजना सञ्चालन हुने जिल्ला/गाउँ/नगरपालिकाभित्र बसोबास गर्ने जो सीपमूलक तालिम लिए पश्चात् सोही व्यवसायमा आवद्ध भएर काम गर्न इच्छुक युवाहरू । तथापि अन्य जिल्लाबाट बसाइँसराई गरी सोही जिल्ला/गाउँ/नगरपालिकामा आएकाहरूका हकमा सो को प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(ख) १८ वर्ष देखि ४० वर्ष उमेरका सहभागी (अधिकतम २५ प्रतिशत सहभागी ४० वर्ष भन्दा बढीका हुनसक्ने तर यसका लागि समृद्धि आयोजना/हेल्भेटासको प्रदेश संयोजकबाट अनिवार्य पूर्व स्वीकृति लिनुपर्नेछ) ।

(ग) सहभागीहरूका लागि शैक्षिक योग्यताका कुनै पनि बन्देज राखिएको छैन, तर अध्ययनरत विद्यार्थीहरू योग्य नहुने ।

(घ) कम्तिमा ५० प्रतिशत महिला सहभागी हुनुपर्नेछ ।

**नोटः** तालिममा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा पछाडि परेका समूह जस्तै- महिला, दलित, मधेसी र जनजातिलाई विशेष प्राथमिकता दिइनेछ । तालिममा ६० प्रतिशत विभेदमा परेका समूह र वैदेशिक रोजगारबाट फर्केका घरपरिवारका सदस्यबाट सहभागी हुनुपर्नेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले द्विपक्षीय सम्झौतामा उल्लेख भए अनुसारको समावेशीकरणको प्रतिशत सुनिश्चित गर्नैपर्नेछ ।

आवेदकको अन्तर्वार्तापूर्व छनौट समितिका सदस्यहरूलाई अन्तर्वार्ताका लागि छानिएकाहरूको नामसहितको छनौट सूची र अन्तर्वार्ताको अङ्कभारसहितको सूची उपलब्ध गराउनुपर्दछ, जसमा प्रत्येक श्रेणीका आवेदकका लागि प्राथमिकतामा आधारित अङ्कभार निर्धारण गरिएको हुन्छ । अन्तर्वार्ता गर्नुपूर्व छनौट समितिका सदस्यहरूलाई नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट तोकिएको मुख्य व्यक्ति अन्तर्वार्ताको प्रक्रियको बारेमा अभिमुखीकरण गराउनु पर्दछ । अन्तर्वार्ताका क्रममा साथै नतिजा प्रकाशना गर्दा पनि निष्पक्षता कायम गर्नुपर्नेहुन्छ ।

जम्मा पूर्णाङ्कमध्ये, ६० प्रतिशत अङ्क माथि उल्लेख गरिएका आवेदकको वर्ग/श्रेणीको आधारमा जस्तै- आर्थिक अवस्था, आप्रवासनको अवस्था, भौगोलिक विकटता र अन्य समावेशीकरणका आधार (विशेष समूह, दलित, एकल महिला, अपाङ्ग, एचआईभी सङ्क्रमित, टुहुरा, सडक बालबालिका आदि) मा छुट्ट्याइने छ र बाँकी ४० प्रतिशत अङ्क अन्तर्वार्ता क्रममा आवेदकको तालिमप्रतिको उत्प्रेरणा, प्रतिबद्धता, तालिम पछिको निरन्तरता र आचरणका लागि छुट्ट्याइएको छ । उल्लेखित सम्पूर्ण कुराहरू र अङ्कभार समेटेर तयार पारिएको प्रशिक्षार्थी छनौटको आधार अनुसूची ४ मा दिइएकोछ । यसैगरी सहभागीको छनौटलाई प्रभावकारी बनाउन ख्याल राख्नुपर्ने कुराहरू अनुसूची ५ मा दिइएकोछ ।

## ६.२.४ सहभागी छनौटको नतिजा प्रकाशन

छनौट प्रक्रिया समाप्त भइसकेपछि सरोकारवाला सबैको सजिलै पहुँच हुने गरी सार्वजनिक स्थलमा नतिजा टाँस्नुपर्दछ । यसले नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले सहभागी छनौटका लागि गरिएको प्रक्रियाको पारदर्शिता बढाउन तथा प्रक्रियाबाट छनौटमा पर्न नसकेका सहभागीहरू र छनौट समिति बीचको द्वन्द्व कम गर्न सहयोग पुर्‍याउनेछ ।

### ६.२.५ तालिम समूहको आकार/सङ्ख्या

प्रत्येक तालिम समूहमा २० जना प्रशिक्षार्थीहरू हुनेछन् । तर, व्यवसाय र गर्नुपर्ने कार्यको प्रकृति अनुसार प्रशिक्षार्थीको संख्या १५ देखी २० सम्मको हुनसक्ने छ । तर प्रभावकारी सिकाइको लागि २० जनाभन्दा बढी प्रशिक्षार्थीहरूको समूह बनाउन पाइनेछैन । तालिमका लागि छनौट भएका सहभागीले मात्र तालिममा सहभागिता जनाउन पाउनेछन् । केही गरी कुनै प्रशिक्षार्थीले तालिम सञ्चालन भएको १० दिन भित्रमा तालिम छोडेमा प्रतिक्षा सूचीमा रहेका सहभागीलाई प्राप्त अङ्कको आधारमा उच्च अङ्क प्राप्त गर्ने व्यक्तिलाई तालिममा सहभागी गराउन सकिनेछ । तर १० दिन भन्दा पछाडि तालिम छोडेमा नयाँ प्रशिक्षार्थी सहभागी गराउन नपाउनुका साथै महिला सहभागीको कोटामा पुरुष सहभागी राख्न पाइने छैन । द्विपक्षीय सम्झौता मुताविक नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले उद्योगहरूको कामको प्रकृति हेरेर महिलाको कोटा निर्धारण गर्नेछ ।

### ६.२.६ तालिमस्थलको प्रमाणीकरण

छनौट प्रक्रिया पूरा गरी सहभागी छनौटको नतिजा प्रकाशन पश्चात् सम्बन्धित उद्योगहरूले तालिम सञ्चालन गर्नका लागि चाहिने आवश्यक सामग्री सहितको तालिमस्थलको तयारी गर्नुपर्दछ । यस्तो तयारीमा तालिम शुरु तथा सकिने मिति, तालिमको लागि चाहिने कक्षाकोठा, प्रशिक्षकहरू, तालिमका लागि चाहिने आवश्यक कच्चा सामग्री, औजार तथा उपकरणहरू र सहभागीलाई तालिमका दौरान उपलब्ध गराइने सेवा तथा सुविधाहरू पर्दछन् । यी सबै कुराको व्यवस्था भए नभएको हेल्भेटास नेपालका अनुगमन अधिकृतद्वारा सुनिश्चित गरी तालिम तोकिएको मितिमा शुरु गर्ने वा थप व्यवस्था गर्ने भन्ने कुराको जानकारी गराउनेछन् । तालिमस्थल प्रमाणीकरण फारमको नमूना अनुसूची ६ मा देखाइएको छ ।

**तालिमस्थल प्रमाणीकरणभित्र निम्न कुरा पर्दछन् -**

- तालिम शुरु तथा सकिने मिति
- प्रशिक्षकको पहिचान र आवश्यक संख्या
- तालिम स्थलमा चर्पी, पिउने पानी, प्राथमिक उपचार बाकस र सुरक्षा सामग्री भए नभएको
- प्रयोग भई खेर जाने सामग्री र तालिम सामग्रीको व्यवस्थापन
- सम्बन्धित व्यवसायको पाठ्यक्रम, राष्ट्रिय व्यावसायिक सीप मापदण्ड र अन्य तालिम सामग्री

## ६.३ तालिम भइरहेको समयमा हुने क्रियाकलाप

एउटै व्यावसायिक पेशाका लागि छनौट भएका प्रशिक्षार्थीहरूलाई उद्योगमा उद्योगले व्यवस्थापन गरेको कक्षाकोठाभित्र मुख्य प्रशिक्षकले सहायक प्रशिक्षकको सहायतामा व्यावसायिक पेशा सम्बन्धी ज्ञानका साथसाथै केही ब्यावहारिक ज्ञानको बारेमा जानकारी गराउनेछन् । तालिमको पहिलो महिना प्रशिक्षार्थीहरूले सुरक्षा, सुरक्षा सामग्री, आधारभूत औजार तथा उपकरणको प्रयोग, आधुनिक प्रविधिमा आएको परिवर्तन, उद्योगमा उत्पादन हुने वस्तु, गुणस्तर नियन्त्रण प्रक्रिया, कच्चा पदार्थ, वस्तु उत्पादन प्रक्रिया, कच्चा पदार्थको भण्डारण, उत्पादित वस्तु, संस्थागत नीति तथा नियम सम्बन्धी ज्ञान हासिल गर्नेछन् । यो समयमा प्रशिक्षार्थीहरूले दिनको ६ घण्टाको दरले २५ दिनसम्म १५० घण्टाको सैद्धान्तिक कक्षामा सहभागी हुनेछन् ।

सैद्धान्तिक कक्षापछाडि प्रशिक्षार्थीहरूलाई सीप सिकाइका लागि कार्यगत कार्यस्थल तालिममा सहभागी गराइनेछ । कार्यगत सिकाइको समयमा सहभागीहरूले थोरै भए पनि आम्दानी गर्नेछन् । यो समयमा सम्बन्धित उद्योगले व्यवस्था गरेका कारीगरले प्रत्येक प्रशिक्षार्थीलाई सीप सिकाउन सहयोग गर्नेछन् । साथसाथै प्रशिक्षार्थीको प्रभाकारी सिकाइको लागि रोभिङ प्रशिक्षकले पनि सहयोग गर्नेछन् । यसरी प्रशिक्षार्थीहरूले दिनको ६ घण्टाका दरले १५० दिनमा ७५० घण्टा कार्यगत तालिममा बिताउनेछन् । तर उद्योगको प्रकृति र आवश्यकता अनुसार तालिमका लागि दैनिक घण्टा परिवर्तन हुनसक्छ, जस अनुसार तालिमको अवधि पनि तलमाथि पर्न सक्नेछ ।

### ६.३.१ तालिम अवधि

यस औद्योगिक सीप प्रशिक्षण तालिम जम्मा १५० तालिम दिन वा ९०० घण्टाको हुनेछ । तालिममा पहिलो २५ तालिम दिन (१५० घण्टा) सैद्धान्तिक कक्षा र १२५ तालिम दिन (७५० घण्टा) कार्यगत कार्यस्थल तालिम सञ्चालन गरिन्छ ।

उद्योगभित्र सिकाइने कार्यगत तालिममा रोभिङ र कारीगर प्रशिक्षकहरूले सहजीकरण गर्नेछन् । छ महिना वा ९०० घण्टाको तालिम सम्पन्न भए पश्चात् सम्बन्धित उद्योगहरूले प्रशिक्षीत प्रशिक्षार्थीहरूलाई नेपाल सरकारले तह अनुसार तोकिए बमोजिमको पारिश्रमिक पाउने गरी सोही उद्योगमा रोजगारी उपलब्ध गराउनुपर्दछ । आयोजना व्यवस्थापन कार्यालय र नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयसँग भएको द्विपक्षीय सम्झौता बमोजिम यो कार्यक्रमको जम्मा अवधि १५ महिनाको हुनेछ । जस्मा तालिम सुरु गर्ने देखि लिएर तालिम सम्पन्न गरेको प्रतिवेदन बुझाउने सम्मको समय अवधि पर्दछ ।

### ६.३.२ तालिमको ब्यानर र फ्याक्ट सीट

उद्योगहरूले अनिवार्यरूपमा तालिमको ब्यानर तालिम स्थलमा राख्नुपर्दछ ता कि सबै मानिसहरूले तालिमबारे पूर्ण जानकारी पाउन सकून् । प्रत्येक तालिमस्थलमा तालिम सम्बन्धी मुख्य सूचनाहरू जस्तै- तालिमको नाम, सुरु हुने मिति, अन्त्य हुने मिति, सहभागी सङ्ख्या, तालिमका सेवा सुविधाहरू, प्रति व्यक्ति तालिम खर्च आदि समेटिएको तथ्यसूची (Fact-sheet) झुण्ड्याउनुपर्दछ, जुन पारदर्शिता प्रवर्द्धनको मुख्य औजार पनि हो । यसले तालिम अवलोकन तथा निरीक्षणका लागि आउनेहरू र सहभागीहरूलाई जानकारी तथा सूचना प्रदान गर्दछ । तालिमसम्बन्धी ब्यानरको नमूना अनुसूची ८ र तालिमको तथ्यसूची (Fact-sheet) को नमूना अनुसूची ९ मा दिइएको छ ।

### ६.३.३ प्रशिक्षक र तालिमको सम्पर्क व्यक्तिको व्यवस्थापन

तालिमको गुणस्तरलाई सुनिश्चित गर्नका लागि, तालिमको समग्र व्यवस्थापन, समन्वय, अभिलेखीकरण, आनलाइन प्रणालीमा डाटाहरूको प्रविष्टि र अन्य तोकिएको कामको रिपोर्टिङका लागि एकजना सम्पर्क अधिकृत राख्नुपर्नेछ नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय वा सम्बन्धित उद्योगहरूले आयोजनाले तोकेको मापदण्ड अनुसारका दक्ष र योग्य प्रशिक्षकहरूको नियुक्ति गर्नुपर्नेछ । यस्ता प्रशिक्षकहरूको दक्षता, क्षमता वा योग्यताको मूल्याङ्कन गर्ने मुख्य तीन आधारहरू छन्- (क) सम्बन्धित विषयमा अध्ययन गरेको प्रमाणपत्र, (ख) प्रशिक्षक प्रशिक्षण लिएको प्रमाणपत्र, र (ग) कक्षाकेन्द्रित प्रशिक्षण गर्दा प्रशिक्षार्थीहरूलाई बुझाउन र सन्तुष्ट बनाउन सक्ने क्षमता । २० जना सहभागीहरूलाई प्रशिक्षण गर्न ३ जना प्रशिक्षक हुनैपर्छ । सैद्धान्तिक कक्षाका लागि प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात १० : १ हुनेछ भने कार्यगत सिकाइको बेला प्रशिक्षार्थी र रोभिङ प्रशिक्षकको अनुपात १०० : १ हुनुका साथै प्रशिक्षार्थी र कारीगरको अनुपात २० : १ हुनुपर्नेछ । प्रशिक्षकको आधारभूत योग्यता र अनुभव निम्नानुसार हुनुपर्दछ:

**(क) सम्पर्क व्यक्ति:** नेपाल उद्योग वाणिज्य प्रदेश कार्यालयले यो कार्यक्रमको सम्पूर्ण व्यवस्थापन, समृद्धि हेल्भेटास, समृद्धि आयोजना व्यवस्थापन कार्यलय, उद्योग वाणिज्य महासंघ, तालिम सचालन गर्ने उद्योगहरू सँग समन्यव तथा सहकार्यको लागि एकजना छुट्टै कर्मचारीको नियुक्ति गर्नुपर्दछ । यसरी नियुक्ति गरेको कर्मचारीले सहभागीहरूको हाजिरी तथा अन्य आवश्यक कागजातहरूको अभिलेखीकरणको जिम्मेवार हुनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, राष्ट्रिय सीप परीक्षण समिति, सरोकारवाला उद्योग, प्रशिक्षक, सहयोगी संस्था, सहभागी र अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यका लागि पनि उत्तिकै जिम्मेवार हुनेछ । समग्रमा सम्पर्क व्यक्तिले नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय र अन्य सम्वन्धित सरोकारवालको बीचमा पुलको काम गरिरहेकोहुनेछ । त्यसैगरी समृद्धि हेल्भेटास तथा समृद्धि आयोजना व्यवस्थापन कार्यालयले माग गरेको बखतमा आवश्यक सूचानहरू उपलब्ध गराउनु, सरोकारवाला र सहभागी बीचमा कुनै असमझदारी उत्पन्न भएमा त्यसको निराकरण गर्नु वा समयमै सम्बन्धित पक्षलाई जानकारी गराउनु , सहभीगलाई क्यारियर मार्गनिर्देश गर्नु र प्रशिक्षीत प्रशिक्षार्थीलाई रोजगारीमा सहभागी गराउनु जस्ता जिम्मेवारी पनि सम्पर्क व्यक्तिको हुनेछ।

सम्पर्क व्यक्तिको योग्यता तल उल्लेख गरेबमोजिमको योग्यता हुनुपर्नेछ ।

- कुनै पनि विषयमा स्नातक तह उतिर्ण गरेको हुनुपर्नेछ । (स्नात्तोकतर उतिर्णलाई विषेश प्राथमिकता दिइनेछ)
- सम्बन्धित क्षेत्रमा( तालिम सञ्चालन, सरोकारवाला सँगको समन्वय, तालिम सञ्चालनको कार्ययोजना, अनुगमन तथा मुल्यङ्कन र तथ्याङ्कको खोज तथा विशलेषण) कम्तिमा पनि ५ वर्षको कार्य अनुभव भएको ।
- उद्योगको क्षेत्रमा काम गरेको वा व्यवस्थापन कार्यमा २ वर्षको कार्यानुभाव भएको ।
- औद्योगिक प्रशिक्षार्थी सीप तालिमको बारेमा अनुभव भएको वा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य तथा साझेदारीमा कार्य अनुभव भएको ।
- प्रशिक्षक प्रशिक्षण, व्यवस्थापन सीप, अनुगमन तथा मुल्याङ्कन र करियर परामर्श आदि सम्बन्धी तालिम लिइएकालाई विषेश ग्राहयता दिनुपर्नेछ ।

**(ख) मुख्य प्रशिक्षको योग्यता:** मुख्य प्रशिक्षक तालिम सत्रको पहिलो २५ दिनसम्म सैद्धान्तिक कक्षाको लागि जिम्मेवार हुनेछ। विषेश गरेर सैद्धान्तिक कक्षाको लागि मुख्य प्रशिक्षक जिम्मेवार रहने भएकाले मुख्य प्रशिक्षकसँग निम्न अनुसारको योग्यता हुनुपर्नेछ । मुख्य प्रशिक्षक सैद्धान्तिक कक्षाकोलागि जिम्मेवार हुने भएकाले तल उल्लेख गरेबमोजिमको योग्यता हुनुपर्नेछ ।

- प्राविधिक एसएलसि वा प्राविधिक डिप्लोमा वा सम्बन्धित पेशामा तह २ उतिर्ण गरी सोही क्षेत्रको व्यावसायिक तालिम सञ्चालनमा २ वर्षको कार्यअनुभव भएको हुनुपर्नेछ।
- तीन जना प्रशिक्षकहरू( मुख्य, रोभिङ र कारीगर) मध्ये १ जना प्रशिक्षकले अनिवार्य प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनैपर्नेछ ।

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले मुख्य प्रशिक्षक प्राविधिक प्रस्तावमा उल्लेख गरी प्रस्ताव गरेका प्रशिक्षकहरूको सूचिबाट परिचालन गर्नुपर्नेछ । यदि कुनै कारणवस प्रस्तावमा उल्लेख गरिएका प्रशिक्षक परिचालन नगरी अर्को व्यक्ति परिचालन गर्नुपरेमा अर्को व्यक्ति परिचालन गर्नुको पर्याप्त कारण खुलाई हेल्भेटास अन्तर्गतका सम्बन्धित प्रादेशिक संयोजकबाट पूर्व स्वीकृति लिनुपर्नेछ । यदि कुनै व्यावसायिक पेशाको प्रविधिक व्यावसायिक तालीम प्रतिष्ठानसँग तह २ नभएको खण्डमा तह १ उर्तिण गरी सम्बन्धित व्यावसायिक पेशामा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको व्यक्तिलाई मुख्य प्रशिक्षकको रूपमा काममा लगाउन सकिनेछ । त्यसैगरी राष्ट्रिय सीप परीक्षण समितिसँग कुनै विषयको कुनै पनि तह नभएको खण्डमा सम्बन्धित व्यावसायिक पेशामा ७ वर्ष कार्य अनुभव भएको व्यक्तिलाई मुख्य प्रशिक्षकको रूपमा परिचालन गर्न सकिनेछ तर यस्तो अवस्थामा हेल्भेटास नेपालका सम्बन्धित प्रदेश संयोजकबाट पूर्व स्वीकृति गराउनु पर्नेछ ।

**(ग) रोभिङ प्रशिक्षको योग्यता:** सैद्धान्तिक कक्षाको प्रशिक्षण पश्चात् नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कार्यगत तालिमको बाँकी १२५ दिन (५ महिना) को लागि मुख्य प्रशिक्षकलाई रोभिङ प्रशिक्षकको रूपमा परिचालन गर्न सक्नेछ । यदि केही गरी मुख्य प्रशिक्षकलाई रोभिङ प्रशिक्षकको रूपमा परिचालन गर्न नसकेको खण्डमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय सम्बन्धित उद्योगसँगको सहकार्यमा ताकिएको मापदण्ड अनुसारको रोभिङ प्रशिक्षकको नियुक्ति गर्न

सक्नेछन् । रोभिङ प्रशिक्षक कारीगर र सहभागीहरूलाई प्रभावकारी सिकाइको लागि जिम्मेवार हुनेछ । जस्का लागि रोभिङ प्रशिक्षकले आवश्यत्ता अनुसार उद्योगहरूको भ्रमण गर्नेछन् । एक जना रोभिङ प्रशिक्षकले कार्यक्रमको सम्पर्क व्यक्तिसँगको सहकार्यमा ५ वटा तालिम समूहलाई प्राविधिक सहयोग पुऱ्याउनु पर्नेछ । रोभिङ प्रशिक्षकले प्रत्येक २ महिनामा सहभागीहरूको सिकाइको बारेमा बुझ्नका लागि कार्य सम्पादन समीक्षा कक्षाको सञ्चालन गर्नुपर्नेछ र सोही अनुरूपको योजना पनि बनाउनु पर्नेछ ।

**(घ) कारीगरः** नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कारीगरको लागि सम्बन्धित उद्योगमा सोही पेशामा ५ वर्ष देखि निरन्तर रूपमा कार्य गरिरहेको प्राविधिकलाई परिचालन गर्न सक्नेछ । एकजना कारीगरले ५ महिनासम्म एउटा मात्र तालिम समूह (२० जना प्रशिक्षार्थी) परिचालन गर्नुपर्नेछ । तालिमको पहिलो १ महिना या २५ दिनसम्म कारीगरले सहायक प्रशिक्षकको रूपमा काम गर्न सक्नेछन् । कारीगर मुख्य वा रोभिङ प्रशिक्षकसँगको सहकार्य र समन्वयमा उद्योगभित्र सञ्चालन हुने औद्योगिक प्रशिक्षार्थी तालिमको सम्पूर्ण योजना तथा व्यवस्थापनका लागि पूर्ण जिम्मेवार रहनुका साथै सहभागीहरूको अभिलेखीकरण गर्ने, निर्देश गर्ने, कोचिङ गर्ने र सहभागीको सिकाइमा भएको प्रगतिका लागि पनि उत्तिकै जिम्मेवार हुनेछ । कारीगरले कार्यगत सिकाइको बेलामा सहभागीहरूको कार्य सम्पादनको मूल्याङ्कन गरेर आवश्यकता अनुसार सहभागीहरूको सिकाइलाई अझ प्रभावकारी बनाउने जिम्मेवारी कारीगरको रहेको छ ।

### ६.३.४ सहभागीका लागि सेवासुविधाहरू

तालिमका लागि छनौट भएका प्रशिक्षार्थीहरूले सैद्धान्तिक कक्षाको २५ दिनसम्म दैनिक खाजाको सुविधा (रु. १०० बराबरको) पाउनेछन् । खाजाको सट्टामा सो बराबरको रकम प्रशिक्षार्थीहरूलाई नगद भुक्तानी गर्न पाइने छैन । यी खर्चहरू समृद्धि आयोजना र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयसँग गरिएको द्विपक्षीय सम्झौतामा उल्लेख गरिएकोछ र जस्को भुत्तानी समृद्धि आयोजना व्यवस्थापन कार्यालयले नेपाल उद्योग महासंघले उपलब्ध गराउने वास्तविक खर्चको बिल भौचर र सहभागीहरूको सक्कल हाजिरीको आधारमा तालिमपश्चात् उपलब्ध गराउनेछ । यसका अलावा तालिम सञ्चालन गर्ने उद्योगहरूले ५ महिनाको कार्यगत तालिमको समयमा सहभागीहरूलाई नेपाल सरकारले तोकेबमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्नेछ ।

तालिमस्थलको भौतिक सुविधा तालिमको अर्को महत्वपूर्ण पाटो हो । तालिम शुरु गर्नुपूर्व नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले तालिम सञ्चालन गर्ने उद्योगहरूमा आधारभूत सुविधाहरू जस्तैः शौचालय, शुद्ध र सफा पिउने पानी, प्राथमिक उपचार, आधारभूत सुरक्षा सामग्री आदि रहेको सुनिश्चित गर्नुपर्छ । यस्तो सुविधाहरू उद्योगको प्रकृति र वस्तु विशेष र स्थानीय परिस्थिति अनुसार फरकफरक हुनसक्छन् । तसर्थ अनुगमनमा जाने कर्मचारीले तालिम हलको अवस्था, पर्याप्त ठाउँ, फर्निचरको व्यवस्था, हावा र प्रकाश छिर्ने झ्याल भएको साथै प्रयोगात्मक अभ्यासका लागि प्रयोग हुने ठाउँ भए नभएको पनि सुनिश्चित गर्नुपदर्छ ।

### ६.३.५ तालिम सामग्री

तालिमलाई गुणस्तरयुक्त बनाउन आधारभूत प्रशिक्षण सामग्रीहरूको व्यवस्था गर्नु अत्यन्तै आवश्यक छ । तालिम सामग्री भन्नाले प्रशिक्षणका लागि चाहिने आवश्यक प्रशिक्षण सामग्री, औजार तथा उपकरण, तालिमको प्रयोगात्मक कक्षामा खर्च भइजाने कच्चासामग्रीहरू पर्दछन् । कस्ता सामग्री कति मात्रमा चाहिन्छ भन्ने कुरा सम्बन्धित विषयको पाठ्यक्रम वा म्यानुयलमा उल्लेख गरेबमोजिम हुनुपर्नेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) ले विकास गरी लागू गरेका सबै व्यवसाय/क्षेत्रका पाठ्यक्रम नै तालिमका लागि मुख्य निर्देशक सामग्री हुन् । सैद्धान्तिक कक्षा सञ्चालन गर्दा प्रशिक्षकसँग सम्बन्धित पेशाको पाठ्यक्रम, तालिम म्यानुयल वा नोट हुनैपर्छ र तिनलाई नै तालिम सामग्रीका रूपमा प्रयोग गर्नुपर्नेछ । यदि कुनै कारणवस सम्बन्धित विषयको पाठ्यक्रम, म्यानुयल उपलब्ध नभएको खण्डमा प्रशिक्षकले, आयोजनाले विज्ञसँगको परामर्शमा तयार पारेको पाठ्यक्रमको आधारमा कक्षा सञ्चालन गनुपर्ने छ । सँगसँगै

तालिम सञ्चालन गर्ने उद्योगले आफ्नो उधोगमा आवश्यक भएका थप सीपलाई पनि पाठ्यक्रममै समेटेर अतिरिक्त विषयवस्तु सिकाउन सक्नेछन् । यसरी आयोजनाले तयार पारेको पाठ्यक्रमलाई प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट औपचारीकता प्रदान गर्नको लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले हेल्भेटास नेपालको सहयोगमा पहल गर्नुपर्दछ । आयोजनाले विकास गरेका अन्य पाठ्य सामग्रीहरू पनि तालिमका क्रममा प्रयोग गर्न सकिनेछ । सैद्धान्तिक कक्षाका लागि केही विषयका पाठ्यक्रम र जटिलतालाई ध्यानमा राखी सहभागीहरूलाई हाते सामग्री वा सन्दर्भ सामग्री पनि वितरण गर्नुपर्ने आवश्यकता हुनसक्छ ।

अनुगमनमा जाने कर्मचारीहरूले पनि तालिमको विषय, पाठ्क्रम र व्यावसायिक सीपले निर्दिष्ट गरेअनुसारका तालिम सामग्रीको पर्याप्तता र तिनको प्रयोग भए नभएको निरीक्षण गर्नुपर्छ । सहभागीहरूको सिकाइ प्रभावकारी भए नभएको बुझ्नका लागि पनि यो अनुगमन महत्वपूर्ण हुन्छ ।

### ६.३.६ प्रशिक्षक र प्रशिक्षार्थीहरूको नियमित उपस्थिति

कक्षामा नियमित र तोकिएकै समयमा उपस्थित हुनु गुणस्तरीय तालिमका लागि निकै महत्वपूर्ण कुरा हुन् । पहिलो सरोकार भनेको तालिम तोकिएकै मितिमा सुरु भयो भएन भन्ने हो । अर्को, तालिमका लागि भर्ना भएका सबै प्रशिक्षार्थीहरू तालिम शुरु भएको पहिलो दिनदेखि नै सहभागी भएका छन्/छैनन् भन्ने हो । यदि कुनै सहभागी तालिममा १० दिनभन्दा बढी ढिला आएमा वा अनुपस्थित रहेमा र त्यसको उचित कारण सहित निवेदन आएमा त्यस्ता सहभागीलाई तालिममा नियमित गर्न सकिनेछ तर कोही सहभागी १० दिन भन्दा पनि बढी अनुपस्थित रहेमा त्यस्ता सहभागीलाई तालिममा नियमित सहभागीको रूपमा गणना गर्न पाइनेछैन ।

तालिमको गुणस्तर कायम रहेको कुरा प्रशिक्षक र प्रशिक्षार्थीहरू समयमै र नियमित रूपमा कक्षामा उपस्थित छन् वा छैनन् भन्नेबाटै त्यो कति प्रभावकारी भयो या भएन औंल्याउन सकिन्छ । तालिमका सत्रहरू निश्चित दिनका हुनेछन् । कुनै कारणवश केही सत्र छुटेमा त्यसको सट्टाभर्ना र कक्षा समयबाहेक अन्य फुर्सदको समयमा पनि त्यसलाई समेट्ने कुरा गुणस्तर कायम राख्नका लागि एकदमै महत्वपूर्ण हुन्छ । अनुगमनमा जाने कर्मचारीहरूले प्रशिक्षार्थी र प्रशिक्षकहरू तालिम कक्षामा नियमित र तोकिएकै समयमा उपस्थित छन् र तालिम अवधिभरी उपस्थित थिए भन्ने कुरालाई ख्याल राख्नुपर्छ । प्रशिक्षक र प्रशिक्षार्थीहरू कूल तालिम अवधिको ९० प्रतिशत दिन उपस्थित हुनैपर्छ । तथापि, हेल्भेटास नेपालले गर्ने चारपटकको अनुगमनमा यदि कुनै प्रशिक्षार्थी लगातार तीनपटकसम्म अनुपस्थित भएको पाइएमा उक्त प्रशिक्षार्थीलाई नियमित सरह गणना गरिने छैन ।

आयोजनाले प्रशिक्षक र प्रशिक्षार्थीको उपस्थितिलाई चुस्त र एकैनासको अभिलेख राख्न हाजिरी रजिस्टर (वा विद्युतीय कपी) प्रत्येक तालिम समूहमा उपलब्ध गराउनेछ । यसरी भरिएको हाजिरी रजिस्टरलाई नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले दोस्रो किस्ताको माग गर्दा आवश्यक कागजातका रूपमा लिइनेछ ।

### ६.३.७ पाठ योजना र लगबुक व्यवस्था

प्रशिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम अवधिमा तालिम सत्रलाई व्यवस्थित र योजनाबद्ध बनाउनका लागि दैनिक पाठ योजना, लगबुक बनाइ प्रयोग गर्ने कुरा सिकाइन्छ । तसर्थ, प्रत्येक तालिम स्थलमा पाठयोजना र लगबुक राख्नु अनिवार्यछ । यो कुरा अनुगमनका क्रममा रुजु पनि गरिनेछ । दैनिक पाठ योजना र लगबुकका लागि मुख्य प्रशिक्षक र कारीगर जिम्मेवार हुनेछन् । त्यसैगरी, पाठ्यक्रमले निर्धारण गरेको अध्यायको प्रशिक्षण सकिएपछि सो अध्यायबारे प्रशिक्षार्थीको परीक्षा लिनका लागि उत्प्रेरित गरिनेछ । तालिम स्थलमा आगन्तुक पुस्तिका राख्नु पनि आवश्यक छ किनभने विभिन्न अवसरमा विभिन्न व्यक्तिहरूले गर्ने भ्रमणहरूबाट तालिमका लागि प्राप्त हुने सल्लाह/सुझावहरू पनि अभिलेखीकरणका लागि महत्वपूर्ण हुन्छन् । पाठ योजना र लगबुकका नमूनाहरू अनुसूची १० र ११ मा देखाइएको छ ।

## ६.४ तालिम पश्चातका क्रियाकलापहरू

यस चरणमा तालिम सम्पन्न भएपश्चात् गर्ने क्रियाकलापहरू पर्दछन् र यो नै तालिमको अन्तिम क्रियाकलाप हो । यो चरणमा सीप परीक्षणका लागि तयारी, तालिमका सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्ने, रोजगारीका लागि सहजीकरण र वृत्तिविकास मार्गदर्शन गर्ने जस्ता कार्यहरू पर्दछन् ।

### ६.४.१ वृत्तिविकास मार्गदर्शन

वृत्तिविकास वा वृत्ति मार्गदर्शन समग्र तालिमको मुख्य अभिन्न हिस्सा हो । यो सत्र तालिमको दौरानमा रोभिङ प्रशिक्षकले जुनसुकै बेलामा गर्न सक्नेछन् । विशेष गरेर यो सत्र तालिमको समीक्षा गरेको बेलामा रोभिङ प्रशिक्षकले गर्न सक्नेछन् । यस सत्रलाई अझ प्रभावकारी बनाउनका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले यस विषयका विशेषज्ञहरूको परिचालन गरेर पनि वृत्तिविकास मार्गदर्शन र प्रशिक्षार्थीहरू सहभागी भएको विषयमा भएका अवसरको बारेमा जानकारी गराउन सक्नेछ । यस सत्रका लागि मुख्य गरेर तालिम हेर्नका लागि तोकिएको व्यक्ति नै जिम्मेवार हुनेछन् ।

### ६.४.२ सीप परीक्षण र प्रमाणीकरण

यो कार्यक्रमले प्रशिक्षार्थीको सीप परीक्षणलाई अनिवार्य गरेको छ । सबै प्रशिक्षार्थीहरूले राष्ट्रिय सीप परीक्षण समितिले लिने न्यूनतम तह-१ को सीप परीक्षणमा सहभागी हुने अपेक्षा गरेकोछ । आयोजनाले सीप परीक्षणमा कम्तिमा ९५ प्रतिशत प्रशिक्षार्थीहरू सहभागी हुने र कम्तिमा ९० प्रतिशतले सीप परीक्षा उर्त्तीण गर्ने कुरालाई विशेष जोड दिएको छ । तालिम सम्पन्न भएलगत्तै सीप परीक्षण गर्नुपर्नेछ ।

सीप परीक्षण गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले राष्ट्रिय सीप परीक्षण समितिका लागि आवश्यक पर्ने सबै प्रक्रियाहरू (आवेदन पेश गर्ने, हरेक प्रशिक्षार्थीका लागि लाग्ने शुल्क जम्मा गर्ने, सीप परीक्षण गर्ने मिति र स्थानबारेमा यकिन गर्ने) पूरा गरेको हुनुपर्नेछ । सीप परीक्षणको योजनाबारे हेल्भेटास नेपालका प्रादेशिक कार्यालयलाई पूर्व सूचना दिनुपर्नेछ । समृद्धि आयोजना व्यवस्थापन कार्यालयले सीप परीक्षणमा सहभागी प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्दा लागेको वास्तविक खर्चको सोधभर्ना गर्नेछ । यस्तो सोधभर्ना दोस्रो वा तेस्रो किस्तासँगै हुनेछ । यदि आवेदन दिएकामध्ये थोरै सङ्ख्यामा मात्र सीप परीक्षणमा उपस्थित भएमा ती सहभागी किन अनुपस्थित भएको त्यसको चित्तबुझ्दो जवाफ हुनुपर्दछ । आवेदन गरेका तर सीप परीक्षणमा उपस्थित नभएकाहरू यदि ५ प्रतिशतभन्दा बढी भएमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले राष्ट्रिय सीप परीक्षण समितिलाई सबैका लागि भुक्तानी गरेको भएपनि आयोजनाले ५ प्रतिशतभन्दा बढीको हकमा भुक्तानी फिर्ता गर्ने छैन । हेल्भेटास नेपालका अनुगमनमा जाने कर्मचारीहरूले सीप परीक्षणका लागि भएका व्यवस्थाहरूको अनुगमन गर्न सक्नेछन् । यो अनुगमनमा— परीक्षणका लागि व्यवस्था गरिएको भौतिक सुविधा, प्रशिक्षार्थीको उपस्थिति, परीक्षण क्रममा खपत हुने सामग्री, साधन तथा उपकरण, सीप परीक्षणको मापदण्ड अनुसार आवश्यक मानव स्रोतको नियुक्ति लगायतलाई समेटिनेछ ।

यसरी सञ्चालन गरिने तालिममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले विकास गर्ने पाठ्यक्रम र राष्ट्रिय सीप परीक्षण महाशाखाले विकास गर्ने राष्ट्रिय व्यावसायिक सीप मापदण्ड उपलब्ध नभएको खण्डमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले र सम्बन्धित उद्योगको संयुक्त पहलमा सहभागीहरूको अन्तिम सीप परीक्षण गरी तालिम सम्पन्न गरेको प्रमाणपत्र वितरण गरिनेछ । प्रमाणपत्रको विषयवस्तु र ढाँचाबारे हेल्भेटास नेपालसँग परामर्श गरी अन्तिम रूप दिन सकिनेछ ।

### ६.४.३ रोजगार पदस्थापनका लागि सहजीकरण

यस चरणमा सहभागीहरूलाई उद्योगमा काम गर्न पठाउनु अघि उद्योगमा आधारित सिकाइ प्रक्रिया, कार्यगत संस्कृति, सहभागीहरूले गर्नुपर्ने अपेक्षित व्यवहार, कार्यगत स्वच्छता, स्वास्थ्य तथा सुरक्षा र उद्योगबाट प्राप्त हुनसक्ने सेवा र सुविधाको बारेमा जानकारी गराइनेछ । तालिम पश्चात् नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले तालिम सम्पन्न गरेका सहभागीहरूलाई तोकिएको सेवा सुविधा पाउन सक्ने गरी रोजगारीमा लगाउनु आवश्यक छ । आयोजनाले ९५ प्रतिशत सहभागीहरूले तोकिएको सेवा सुविधा सहितको रोजगारीमा सहभागी हुने अपेक्षा राखेको छ । यद्यपि यस तालिममा तालिम शुरु हुनुभन्दा अगाडि गरिएको त्रिपक्षीय सम्झौतामा रोजगारीको निरन्तरताको उल्लेख गरिएकोछ । तालिम सकिनुभन्दा अगाडिसम्म नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले सम्बन्धित उद्योग र सहभागीहरूसँग सो कुराको सुनिश्चित्त गर्नका लागि निरन्तर अनुगमन गर्नुपर्ने हुन्छ । अनुगमनका बेला अनुगमन कर्ताले त्रिपक्षीय सम्झौताको पालन भएको नभएको कुराको सुनिश्चित गर्नेछन् ।

### ६.४.४ आय प्रमाणीकरण वा मापन

आयोजनाले नतिजामा आधारित भुक्तानी प्रणालीलाई परिकल्पना गर्नुका साथै अवलम्बन पनि गरेको छ । यसको अर्थ, यस आयोजनाको साझेदार संस्था नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय मार्फत् तालिम लिएका सहभागीहरू यस

आयोजनाले तोकिएको मापदण्ड सहितको न्यूनतम ६ महिना रोजगारीमा रहेको प्रमाण पेश गरेमा थप प्रोत्सहान रकमका लागि योग्य ठहरिनेछ । यसमा यो पनि आवश्यक छ कि त्यस्ता उपलब्ध भएका रोजगारीले सफलता दर गणना गर्न आयोजनाले तोकेको आम्दानीको सीमा सुनिश्चित गर्नुपर्दछ । यसकारणले तालिम पश्चात् तोकिएको आम्दानीको सीमा सहितको रोजगारीका लागि अनुगमन आयोजनको एउटा मुख्य क्रियाकलापभित्र पर्दछ ।

सहभागीहरूले तालिम पश्चात् ६ महिनाको अवधिमा प्राप्त गर्ने आम्दानीको स्थिति सम्बन्धित उद्योगहरूले उपलब्ध गराउने रोजगारसँग सम्बन्धित कागजात वा स्थानीय तवरमा गरिने भौतिक प्रमाणीकरणको आधारमा मात्र गणना गरिनेछ । आयोजनाले नेपाल सरकारले श्रम ऐन २०७४ ले तोकेको न्यूनतम औषत मासिक आम्दानी रु १३,४५० लाई नै न्यूनतम आम्दानीको सीमा मानेको छ । सहभागीले तालिम सकिएको ६ महिनाभित्रमा न्यूनतम रु ८०,७०० कमाएको देखिएमा मात्र लाभदायक आम्दानी गरेको मानिने छ । सहभागीहरूले प्राप्त गर्ने नगदलाई मात्र यसमा गणना गरिनेछ अन्य कुनै प्रकारका सुविधालाई यसमा समावेस गरिनेछैन ।

## ७.	अनुगमनको ढाँचा र गुणस्तर सुनिश्चित्तताका मापदण्डहरू

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालय र सदस्य उद्योगहरूले कायम गरेको सेवाहरूको गुणस्तर प्रत्यक्ष रूपमा रोजगारी र त्यसको सफलताको दरसँग जोडिन्छ । तथापि अनुगमनका लागि हेल्भेटासका अनुगमन कर्मचारीहरूको प्रमुख भूमिका रहनेछ । तर प्रारम्भिक तहको अनुगमन र प्रगतिको जानकारी नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूमा निर्भर हुनेछ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका कर्मचारी (केबल सम्बन्धित औद्योगिक प्रशिक्षणका लागि मात्र), सम्बद्ध उद्योगहरूका साथै अनुगमनमा कार्यरत कर्मचारीहरूको क्षमता बढाउनका लागि समृद्धि आयोजनाले विभिन्न अवसरमा अभिमुखीकरण गोष्ठी वा तालिमको आयोजना गर्नेछ । यसले आयोजना कार्यान्वयनमा अनुगमन किन आवश्यक छ भनी बुझ्न सहयोग गर्दछ । यस्तो अभ्यासले अन्ततोगत्वा अनुगमन र प्रमाणीकरण बारेको बुझाइलाई त अभिवृद्धि गर्छ नै साथै आयोजना र नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयबीच गरिएको सम्झौता बमोजिमका जिम्मेवारी पालना गर्न पनि सहयोग गर्नेछ ।

### ७.१	अनुगमनको ढाँचा

आयोजनाको समग्र नतिजा श्रृङ्खलाभित्र तालिमका विभिन्न चरणमा पालना गर्नुपर्ने कुराहरू र समग्र नतिजाको अनुगमन पर्दछ । नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश कार्यालयहरू (सदस्य उद्योगहरूको सहकार्यमा) नै तालिम शुरु हुनु अघिको तयारी र गुणस्तर कायम राख्न पहिलो तहको अनुगमनका लागि जिम्मेवार हुन्छन् । तालिमबाट प्राप्त उपलब्धि र नतिजा हासिल गर्न पनि तालिम प्रदायक संस्था नै जिम्मेवार रहन्छन् । नेपाल उद्योग वाणिज्य महासंघको प्रादेशिक कार्यालयहरूले गरेका अनुगमनबाट प्राप्त सूचना/तथ्याङ्का आधारमा समृद्धि आयोजनाले आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने भएकाले आयोजनाले प्रदेश कार्यालयसँग गरिएको सम्झौता बमोजिम गुणस्तरका सूचकहरू पालना भए नभएको हेर्न र अपेक्षित नतिजाको सुनिश्चितता गर्न नतिजा अनुगमन पनि गर्दछ ।

**चार्ट २: तालिम अनुगमनको ढाँचा (चार्ट)**



## ७.२. गुणस्तर सुनिश्चितता

यस पुस्तिकाले यसको नतिजाका लागि मुख्य जिम्मेवार उपकरणका रूपमा हुने अपेक्षा गरेको छ । गुणस्तरका लागि प्रमुख कारकहरू पाठ्यक्रम, तालिमको राम्रो व्यवस्थापन, आन्तरिक अनुगमन र सम्बन्धित नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूको गुणस्तर ट्र्याकिङ्ग प्रणाली, स्रोतहरूको उचित परिचालन र सम्बद्ध उद्योगहरूको सक्रिय संलग्नता हुन् । समृद्धि हेल्भेटास नेपालले साझेदार संस्था र प्रमुख सरोकारवालाहरूलाई आयोजना कार्यान्वयन प्रक्रिया वा पद्धतीबारे प्रभावकारी रूपमा जानकारी गराउनेछ । गुणस्तर सुनिश्चितताका लागि आयोजनाले तालिम शुरु गर्नुपूर्व सबै सरोकारवालाहरूबीचको साझा बुझाई बनाउने, स्थल प्रमाणीकरण गर्ने, तालिम अनुगमन र तुरुन्तै नियमित पृष्ठपोषण दिने, प्रशिक्षक र कारीगरहरूको क्षमता अभिवृद्धि गर्ने, तालिम प्रदायक संस्थाका साथै उद्योगहरूबीच नियमित आवधिक समीक्षा बैठकहरूको आयोजना गर्नेछ । तालिम प्रदायक संस्थाले प्रारम्भिक चरणको अनुगमन र प्रगति प्रतिबेदन आयोजनाको निर्धारित फारम र ढाँचामा पेश गरिएको हुनुपर्दछ । प्रमुख सरोकारवालहरू पालिका, सिटिईभिटी र आयोजना व्यवस्थापन कार्यालयका पदाधिकारीहरूले कार्यक्रमको दौरान निरीक्षण गर्नेछन् । कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न आयोजनाले निम्न कुराहरू हुनुपर्ने परिकल्पना गरेकोछ ।

- ८० प्रतिशत भन्दा बढी अर्थात् कार्याशालामा आधारित औद्योगिक अभ्यासमा सम्बन्धित छ । यसले प्रत्येक औद्योगिक प्रशिक्षार्थीलाई सोही पेशामा निरन्तर काम गर्नका लागि कामको सुनिश्चित गर्दछ ।
- तालिम सञ्चालन भइरहेको समयमा समग्र तालिमको अनुगमनका लागि तालिम अवधिभर नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयको तर्फबाट सम्पर्क व्यक्ति र रोभिङ्ग प्रशिक्षकहरूको परिचालन गर्ने ।
- मुख्य र सहायक प्रशिक्षकहरूको नेतृत्वमा प्रयाप्त सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू सुरुको एक महिनासम्म तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गर्ने ।
- बजार वा उद्योगहरूमा सबैभन्दा बढी माग भएका प्राविधिक सीपलाई दृष्टिगत गरी परिमार्जित र अद्यावधिक तालिम पाठ्यक्रम प्रयोग गर्ने ।
- उपलब्ध र आवश्यकता अनुसार थप पाठ्यसामग्रीहरूको पर्याप्त मात्रामा प्रयोग गर्ने ।
- राष्ट्रिय सीप परिक्षण समितिबाट लिइने सीप परीक्षणको प्रावधान वा प्राविधिक विज्ञहरूबाट आन्तरिक परिक्षाहरू पनि तालिमको गुणस्तर झल्काउने एक मध्यवर्ती सुचक हुनेछन् ।
- हेल्भेटास नेपालका अनुगमनका लागि तोकिएका कर्मचारीहरूले नियमित सुपरीवेक्षण र अनुगमन, अनलाइन डाटाबेस प्रणाली मार्फत् प्रगति, गुणस्तरको अवस्थाको जानकारी र थप सुधार कार्यका लागि सञ्चार गर्नेछन् ।
- आयोजनासँग तालिमका सहभागीको प्रत्यक्ष पहुँच बढाइनेछ । यसका लागि गुनासो सुन्ने संयन्त्र र निःशुल्क फोन नम्बरको माध्यमबाट तालिमको गुणस्तर सम्बन्धी र अन्य गुनासा आयोजनासम्म पुऱ्याइनेछ र तिनको सम्बोधन गरिने छ ।

यसका अलावा समृद्धि आयोजना व्यवस्थापन कार्यालय, नेपाल सरकार/उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, हेल्भेटास नेपालको राष्ट्रिय कार्यालय, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइफाड) र सम्बन्धित सरकारी निकाय जस्तैः गाउँपालिका/नगरपालिकाका सदस्य वा तिनका प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका प्रतिनिधिले पनि तालिमको गुणस्तर सुनिश्चित गर्न निर्देशन र सल्लाह सुझाव दिन सक्नेछन् ।

# ८. तालिम अनुगमन कार्यविधि

समृद्धि आयोजनामा हेल्भेटासको सहयोग यसकारण फरक छ कि यसले 'नतिजामा आधारित भुक्तानी प्रणाली' को अवधारणालाई प्रवर्द्धन गदर्छ । यस आयोजनासँगको साझेदारीमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयहरूले कम्तिमा ६ महिनासम्म औद्योगिक प्रशिक्षार्थीलाई रोजगारीमा जोडेको प्रमाण उपलब्ध गराएपछि मात्र सम्झौतामा उल्लेख गरिएका सबै प्रोत्साहन भुक्तानी पाउनेछन् । यस्तो रोजगारी गणना गर्दा प्रशिक्षार्थीले तोकिएको आम्दानी पूरा गरेपछि मात्र रोजगारीको सफलताको दरमा गणना गरिन्छ । । श्रम बजारको माग वा सम्बन्धित उद्योगहरूलाई सम्बोधन गर्नेगरी तालिमको गुणस्तर सुनिश्चित भएपछि मात्र रोजगारीको लक्ष्य प्राप्तिमा पुग्न सकिन्छ । त्यसैले, आयोजनाले चुस्त अनुगमन पद्धतिको परिकल्पना गरेको छ । यसमा प्रक्रिया अनुगमन र नतिजा अनुगमन दुवैको सन्तुलन हुन्छ ।

तालिमका सबै चरणहरूमा (तालिम अघि, तालिम अवधिमा र तालिमपछि) अनुगमन गर्ने पहिलो जिम्मेवारी साझेदार संस्थाको रूपमा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको हो । आयोजनाले साझेदार संस्थासँग गरिएको सम्झौता अनुरूप तालिम अवधिभर गुणस्तर कायम भए नभएकोलाई क्रियाकलापका रूपमा र त्यसबाट प्राप्त परिणामलाई उपलब्धि र नतिजाका रूपमा अनुगमन गर्नेछ । अनुगमन र सुपरिवेक्षण प्रक्रियाहरूको विस्तारमा तल चर्चा गरिएको छ ।

## ८.१ नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयद्वारा गरिने अनुगमन र रिपोर्टिङ

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूको आफ्नै आन्तरिक अनुगमन तथा मूल्याङ्कन प्रणाली हुनुपर्ने आयोजनाको अपेक्षा छ । तालिम प्रदायक संस्थाहरूले आयोजनासँग गरिएको सम्झौता अनुसार यो पुस्तिकाको पालना, अनलाइन डेटावेसका लागि आवश्यक कुराहरू तथा अपेक्षित नतिजा प्राप्त गरे/नगरेको नियमित अनुगमन गर्नेछ । तालिम प्रदायक संस्थाहरूले अनलाइन डेटाबेसमा निर्धारित समयभित्र अनुगमन गरिएका तथ्याङ्कहरू प्रविष्ट गराउनु पर्नेछ नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालय आफैंले गरेको अनुगमनको आधारमा आयोजनासँग गरिएको सम्झौतामा उल्लिखित ढाँचा/सम्झौतामा प्रस्तुत गरिएको ढाँचा बमोजिम वित्तीय तथा प्रगति विवरण आवधिक रूपमा बुझाउनु पर्नेछ ।

यसका साथै कार्यक्रमबाट प्राप्त नतिजा र सिकाइहरूको सारसंक्षेप सहितको विश्लेषणात्मक वार्षिक प्रतिवेदनसँगै वित्तीय प्रतिवेदन पनि सम्झौता अवधिभित्रै पेश गर्नुपर्नेछ । आयोजनाको कार्यान्वयनको सुरुमा सम्बन्धित नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरूको सम्पर्क व्यक्तिहरूलाई आयोजनाका बारेमा अभिमुखीकरण दिइनेछ ।

**तालिका ७: प्रतिवेदन बुझाउने चरणहरू, समयावधि र सङ्क्षिप्त विषयवस्तु**

| प्रतिवेदन | समयावधि | विषयवस्तु | डेटाबेसमा हुनुपर्ने |
|---|---|---|---|
| पहिलो | तालिम शुरु गरेपछि | • तालिम कार्यान्वयन र औद्योगिक प्रशिक्षार्थीहरूको सुची पेश गरेपछि<br>• डेटाबेसबाट निकालिएको वित्तीय प्रतिवेदन । | १५ दिन भित्र सबै औद्योगिक प्रशिक्षार्थीहरूको व्यक्तिगत विवरणहरू प्रविष्ट गरिएको हुनुपर्ने । |
| दोस्रो | तालिम सम्पन्न भएको ६ महिनापछि | • डेटाबेसबाट निकालिएको तालिमको प्रगति विवरण साथै प्रत्येक तालिम समूहका सहभागीको विवरण । | प्रत्येक प्रशिक्षार्थीको तालिम सम्पन्न भएको अवस्थाको अभिलेख समावेश भएको हुनुपर्ने । |

| प्रतिवेदन | समयावधि | विषयवस्तु | डेटाबेसमा हुनुपर्ने |
|---|---|---|---|
| | | ● सहभागीहरूको हाजिरी पुस्तिका (हार्ड कपी)<br>● डेटाबेसबाट निकालिएको सीप परीक्षणको प्रतिवेदन र सीप परीक्षण[२]मा सहभागी भएकाहरूको हाजिरी रेकर्ड, राष्ट्रिय सीप परीक्षण समितिमा भुक्तानी गरेको रसिद ।<br>● डेटाबेसबाट निकालिएको आर्थिक प्रतिवेदन । | प्रत्येक प्रशिक्षार्थीको सीप परीक्षण अवस्थाको अभिलेख समावेश हुनुपर्ने । |
| तेस्रो | ३ महिना पछिको रोजगार पदस्थापन | ● डेटाबेसबाट निकालिएको प्रशिक्षार्थीहरूको रोजगारी र आय (३ महिनाको अवस्था) विवरण सहितको प्रतिवेदन ।<br>● डेटाबेसबाट निकालिएको बित्तिय प्रतिवेदन | प्रत्येक औद्योगिक प्रशिक्षार्थीको रोजगारी र आय अवस्थाको अभिलेख समावेश हुनुपर्ने । |
| चौथो | ६ महिना पछिको रोजगार पदस्थापन | ● डेटाबेसबाट निकालिएको प्रशिक्षार्थीहरूको रोजगारी र आय (६ महिनाको अवस्था) विवरण सहितको प्रतिवेदन ।<br>● तालिम तथा रोजगारीका क्रममा उठेका मुद्दाहरू, सिकाइ र चुनौति सहितको विश्लेष्णात्मक सारांश ।<br>● डेटाबेसबाट निकालिएको वित्तीय प्रतिवेदन । | प्रत्येक औद्योगिक प्रशिक्षार्थीको रोजगारी र आय अवस्थाको अभिलेख समावेश हुनुपर्ने । |

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयद्वारा उल्लेखित चारओटा कार्यहरू सम्पन्न गरी बुझाइएको प्रतिवेदनका आधारमा तिनलाई आयोजना व्यवस्थापन कार्यालयले भुक्तानी गर्नुपूर्व हेल्भेटास नेपालका कर्मचारीले रूजु गर्दछन् । अनुगमन र प्रमाणीकरण प्रक्रिया द्विपक्षीय सम्झौतामा उल्लेख गरिनुका साथै यसको विस्तृत चर्चा यसै पुस्तिकामा गरिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयहरू हेल्भेटास नेपालले आयोजना गर्ने अर्ध वार्षिक/वार्षिक समीक्षा तथा योजना बैठकमा सहभागी हुनुपर्नेछ । यी बैठकमा तालिम र रोजगारी कार्यक्रममा भएका प्रगतिको मूल्याङ्कन र सिकाइहरूको आदानप्रदान गरिनेछ । बैठकमा नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयका तर्फबाट सम्झौताका कार्यान्वयनका लागि जिम्मेवार व्यक्ति सँगै संस्थाको व्यवस्थापन हेर्ने व्यक्ति र हेल्भेटास नेपालको प्रतिनिधि उपस्थित हुनुपर्नेछ

## ८.२ समृद्धि हेल्भेटासले गर्ने अनुगमन

आयोजनाले अपनाएको अनुगमन नतिजामा आधारित भुक्तानी प्रणालीसँगै जोडिएको छ । यसै पुस्तिकामा आधारित रही हेल्भेटास नेपालका अनुगमनसम्बन्धी कर्मचारीहरूले कार्यक्रमको अनुगमन गर्नेछन् । नेपाल उद्योग वाणिज्य महासंघको कार्यालय र सदस्य उद्योगहरूले सहमति जनाएअनुसार नै कार्यान्वयन प्रक्रियामा तालिमका लागि कायम गर्नुपर्ने गुणस्तर भए नभएको सुनिश्चित गरिनेछ । यससँगै तत्कालै प्राप्त हुने उपलब्धि र नतिजालाई पनि ख्याल राखिनेछ । संस्थासँग गरिएको द्विपक्षीय सम्झौतामै रकम पनि सुनिश्चित गरिएकाले नतिजामा आधारित रहेर भुक्तानी भए नभएको पनि मापन गरिनेछ । यसबाट अनुगमनपछि प्राप्त अनुभवको विश्लेषण र त्यसका आधारमा निर्क्योल गरिएका सिकाइहरूलाई बृहत् सरोकारवालाहरू माझ आदानप्रदान गर्ने अवसर समेत मिल्नेछ ।

[२] यदि विभिन्न कारणले सीप परीक्षण आयोजन गर्न ढिलाइ भएमा सीप परीक्षण प्रतिवेदन र त्यसको माग दाबी तेस्रो किस्तासँगै गर्न सकिनेछ ।

समग्रमा अनुगमन प्रक्रिया (गतिविधि/क्रियाकलाप) र नतिजा (उपलब्धि र प्रभाव) दुवैको समग्र अनुगमन गर्ने काम हेल्भेटास नेपालका अनुगमन कर्मचारीहरूको हुनेछ । तर आयोजनाले कार्यक्रमको सम्झौता अवधिभित्र कुनै पनि समयमा तालिमको गुणस्तर कायम गर्न तेस्रो पक्षले कुनैपनि अवसर पारेर (अनियमित) अनुगमन गर्ने अधिकार सुरक्षित राखेकोछ । फिल्डमा हुने समग्र अनुगमन हेल्भेटास नेपालको प्रादेशिक संयोजक वा कार्यक्रम अधिकृतको अगुवाइमा हुनेछ ।

प्रक्रिया र नतिजाको अनुगमन गर्दा सम्झौतामा उल्लेख भए अनुसार सबैमा वा केही नमूना छनौटका आधारमा हुन सक्नेछ । अनुगमन गरिएका सम्पूर्ण तथ्याङ्कहरू आयोजनाको अनलाइन डेटाबेसमा राखिनेछ । सबै अनुगमन कर्मचारीहरूलाई हरेक चरणको अनुगमन गर्नका लागि निरीक्षण सूची दिइनेछ । तालिम अनुगमनका चरणहरू तल प्रस्तुत गरिएको छः

**तालिका ८ : तालिम अनुगमनका चरणहरू**

<table>
<tr><th>अवधि</th><th>चरण</th><th>के अनुगमन गर्ने ?</th><th>कति पटक ?</th><th>कस्ले गर्ने ?</th></tr>
<tr><td>तालिम हुनुअघि</td><td>पहिलो</td><td>औद्योगिक प्रशिक्षार्थी छनौट र तालिम स्थान प्रमाणीकरणसँगै तालिमको आधारभूत प्रबन्ध र तयारी जस्तै कार्याशाला, प्रशिक्षकहरू, त्रिपक्षीय सम्झौता आदि ।</td><td>एक पटक</td><td rowspan="4">कार्यक्रम अधिकृत/ प्रादेशिक संयोजक /अनुगमन अधिकृतहरू</td></tr>
<tr><td rowspan="2">तालिम सञ्चालन भइरहेको समयमा</td><td>दोस्रो</td><td>सैद्धान्तिक कक्षाहरू (तालिम शुरु भएको १० दिन भित्र)</td><td>एक पटक</td></tr>
<tr><td>तेस्रो, चौथो र पाँचौ</td><td>कार्याशालामा आधारित औद्योगिक कार्य</td><td>तीन पटक</td></tr>
<tr><td>तालिमको उत्तरार्धमा</td><td>छैठौ</td><td>राष्ट्रिय सीप परीक्षण समितिद्वारा सीप परीक्षण र/वा उद्योगद्वारा दक्षता परीक्षण</td><td>एक पटक</td></tr>
</table>

तालिमका हरेक चक्र सम्पन्न भएपछि आयोजनाले आन्तरिक समीक्षा कार्यशाला गोष्ठीको आयोजना गर्नेछ र यसमा तत्कालीन अवस्थामा भएका प्रगति र कार्यान्वयन क्रममा प्राप्त सिकाइको समीक्षा गरिनेछ । यसका अलावा आयोजनाका प्रादेशिक कार्यालयहरूले तिनका प्रदेशमा कार्यरत नेपाल उद्योग वाणिज्य महासंघको कार्यालयहरूसंगै कर्मचारी सम्मिलित द्वैमासिक वा त्रैमासिक समीक्षा तथा योजना कार्यशाला गोष्ठी आयोजना गर्न सक्नेछन् ।

## ९. नतिजा अनुगमनको कार्यविधि

नतिजा अनुगमन आयोजनाको सबैभन्दा महत्वपूर्ण पाटो हो । आयोजना कति सफल भयो भनी हेर्न तालिमप्राप्त युवाहरू कुन अनुपातमा तोकिएको आम्दानी पाएर रोजगारीमा जोडिए भन्ने कुराले निर्धारण गर्छ । तालिमका लागि गरिएका सबै क्रियाकलापहरू र प्रक्रियाहरू तालिमपछि प्रशिक्षार्थी रोजगारीमा जाँदा कति आम्दानी गर्न सक्यो भन्ने कुरामै आएर जोडिन्छन् । त्यसैले यो चरणमा रोजगारी र आय प्रमाणीकरणका लागि नै अनुगमन बढी केन्द्रित हुन्छ ।

### ९.१ नतिजाको परिभाषा

आयोजनाका लागि नतिजा भनेको निश्चित आय सहितको रोजगारी हो । तालिम पश्चात् तालिम लिएकै पेशा वा सीपमा रोजगारयुक्त भई कम्तिमा पनि मासिक रु १३,४५० (६ महिनामा जम्मा रु ८०,७००) का दरले न्यूनतम ६ महिनासम्म नेपालभित्रै आम्दानी गरेको भए मात्र निश्चित आय सहितको रोजगारी भएको मानिनेछ । तालिम पश्चात् सहभागी नेपाल भन्दा बाहिर गएर सोही पेशामा काम गरेको भए पनि गणना गरिने छैन । तथापि सहभागीले आफूले तालिम लिएको उद्योग भन्दा अन्य उद्योगमा काम गरिरहेको भए र तोकिएको मापदण्ड पूरा गरेको खण्डमा निश्चित आय सहितको रोजगारीमा रहेको मानिनेछ ।

**आयोजनाको नतिजा भनेकै 'निश्चित आय सहितको रोजगारी' हो, जसका लागि आयको निश्चित सीमा तोकिएको छ ।**

### ९.२ नतिजाको मापन

आम्दानी तथा रोजगारी प्रमाणीकरणको दौरानमा नतिजा माथि बुँदा नं ९.१ अनुसार भए नभएको यकिन हेल्भेटास नेपालबाट गरिनेछ । यदि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले द्विपक्षीय सम्झौतामा उल्लेख गरेको समय भन्दा अगाडि नै तालिम सम्पन्न गरी प्रतिवेदन बुझाएमा ६ महिनाको औषत आम्दानीलाई मात्र नतिजा मापन तथा प्रमाणीकरणका लागि समावेश गरिनेछ ।

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले जतिसुकै आम्दानी उल्लेख गरेको भएता पनि आम्दानी तथा रोजगारी प्रमाणीकरणका समयमा अनुगमनकर्ताले प्रमाणीकरण गरेको जम्मा आम्दानीलाई नै अन्तिम आय मानिनेछ । सहभागीले सिकेको सीप भन्दा फरक व्यापरा वा पेशाबाट गरेको आम्दानी र उद्योगबाट प्राप्त अन्य सुविधाहरूको हकमा गणना गर्ने वा नगर्ने भन्नका लागि आयोजना व्यवस्थापन कार्यालय वा हेल्भेटास नेपालबाट स्वीकृत लिनुपर्नेछ ।

### ९.३ आयोजनाले गर्ने नतिजा अनुगमन

आयोजनाको कार्यान्वयन चक्रभित्र दुईपटक नतिजाको अनुगमन हुन्छ– पहिलो, तालिम सकिएको ३ महिनामा, र दोस्रो, तालिम सकिएको ६ महिनामा । आयोजनाले अनुगमन गरेपछि मात्र संस्थाका लागि तोकिएको किस्ताको भुक्तानीका लागि सिफारिश हुन्छ ।

तालिका ९: नतिजा अनुगमनका चरणहरू

| अवधि | चरण | के अनुगमन गर्ने ? | कतिपटक ? | कसले गर्ने ? |
|---|---|---|---|---|
| रोजगारी र आम्दानी | पहिलो | तालिम सकिएको ३ महिनामा हुने रोजगार प्रमाणीकरण (३–महिने रोजगार प्रमाणीकरण) | एकपटक | कार्यक्रम अधिकृत/ प्रदेश संयोजक र अनुगमन अधिकृत |
| | दोश्रो | तालिम सकिएको ६ महिनामा हुने रोजगार प्रमाणीकरण (६–महिने रोजगार प्रमाणीकरण) | एकपटक | |

रोजगार तथा आय प्रमाणीकरण फारम अनुसूची १४ मा दिइएको छ

## ९.४ प्रमाणीकरणका लागि नमूना छनौट

नतिजाको प्रमाणीकरणका लागि दुईओटा विधि अपनाइन्छ– पुरै सङ्ख्याको प्रमाणीकरण या छनौट गरिएका नमूनाको प्रमाणीकरण । यदि कुनै नमूना निरीक्षण गर्नुपर्ने भएमा त्यस्तो अवस्थामा रोजगारीका लागि तोकिएको आम्दानीको सीमाभित्र रहेका भनी पेश गरिएका प्रशिक्षार्थीलाई डेटाबेसबाट अनियमित नमूना छनौट विधिबाट नमूना प्रशिक्षार्थीहरूको छनौट गरिन्छ । नमूना छनौटमा परेका प्रशिक्षार्थीहरूको अनुगमनबाट प्राप्त नतिजालाई पुनः कूल सङ्ख्यामा हिसाब गरिन्छ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले यी प्रशिक्षार्थीहरू रोजगारयुक्त छन् भनी बुझाएको कूल सङ्ख्याबाट रोजगार र आय प्रमाणीकरणका लागि नमूना छनौट गर्न स्तरीय अनियमित नमूना छनौट विधि (Stratified Random Sampling) को प्रयोग गरिन्छ ।

**अनियमित नमूना (Random Samples) लिनुका फाईदाहरू**

- सबैको क्षेत्रबाट छनौट हुने संम्भावना समान भएकाले कसैको पनि पक्ष लिनसक्ने जोखिमलाई घटाउँछ ।
- समय र खर्च कम गर्न सहयोग गर्छ
- नमूनाको नतिजाका आधारमा कूल संख्यामा हिसाब गर्न सकिन्छ
- कूल सङ्ख्यालाई यसले प्रतिनिधित्व गर्न सक्छ भन्ने मानिन्छ ।

यसरी नमूनाहरू छनौट गर्दा तालिम समूह, पेशा/विषय, लिङ्ग र श्रेणी/वर्गको प्रतिनिधित्व हुने गरी सबै क्षेत्रलाई ख्याल गरिन्छ । तालिम सकिएको तीन महिनाको प्रमाणीकरणका लागि कूल सङ्ख्याको १५–२५% नमूना छनौट हुन्छ भने ६ महिनापछि हुने प्रमाणीकरणका लागि कूल सङ्ख्याको ३५-४५% नमूना छनौट हुन्छ । नमूनामा परेको कुनै प्रशिक्षार्थी भेट नभएको वा सम्पर्क गर्न नसकिएको खण्डमा सोको सट्टामा प्रमाणीकरण गर्नका लागि जम्मा नमूना सङ्ख्याको १०% अतिरिक्त सूची समेत अनुगमनकर्तालाई उपलब्ध गराइएको हुन्छ ।

नमूनामा छनौटमा परेका सहभागीहरूको ३ महिना र ६ महिनाको रोजगारी ताथ आम्दानीको प्रमाणीकरण हेल्भेटास नेपालले सम्बन्धित सहभागीसँग भेटेर प्रमाणीकरण गर्नुका साथै नतिजालाई थप विश्वसनीय बनाउनका लागि रोजगारदातासँग छडके वा त्रिकोणात्मक प्रमाणीकरण गर्न सक्छ । एकदमै जटिल वा असाधारण अवस्थामा मात्र फोन वा तेस्रो व्यक्ति वा अन्य माध्यमबाट रोजगारी वा आम्दानीको विवरण प्रमाणीकरण गर्न सकिन्छ । यद्यपि यसरी गरिने रोजगारी तथा आम्दानीको प्रमाणीकरणको नमूना जम्मा जनसंख्याको ५ प्रतिशत मात्र हुनेछ । प्रशिक्षार्थीले अनिवार्यरूपमा सीप सिकेको पेशामा काम गरेको हुनपर्छ । यदि प्रशिक्षार्थीले आफूले सिकेको सीप भन्दा फरक पेशामा काम गरेको पाइएमा त्यस्ता प्रशिक्षार्थी रोजगारी तथा आम्दानी गणनाका लागि योग्य मनिने छैनन् । शिक्षा, उमेर, आर्थिक मापदण्ड र लक्षित समूहभन्दा बाहिरका प्रशिक्षार्थीहरू सोही पेशामा काम गरिरहेको भएता पनि रोजगार तथा आम्दानी गणनाका लागि योग्य मानिने छैन वा प्रशिक्षार्थीको रूपमा गणना गरिने छैन ।

## ९.५ नतिजाको सामान्यीकरण

यस्तो नमूना छनौट प्रक्रिया नतिजाको सामान्यीकरण गर्ने मान्यतामा आधारित छ । यसको अर्थ नमूना छनौटबाट आउने नतिजाले बाँकी रहेका अन्य सङ्ख्या (जो छनौटमा परेका थिएनन्) को पनि प्रतिनिधित्व गर्नेछ । यसलाई तलको उदाहरणबाट प्रष्ट पारिएको छ ।

*मानौं,*

- *नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले दाबी गरेको तोकिएको आम्दानी सहितको रोजगारी संख्या १०० जना ।*
- *प्रमाणीकरणका लागि गरिएको नमूना छनौट ४०% = ४० जना*
- *प्रमाणीकरणका बेला सयुक्त प्रमाणीकरणबाट प्राप्त तोकिएको आम्दानी सहितको रोजगारी संख्या ३० जना ।*
- *तोकिएको आम्दानी सहितको रोजगारी प्रतिशत ३०/ ४० X १००) = ७५%*
- *नतिजा भुक्तानीका लागि तोकिएको आम्दानी सीमा सहितको रोजगारीको संख्या = १००X ७५% = ७५ जना*

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले गरेको दाबी अनुसार यो सङ्ख्या (१००) बाट आयोजनाले नमूना छनौट गर्छ । यदि यसरी छनौट गरिएका नमूनाबाट ७५ प्रतिशत प्रशिक्षार्थी मात्र रोजगारीमा रहेको देखिएमा यो समूहको रोजगारी सफलताको दर ७५ प्रतिशत भयो । यो नतिजालाई सफलता दर मानेर हिसाब गरी आयोजनाले नेपाल उद्योग

वाणिज्य महासंघ प्रदेश कार्यालयले भनेको कूल सङ्ख्यासँग सामान्यीकरण गरी समग्र रोजगारी सफलता दर तोकिन्छ । अन्तिम भुक्तानी तोकिएको आय सीमा सहितको रोजगारी नभएका सहभागीहरूको कटौती गरेर बाँकी रहेका सहभागीहरूको मात्र हुन्छ ।

*उदाहरणको निरन्तरता क्रममा*

- *मानौ, औषत प्रति व्यक्ति परिणाम = रु. २०,०००*
- *तोकिएको सीमा सहितको आम्दानी र रोजगारी नभएको संख्या (१००–७५) = २५ जना*
- *दावी गरेकोमा अन्तिम भुक्तानीमा कुल कटौती रकम रु. = २५ X २०,००० X ५०% = २,५०,०००*

## ९.६. पुनः अनुगमन र पुनः प्रमाणीकरण

यदि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले ३ महिना र ६ महिनाको रोजगारी र आय प्रमाणीकरणपछि आएको नतिजा र सामान्यीकरण प्रक्रियामा असहमत भएमा आयोजनालाई अर्को नमूना छनौट वा पुरै सङ्ख्याको पुनः प्रमाणीकरण गर्नका लागि लिखित आग्रह गर्नसक्नेछ । तर पुनः प्रमाणीकरणको नतिजा जस्तो आए तापनि यस्तो अनुरोध मुताविक लाग्ने पुनः प्रमाणीकरणको सम्पूर्ण खर्च (आयोजना कर्मचारीको कार्य समयसहित) भने सम्बन्धित नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले नै बेहोर्नुपर्ने हुन्छ ।

## ९.७. मर्यादित कामको मापदण्ड अनुगमन

अन्ततः आयोजनाको प्रमुख उद्देश्य भनेको श्रम ऐन २०७४ ले अपेक्षा गरेबमोजिमको तोकिएको आम्दानीको सीमा सहितको मर्यादित रोजगारीको प्रवर्द्धनका लागि पहल गर्नु हो । श्रम ऐन २०७४ को सारलाई हेर्दा मर्यादित रोजगारी भन्नाले निम्न तीनवटा सूचकहरूलाई समेटिएको रोजगारीलाई मानिएको छ– (१) कर्मचारीहरूले नेपाल सरकारद्वारा तोकिएको न्यूनतम तलब वा ज्याला प्रति महिना रु. १३,४५० का दरले ६ महिनामा रु. ८०,७०० पाएको हुनुपर्छ, (२) कर्मचारीहरूलाई काम गर्दाका समय न्यूनतम सुरक्षाका सामग्रीहरू उपलब्ध गराएको हुनुपर्छ, (३) कर्मचारीहरूलाई अनिवार्यरूपमा नियुक्तिपत्र प्रदान गर्नुका साथै रोजगार दाता र कर्मचारीबीच कर्मचारीले पाउने तलब, काम गर्ने समय अवधि र उसले गर्नुपर्ने कार्य विवरण उल्लेख गरेको सम्झौतापत्रमा सम्झौता गर्नुपर्दछ । तालिम पश्चात् कम्तिमा पनि ९५ प्रतिशत प्रशिक्षार्थीहरू रोजगारीमा आवद्ध हुने पूर्वानुमान गरिएको छ । यदि प्रशिक्षार्थीहरूलाई औपचारिक रूपमा नेपाल सरकारले तोकेको मापदण्ड सहितको नियुक्त गरिएकोछ भने त्यस्ता प्रशिक्षार्थीहरूलाई लाभकारी रोजगारमा गणना गरिनेछ । प्रमाणीकरणमा आउन सक्ने सम्भावित अवस्था र त्यस्तो अवस्थामा लिइनुपर्ने निर्णयबारे अनुसूची १५ मा चर्चा गरिएको छ ।

## ९.८. रोजगारी र आय प्रमाणीकरणका चरणहरू

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले प्रत्येक प्रशिक्षार्थीहरूको विस्तृत विवरण खुल्ने सूचनाहरू जस्तै : रोजगारी अवधि, रोजगारदाताको सूचना, आय अवस्था आदि अनलाइन डेटाबेस प्रणालीमा प्रबिष्ट गर्नुपर्नेछ । आयोजनाले रोजगारीमा रहेका प्रशिक्षार्थीहरूको आयको प्रमाणीकरण २ चरणमा गर्नेछ : (क) ३ महिनामा, र (ख) ६ महिनामा ।

**प्रमाणीकरण प्रक्रिया निम्न ६ चरणमा आवद्ध हुनेछन् :**

चरण १ : नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश कार्यालयहरूद्वारा रोजगारी र आयको नियमित अनुगमन गरी आयोजना समक्ष प्रमाणीकरणका लागि अनुरोध गर्ने ।

चरण २ : दाबी गरिएका रोजगारयुक्त औद्योगिक प्रशिक्षार्थीको सङ्ख्यामध्येबाट अनियमित नमूना छनौट विधि (stratified random sampling) मार्फत् नमूना छनौट गर्ने ।

चरण ३ : संयुक्त प्रमाणीकरण समूह (आयोजनाको तर्फबाट अनुगमन कर्मचारी र नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयका प्रतिनिधि) द्वारा रोजगारयुक्त प्रशिक्षार्थीहरूको स्थलगत रूपमै प्रमाणीकरण गर्ने ।

चरण ४ : नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको दाबी बमोजिम प्रशिक्षार्थीसँग कार्यरत स्थानमै गई आय प्रमाणीकरणका लागि अर्न्तवार्ता गर्ने, आवश्यक परेमा अवलोकन र त्रिकोणात्मक विधि पनि अपनाउन सकिने ।

चरण ५ : प्रशिक्षार्थीसँग अन्तर्वार्ता लिएकै स्थानमा प्रमाणीकरण फारम भर्ने, सबै सदस्यहरूको हस्ताक्षर गराउने, स्थलगत रूपमै प्राप्त जानकारीलाई डेटाबेसमा प्रविष्ट गर्ने, सोही बेलामै नतिजा सामान्यीकरण (Extrapolation) पद्धतिमार्फत् अनलाइन डेटाबेस प्रणालीले स्वचालित रूपमा निकाल्ने रोजगारीको प्रतिशत निर्धारण गर्ने ।

चरण ६ : प्राप्त गरेको अन्तिम नतिजासँगै अन्तिम भुक्तानीका लागि अनुगमन कर्मचारीहरूले सिफारिश गर्ने यसलाई हेल्भेटासका वित्तीय क्षेत्रका कर्मचारीले पुनारवलोकन गरेर आयोजना व्यवस्थापन कार्यालयलाई अन्तिम नतिजा सहित भुक्तानीको लागि सिफारिश गर्ने ।

## ९.९ तीन महिनाको रोजगार तथा आय प्रमाणीकरण

रोजगारीमा रहेका प्रशिक्षार्थीले तेस्रो महिनाको कमाई प्राप्त गरेपछि र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले प्रशिक्षार्थीहरूको ३ महिने आम्दानीको प्रतिवेदन (तेस्रो प्रतिवेदन) बुझाएपछि मात्र पहिलो ३ महिनाको आयको प्रमाणीकरण गरिन्छ । नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले डेटाबेसमा उल्लेख गरे अनुसारको ग्रेस अवधिबाहेक (यदि आवश्यक भएका मात्र) को तीन महिनाको समयावधिलाई मात्र गणना गरिनेछ । समृद्धि आयोजनाको अनुगमनकर्ता र नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयको प्रतिनिधि दुवैको संयुक्त स्थलगत भ्रमणको योजना बनाइ प्रमाणीकरण गर्नुपर्ने स्थान र समयको टुंगो लगाइनेछ । प्रमाणीकरणका लागि जाने समूहले प्रमाणीकरणका लागि तयार पारिएको प्रमाणीकरण फारामको प्रयोग गर्नुपर्दछ ।

रोजगारीको निर्धारण सम्बन्धमा यदि कुनै प्रशिक्षार्थी यस पुस्तिकामा उल्लेख गरिएको लक्षित समूहभन्दा बाहिरको जस्तै : शिक्षा, उमेर र आर्थिक मापदण्ड भित्र नपर्ने भएमा उ रोजगारीमा संलग्न रही पर्याप्त आम्दानी गरेको भेटिए तापनि 'अयोग्य' (सेवा प्रदायकलाई गरिने भुक्तानी प्रयोजनका लागि मात्र) भएको मानिनेछ । तर प्रशिक्षार्थीको अवस्था तोकिएको आम्दानी सीमा भन्दा कम भएको भेटियो भने पनि ६ महिनाको प्रमाणीकरणका लागि 'अयोग्य' का रूपमा गणना गरिने छैन । उनीहरू ६ महिनाको प्रमाणीकरणका लागि गरिने न्याण्डम नमूना छनौट प्रक्रियाका लागि पनि योग्य मानिनेछन् । यस्तो अवस्थामा ३ महिनाको संयुक्त प्रमाणीकरणमा परेका प्रशिक्षार्थीको प्रमाणीकरण टोलीले राखेको अभिलेख र । सूचना नै अन्तिम मानिनेछ र बाँकी रोजगार अवधिका लागि मात्र पुन : गणना गरिनेछ । यसरी डेटाबेस प्रणालीमा प्रमाणीकरण समूहका सदस्यले प्रविष्ट गरेको तथ्याङ्क/अभिलेखले यसभन्दा अघि नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयले उल्लेख गरेका आयलाई स्वत : प्रतिस्थापन गर्नेछन् । यदि यस्ता सहभागीहरू ६ महिनाको संयुक्त प्रमाणिकरणको नमूना छनौटमा नपरे सम्पूर्ण जनसंख्याको रूपमा व्यवहार गरिनेछ ।

अन्तिम चरणको (६ महिनाको रोजगारी तथा आम्दानी) प्रमाणीकरणबाट कुनै पनि पार्टनर संस्थाको रोजगारीको दरमा उल्लेखनीय कम भएमा अन्तिम किस्ता भुत्तानीको समयमा उत्पन्न हुन सक्ने जटिलतालाई दृष्टिगत गरी हेल्भेटास नेपालले ३ महिनाको प्रमाणीकरण पश्चात् निम्नानुसारको भुत्तानीका लागि आयोजना व्यवस्थापन कार्यालयलाई सिफारिस गर्दछ । यदि पछि यस्तोखालको परिस्थिति नदेखिएमा तेस्रो किस्ताको समयमा कटौती गरिएको रकम अन्तिम किस्ता भुत्तानी गर्दा समायोजन गरिनेछ ।

| रोजगारीको प्रतिशत | <=६० % | <= ७० % | <= ८० % | <= ९०% | > ९०% |
|---|---|---|---|---|---|
| भुत्तानी प्रतिशत | ०% | २५ % | ५० % | ७५ % | १०० % |

## ९.१०. छ महिनाको रोजगार तथा आय प्रमाणीकरण

सेवा प्रदायक(नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालय) संस्थालाई भुक्तानी गरिने रकमलाई असर पार्ने भएकाले ६ महिनाको आय प्रमाणीकरण निकै महत्वपूर्ण हुन्छ । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले दाबी गरेको

रोजगारी सफलता दरलाई सावधानीपूर्वक निरीक्षण गर्नुपर्छ । यसका लागि बैध र उचित प्रमाण त चाहिन्छन नै साथै स्थलगत रूपमै पनि विभिन्न माध्यमबाट तथ्यको खोजी गर्नुपर्ने हुन्छ । भरपर्दो त्रिकोणात्मक संयन्त्र छैन भने तेस्रो पक्षबाट प्राप्त हुने जानकारीहरू कम प्रभावकारी हुन सक्छन । सङ्कलित सूचना र जानकारीको सत्यता, प्रामाणिकतामा शङ्का नभएमा र थप सूचना खोज्नुपर्ने नभएसम्म प्रशिक्षार्थीले प्रत्यक्ष रूपमा दिएको जानकारी लाई नै आधिकारिक मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा उच्चतम अज्ञानता (optimal ignorance) को अवधारणालाई आत्मसात गर्नु फलदायी हुन्छ । टेलिफोन साथै तेस्रो व्यक्ति (जस्तै : नातेदार) बाट लिइएका सूचना र जानकारी अपवादका रूपमा मात्र स्वीकार गरिनेछन् । र यस्ता अपवाद सम्बन्धित नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयको प्रमाणीकरण गर्नुपर्ने कूल नमूनाको बढीमा ५ प्रतिशतसम्म मात्र हुनुपर्नेछ ।
प्रमाणीकरणका क्रममा आयोजनाले प्रशिक्षार्थीको जम्मा ६ महिनाको आय (नेपाली रूपैयामा) लाई अनुगमन गर्नेछ । ॥ तल दिइएका अवस्थालाई प्रशिक्षार्थीको आम्दानीका रूपमा गणना गरिने छैन :

१. तालिम अवधिमा प्रशिक्षार्थीले उत्पादन गरेका वस्तु वा सेवाहरू ।
२. रोजगारदाताले उपलब्ध गराएको खाना, बस्ने व्यवस्था र लत्ताकपडा जस्ता जिन्सी सामान ।
३. प्रशिक्षार्थीले खर्च घटाउनका लागि आफैंले केही काम गरेका वा आफ्नै सम्पत्ति जुटाउने कार्य गरेको जो बिक्री प्रयोजनका लागि होइन ।
४. रोजगारदाताले उपलब्ध गराउने अन्य प्रकारका सुविधाहरू जस्तै : औषधी उपचार बिमा, यातायात सुविधा, पारिश्रमिक सहितको बिदा, बसोवास सुविधा आदि ।
५. सीप सिकेको पेशा भन्दा फरक पेशामा काम गरी गरेको आम्दानी ।

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले आय प्रमाणीकरणका लागि पेश गरेको प्रतिवेदनमा आयको स्तर (ठूलो या सानो) जे सुकै भएपनि अन्तिममा गरिएको प्रमाणीकरणमा अनुगमनकर्ताले गरेको कूल आयको प्रमाणीकरणलाई नै अन्तिम मानिनेछ । यस पुस्तिकामा उल्लेख भएभन्दा अन्य आम्दानी जस्तै : तालिम लिएको बाहेक अन्य पेशा या सीपमार्फत् या अन्यबाट गरिएको आय आदिलाई प्रशिक्षार्थीको कूल आयमा उल्लेख गर्नुपरेमा आयोजनाबाट स्वीकृति लिएको हुनुपर्नेछ । प्रमाणीकरण प्रक्रियाको संविदनशीलतालाई मध्यनजर गर्दा प्रमाणीकरण गर्ने व्यक्तिले प्रमाणीकरण प्रक्रियालाई सहज तथा सरल बनाउनका लागि सामाजिक–मनोवैज्ञानिक पद्धति अपनाउनुपर्छ । प्रमाणीकरणमा आउन सक्ने सम्भावित अवस्था र त्यस्तो अवस्थामा लिइनुपर्ने निर्णयबारे अनुसूची १४ मा चर्चा गरिएको छ ।
प्रमाणीकरण गर्ने कार्यको नेतृत्व हेल्भेटास नेपालका अनुगमनमा जाने व्यक्तिले गर्नेछन् । तथापि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका प्रतिनिधिहरू साथै रही प्रमाणीकरण प्रक्रियाको अवलोकन गर्न सक्नेछन् र प्रमाणीकरण फारममा हस्ताक्षर गर्नेछन् । अवलोकनकर्ताले अन्तर्वार्ता र अवलोकन प्रक्रियामा हस्तक्षेप भने गर्न पाउने छैनन् । तथापि अवलोकनकर्ताले प्रशिक्षार्थीसँगको अन्तर्वार्ता सकिएपछि तिनका विचार र अवलोकन गरिएका कुरा राख्न पाउनेछन् ताकी अन्तर्वार्ता गर्नेले उसका तार्किक सुझावहरूलाई ख्याल राखेर अर्को अन्तर्वार्ता प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकोस् ।

## ९.११. ग्रेस अवधि

तालिम सकिए लगत्तै सबै प्रशिक्षार्थीहरूले काम पाउन या नपाउन पनि सक्छन । रोजगार पाएका मध्येले पनि रोजगारदाताले उपलब्ध गराउने पारिश्रमिकको आधारमा त्यो भन्दा अझ राम्रो कमाइ हुने रोजगारदातासम्म पुग्ने अवसरहरू खोजिरहेका हुन्छन । यो प्रक्रियालाई सहज बनाउन आयोजनाले स्वदेश भित्रको रोजगारीका लागि बढीमा दुई महिनासम्मको ग्रेस अवधिको प्रावधान राखेको छ । रोजगारी विवरण सहितको प्रतिवेदन पेश गर्दा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयले कुन प्रशिक्षार्थीका लागि ग्रेस अवधि लिइएको हो त्यो पनि उल्लेख गर्नुपर्नेछ । द्विपक्षीय सम्झौतामा सहमति भएअनुसार तालिम तथा रोजगारीको १५ महिनाको चक्रभित्र नै ग्रेस अवधि को प्रावधान लागू हुनेछ ।

# १०. अनुसूचि

## अनुसूचि १: तालिम पात्रो

| क स | क्रियाकलाप | महिना | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पूर्वको समय | | | तालिम सञ्चालनको समय | | | | | | तालिम उतारर्धको समय | | | | | |
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १ | तालिम सञ्चालन योजना तयारी तथा बुझाउने | | | | | | | | | | | | | | | |
| २ | उद्योगहरूको अनुगमन पश्चात् सहभागी संख्याको सुनिश्चित गर्ने | | | | | | | | | | | | | | | |
| ३ | तालिमका लागि विज्ञापन | | | | | | | | | | | | | | | |
| ४ | प्रशिक्षार्थी छनौट | | | | | | | | | | | | | | | |
| ५ | त्रिपक्षीय सम्झौता | | | | | | | | | | | | | | | |
| ६ | तालिम पूर्वको व्यवस्थापन | | | | | | | | | | | | | | | |
| ७ | तालिम सञ्चालन तथा तथ्याङ्कको प्रविष्ठ डेटाबेस प्रणालीमा | | | | | | | | | | | | | | | |
| ८ | पहिलो किस्ता भुक्तानी | | | | | | | | | | | | | | | |
| ९ | कार्यगत कार्यस्थल तालिमको व्यवस्थपन | | | | | | | | | | | | | | | |
| १० | सीप परीक्षणको व्यवस्था | | | | | | | | | | | | | | | |
| ११ | नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयबाट तालिम सम्पन्न भएको प्रतिवेदन आयोजना व्यवस्थापन कार्यालयमा बुझाउने | | | | | | | | | | | | | | | |
| १२ | दास्रो किस्ता भुक्तानी | | | | | | | | | | | | | | | |
| १३ | रोजगार पदस्थापन | | | | | | | | | | | | | | | |
| १४ | नेपाल उद्योग वाण्ज्यि महासंघको कार्यालयबाट ३ महिनाको रोजगारीको अवश्था सहितको प्रतिवेदन आयोजना व्यवस्थपन कार्यालयमा बुझाउने | | | | | | | | | | | | | | | |
| १६ | ३ महिना अवधिमा मर्यादित रोजगारको अवस्थाको सयुक्त प्रमाणीकरण | | | | | | | | | | | | | | | |
| १७ | तेस्रो किस्ता भुक्तानी | | | | | | | | | | | | | | | |
| १८ | नेपाल उद्योग वाण्ज्यि महासंघको कार्यालयबाट ६ महिनाको रोजगारीको अवश्था सहितको प्रतिवेदन आयोजना व्यवस्थपन कार्यालयमा बुझाउन | | | | | | | | | | | | | | | |
| १९ | ३ महिना अवधिमा मर्यादित रोजगारको अवस्थाको सयुक्त प्रमाणीकरण | | | | | | | | | | | | | | | |
| २० | चौथो तथा अन्तिम किस्ता भुक्तानी | | | | | | | | | | | | | | | |

**अनुसूची २ : तालिमको सार्वजनिक आह्वान**

**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**

**तालिमको सार्वजनिक आह्वान**

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को सहयोगमा शुरु हुन गइरहेको निःशुल्क औद्योगिक सीप प्रशिक्षण तालिम(न्यूनतम तह १) ............................ का लागि इच्छुक महिला, आप्रवासी गरीब तथा सामाजिक रूपले विभेदमा परेका र तालिमपछि त्यसैलाई भविष्यको पेशा बनाएर काम गर्न चाहने युवाहरूलाई तालिमका लागि फारम भर्न अनुरोध गरिन्छ ।

**योग्यता र प्राथमिकताका आधारहरू :**

उमेर : १८ देखि ४० बर्ष (२५ प्रतिशत प्रशिक्षार्थीहरू ४० बर्ष भन्दा माथिका हुन सक्नेछन्)

आधारभूत योग्यता : आयोजनाको कार्यक्षेत्र भित्रका जिल्ला/गाउँ/नगरपालिका भित्रका युवा जो सीप तालिमपश्चात् सोही पेशामा रोजगारी गर्ने चाहना राख्तछन ।

शैक्षिक योग्यता : शैक्षिक योग्यताको बन्देज राखिएको छैन तर विद्यालय/विश्वविद्यालयका नियमित विद्यार्थीहरूका लागि होइन ।

प्राथमिकता : महिला, वैदेशिक रोजगारबाट फर्किएका र तिनका परिवारका सदस्य, आर्थिक रूपले विपन्न तथा सामाजिक रूपले विभेदमा परेका समुदायका युवा ।

| श्रेणी | विवरण |
|---|---|
| क | विभेदमा परेका समुदायका आर्थिक रूपले विपन्न महिलाहरू (दलित, एकल महिला, अपाङ्गता भएका, एचआइभी/एडस् सङ्क्रमित, अनाथ, पूर्व बँधुवा मजदूर, घरेलु हिंसाको दुष्चक्रमा परेका, यौन हिंसाको शिकार भएका/यौन व्यवसायमा संलग्न हुन बाध्य भएका) । |
| ख | आर्थिक रूपले विपन्न सबै जातजातिका महिला जो ‘क’ श्रेणी परेनन् । |
| ग | विभेदमा परेका समुदायका आर्थिक रूपले विपन्न पुरुषहरू (दलित, जनजाति, मधेसी, अपाङ्गता भएका, एचआइभी/एडस् सङ्क्रमित) |
| घ | आर्थिक रूपले विपन्न सबै जातजातिका पुरुष जो ‘ग’ श्रेणी परेनन् |

सबै उम्मेदवारहरूले आवेदन फारामसँगै पहिचान खुल्ने कागजातहरू (नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा सवारी चालक अनुमति पत्र वा अप्रावासी परिचय पत्र) साथै पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ ।

**तालिम विवरणः**

| पेशा | आवश्यक सहभागी सङ्ख्या | तालिम हुने स्थान |
|---|---|---|
| | | |

फारम पाइने र पेश गर्नुपर्ने स्थान : ..........................................................................................

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालय र ठेगाना : ............................................................

फारम बुझाउने अन्तिम मिति : ..................................................

तलिम शुरु हुने मिति : ..........................तालिम समापन मितिः ........................ तलिम अवधि : ९०० घण्टा

तलिमका लागि सम्पर्क व्यक्ति : ..................................

टेलिफोन/मोबाईल नम्बरः..........................................

## अनुसूची ३ :
## प्रशिक्षार्थी आवेदन फाराम
## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
## औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिसीप) तालिम

JLIFAD Investing in rural people

फोटो

रजिष्ट्रेशन नं.:......................................

**(क) व्यक्तिगत विवरण**

पूरा नाम थर : ...........................................................................................

जन्म मिति : दिन : ............ महिना : ............. साल : ................ उमेर : ............ बर्ष

लिङ्ग : ☐ महिला ☐ पुरुष ☐ तेस्रो लिङ्गी ☐ अन्य ................................

वैवाहिक अवस्था : ☐ अविवाहित ☐ विवाहित ☐ विधुवा/विदुर
☐ छुट्टिएर बसेको ☐ सम्बन्ध बिच्छेद ☐ अन्य ..............................

जाति/वर्ग : ☐ ब्राह्मण/क्षेत्री (पहाड) ☐ ब्राह्मण/क्षेत्री (तराइ) ☐ नेवार
☐ दलित (पहाड) ☐ दलित (तराइ) ☐ जनजाति (पहाड)
☐ जनजाति (तराइ) ☐ मुस्लिम ☐ अन्य .......................

धर्म : ☐ हिन्दू ☐ बौद्ध ☐ ईस्लाम
☐ किरात ☐ क्रिश्चियन ☐ प्रकृति
☐ शिख ☐ जैन ☐ अन्य ........................

विशेष अवस्था : ☐ एचआइभी/एड्स संक्रमित ☐ पूर्व कमैया/कम्लहरी ☐ पूर्व हलिया
☐ शारीरिक रूपमा फरक क्षमता ☐ अन्य ......

*(यदि तपाईसँग यससँग सम्बन्धित प्रमाण छ भने यसै साथ सम्लग्न गर्नुहोला ।)*

आप्रवासन विवरण : ☐ वैदेशिक रोजगारबाट फर्केको ☐ अस्थायी आन्तरिक बसाइँसराइ
☐ स्थायी आन्तरिक बसाइँसराइ ☐ कुनै पनि होइन

**(ख) ठेगाना :**

| स्थायी ठेगाना | हालको ठेगाना *(यदि स्थायी ठेगाना फरक भएमा)* |
|---|---|
| प्रदेशः ........................ जिल्लाः .............................. | प्रदेशः ........................ जिल्लाः .............................. |
| गा.पा/न.पा./उ.न.पा/म.न.पा. .................................. | गा.पा/न.पा./उ.न.पा/म.न.पा. .................................. |
| वडा नं.: ........ टोल/बस्तीः ...................................... | वडा नं.: ........ टोल/बस्तीः ...................................... |
| फोन नं. (घर): ...................................................... | फोन नं. (घर): ...................................................... |
| मोबाइल नं.: ........................................................ | मोबाइल नं.: ........................................................ |

| |
|---|
| बुबाको नाम : ........................................................ |
| आमाको नाम : ...................................................... |
| नागरिकता नं. ........................................................ <br> नागरिकता जारी गरिएको जिल्ला : ............................... |

**सम्पर्क व्यक्ति** *(यदि कोही भएमा)*

| |
|---|
| नाम : ................................................................ <br> मोबाइल नम्बर : .................................................... |

**(ग) शैक्षिक विवरण:** *(उत्तीर्ण भएको उच्च शैक्षिक तह)*

☐ निरक्षर ☐ कक्षा ५ भन्दा कम ☐ कक्षा ५ देखि ८ सम्म

☐ कक्षा ९ देखि १० सम्म ☐ एसएलसी/एसईई उत्तीर्ण ☐ उच्च माध्यमिक (+२)

☐ स्नातक तह वा सो भन्दा माथि

**(घ) आवेदकको गरिवी सम्भाव्यता सुचकहरू (Poverty Probability Index)**

**(घ.१) तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?** ................ जना

**(घ.२) गएको अन्तिम ७ दिनमा तपाईको घरमुलीले कस्तो प्रकारको काम गर्नुभएको थियो ?**

तलबी स्वरोजगार गैर कृषि स्वरोजगार करार

ज्यालादारी कृषि

**(घ.३) तपाईको घरमा सुत्ने कोठाहरू कतिवटा छन ?**................ वटा

**(घ.४) तपाईको घरको बाहिरी भित्ता के ले बनेको छ ?**

बाँस वा घाँसले काँचो इँटाबाट काठबाट ढुङ्गा/इँटा र माटोबाट

ढुङ्गा/इँटा र सिमेन्टबाट बाहिरी भित्ता नै छैन अरु कुनै......................................

**(घ.५) तपाईको घरको छाना के ले बनेको छ?**

पराल/खर टायल/ढुङ्गा जस्ता ढलान/सिमेन्ट

**(घ.६) तपाईको घरमा छुट्टै भान्छा कोठा छ कि छैन ?** छ छैन

**(घ.७) तपाईको घरमा खाना पकाउनको लागि कुन चुलोको प्रयोग गर्नुहुन्छ ?**

अगेनु माटोको चुलो सुधारिएको चुलो भुसे चुलो

मट्टितेल स्टोभ एल.पी.जी. ग्यास अन्य ........................................

**(घ.८) तपाईको घरमा कस्तो खालको शौचालयको प्रयोग गर्नुहुन्छ ?**

फ्लस शौचालय साधारण पिट शौचालय

परमपरागत चल्दै आएको शौचालय शौचालय नभएको

**(घ.९) तपाईको घरपरिवारमा कति प्रकारका र कतिवटा टेलिफोन सेट छन् ?**

ल्यान्डलाइन ....... वटा कर्डलेस ...... वटा मोबाइल ........ वटा

**(घ.१०) तपाईसँग कृषि खेतीका लागि जग्गा जमिन छ ?** छ छैन

**यदि छ भने-**

आफ्नै, सिंचाइ हुने आफ्नो तर सिंचाइ नहुने साझेदारीमा लिइएको, सिंचाइ हुने

साझेदारीमा लिइएको, सिंचाइ नहुने    धितो वा लिजमा लिइएको, सिंचाइ हुने

धितो वा लिजमा लिइएको, सिंचाइ नहुने

**(ङ) रोजगारी तथा आय विवरण**

**(ङ.१) तपाई हाल रोजगारमा हुनुहुन्छ ?** ☐ छु ☐ छैन (यदि छैन भने ङ.२ मा जानुहोस्)

**यदि छ भने तपाईंको रोजगारीको अवस्था र गत वर्षको वार्षिक आम्दानी कति छ ?** *(आफ्नै आय मात्र लेख्नुहोस्)*

| क्र.स. | रोजगारको प्रकार | पेशाको नाम | वार्षिक आम्दानी (रू.) |
|---|---|---|---|
| १. | ☐ तलब/ज्यालादारी | | |
| २. | ☐ व्यापार/व्यवसाय | | |
| ३. | ☐ कृषि/पशुपालन | | |
| ४. | ☐ अन्य.................. | | |
| | **कूल (क)** | | |

**(ङ.२) तपाईको परिवारको गत वर्षको वार्षिक औषत आम्दानी (तपाईको बाहेक) कति थियो ?**

| क्र.स. | रोजगारको प्रकार | संलग्न परिवार सदस्यहरूको संख्या | बार्षिक आम्दानी (रू.) |
|---|---|---|---|
| १. | ☐ तलब/ज्यालादारी | | |
| २. | ☐ ब्यापार/ब्यवसाय | | |
| ३. | ☐ कृषि/पशुपालन | | |
| ४. | ☐ वैदेशिक रोजगार | | |
| ५. | ☐ अन्य.................. | | |
| | **कूल (ख)** | | |

**(ङ.३) तपाईको परिवारको सदस्य संख्या -** १८ बर्ष भन्दा माथि : ...... १८ बर्ष भन्दा मुनि : ........ जम्मा : .........

तपाईंको आफ्नो र परिवारको कूल वार्षिक आम्दानी (**क+ख**)    रू. : .............................

प्रति सदस्य अनुमानित औषत मासिक आम्दानी    रू. : .............................

*(कृपया कूल वार्षिक आम्दानीलाई परिवारका जम्मा सदस्यले भाग गर्नुहोस्)*

**(च) तपाईको परिवारलाई आफ्नै जमिनको उब्जनीबाट कति महिना खान पुग्छ ?**

☐ ३ महिना भन्दा कम ☐ ६ महिना भन्दा कम ☐ ६ महिना भन्दा बढी ☐ खेती गर्ने जमिन छैन

**(छ) तपाईको परिवारमा आप्रवासी सदस्य कोही हुनुहुन्छ ?** ☐ हुनुहुन्छ ☐ हुनुहुन्न

यदि हुनुहुन्छ भने कृपया तल उल्लेख गर्नुहोस् ।

| परिवारको सदस्यको नाम | आप्रवासनको प्रकार *(तलको महलमा टिक चिन्हो लगाउनुहोस्)* | | | | |
|---|---|---|---|---|---|
| | वैदेशिक रोजगारमा रहेको | वैदेशिक रोजगारबाट फर्केका | अस्थायी आन्तरिक बसाइँसराइ | स्थायी आन्तरिक बसाइँसराइ | नाता/सम्बन्ध |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**(ज) तपाईको परिवारको कोही सदस्य समृद्धि आयोजनाको लाभग्राहीमा सुचीकृत हुनुहुन्छ ?** ☐ हुनुहुन्छ ☐ हुनुहुन्न

यदि हुनुहुन्छ भने तलको तालिका भर्नुहोस् ।

| क.स. | परिवारको सदस्यको नाम | आवेदकसँगको नाता/सम्बन्ध | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**(झ) तालिम सम्बन्धी विवरणः**

**(झ.१) के तपाईंले यसभन्दा पहिले कुनै व्यावसायिक सीप विकास तालिम लिनुभएको छ ?** ☐ छ ☐ छैन

यदि छ भने निम्न विवरण उल्लेख गर्नुहोस् :

| क.सं. | तालिमको नाम | अवधि | तालिम लिएको वर्ष | तालिम दिने संस्थाको नाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**(झ.२) तपाई कुन तालिममा सहभागी हुन ईच्छुक हुनुहुन्छ ?**

तालिम लिन चाहेको विषय : ..........................................................................................

तालिम लिन चाहेको उद्योगको नाम : ..........................................................................

तालिम सञ्चालन हुने–

जिल्लाः ............................. गा.पा/न.पा./उ.न.पा/म.न.पा ........................................... वडा नं.: ....

तालिम सुरु हुने मिति :....................................................

**तालिममा इच्छुक हुनुको कारण :**

☐ तलब वा ज्यालामा काम गर्न ☐ आफ्नो सीप विकास गर्न ☐ वैदेशिक रोजगारमा जान ☐ अन्यः................

**(झ.३) तपाईले यो तालिमको बारेमा कसरी जानकारी पाउनुभयो ?** *(कृपया कुनै एउटामा मात्र चिन्ह लगाउनुहोस्)*

☐ पत्र-पत्रिका ☐ पोस्टर/पाम्फ्लेट ☐ एफ.एम.रेडियो ☐ नातेदार/साथीहरू

☐ स्थानीय कार्यालयहरू ☐ उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालय ☐ सम्बन्धित उद्योग

☐ उद्यम विकास सहजकर्ता (समृद्धि आयोजनाका कर्मचारी) ☐ अन्य ..........................

**(झ.४) के तपाई यो तालिम पूरा गरेपछि सम्बन्धित उद्योग मै काम नियमित गर्छु भन्ने कुरामा कति प्रतिबद्ध हुनुहुन्छ ?**

☐ पूर्ण प्रतिबद्ध छु ☐ आंशिकरूपमा प्रतिबद्ध छु ☐ थाहा छैन

यदि तपाईं पूर्ण वा आंशिकरूपमा प्रतिबद्ध हुनुहुन्छ भने तालिमपछि तपाईको मासिक औषत आम्दानी कति होला भन्ने अपेक्षा गर्नुभएको छ ? रू. ................................. प्रति महिना

म, माथि उल्लेखित विवरणहरू पूर्णरूपमा सत्य छन् भनी जानकारी गराउन चाहन्छु ।

आवेदकको हस्ताक्षर : ……………………………… मिति : …………………………

---

उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको लागि मात्र

(ञ) **तालिम सम्बन्धी विस्तृत विवरण**

तालिम कोड : ………………………………………… तालिमको नाम : ……………………………………………

तालिम सञ्चालन हुने उद्योग ……………………………………………………………………………………………

जिल्ला : ……………………… पालिकाः …………………………… वडा नं. : …… टोल : …………………………

हस्ताक्षर ……………………………………

*(उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको तर्फबाट)*

नाम : ……………………………………………………………… पद : ……………………………………………

मिति *(दिन/महिना/साल)* : ……………………………………………

HELVETAS NEPAL

## अनुसूची ४ :

## प्रशिक्षार्थी छनौट अन्तर्वार्ताका लागि सहयोगी सुझावहरू

## ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)

प्रशिक्षार्थी छनौट अन्तर्वार्ताका लागि सहयोगी सुझावहरू

Government of Nepal

IFAD Investing in rural people

| खण्ड | क्रियाकलापहरू | किन ? | को ? |
|---|---|---|---|
| १ | नमस्कार........, सजिलो गरी आरामसँग बस्नुहोस है । अब.हामी .....जनाको समूहले तपाईसँग तालिममा छनौटका लागि केही प्रश्नहरू गर्छौं, ...ठिक छ नी हैन ? | उम्मेदवारसँग विश्वास निर्माण गर्नका लागि सहयोगी प्रश्नहरू | नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयको प्रतिनिधि |
| | तपाईको छोटो परिचय दिनुस न है वा तपाईको नाम र अनि ठेगाना भन्न सक्नुहुन्छ ? | | |
| | क) तपाई हिजो आज के गर्दै हुनुहुन्छ ?<br>ख) कति पढ्नु भएको छ ?<br>ग) तपाइको परिवारमा को को हुनुहुन्छ ?<br>• उहाँहरूले के काम गर्नुहुन्छ ?<br>• उहाँहरूले कति कमाइरहनु भएको छ ?<br>• अन्य आम्दानी हुने स्रोत पनि छन् कि ? (विशेष अवस्थामा) यसलाई प्रमाणित गर्ने तपाईसँग के प्रमाण छ ? | आवेदन फाराममा उल्लेख सूचनालाई पुनर्पुष्टि गर्नका लागि सहयोगी प्रश्नहरू | |
| २ | क) तपाईलाई तालिमबारे केही थाहा छ ? (थाहा नभएको बताएमा अन्तर्वार्तामा बसेकाहरूले वताइदिने)<br>• तालिम सकिएपछि कामलाई निरतरता दिन सक्नुहुन्छ त ? | विषयसँग सम्बन्धित प्राविधिक ज्ञान र अनुभवको मूल्याङ्कन गर्नका लागि | प्रशिक्षक |
| | ख) तालिम अवधिभर कुनै दिन नबिराइ वस्न सक्नुहुन्छ ? | | |
| | ग) (विशेष प्रकृतिका प्राविधिक तालिमका लागि मात्र) यो तालिममा .....सीप र योग्यता चाहिन्छ, तपाईंसँग त्यो छ कि छैन? (जस्तै : हिसाब सम्बन्धि आधारभूत ज्ञान र अंग्रेजीका शब्दावलीहरू चाहिन्छन) | | |
| | घ) विशेष अवस्थामा (विभिन्न अवस्थामा आउनसक्ने जोखिमबारे वताइदिने)<br>• यस्तो अवस्थामा तपाईं यो तालिममा सहभागी हुन सक्नुहुन्छ जस्तो लाग्छ ? | | |
| | ङ) यदि उम्मेदवार यो तालिमबाहेक उपलब्ध अन्य तालिमका लागि उपयुक्त देखिएमा, तालिमका विषय सम्बन्धी थप प्रश्नहरू सोध्ने | | |
| ३ | क) यो तालिम ......महिनाको हुन्छ, तपाइले ....महिनासम्म तालिम पुरा गर्नका लागि कसरी समय मिलाउनुहुन्छ ?<br>• कहाँ वसेर तालिममा सहभागी हुनुहुन्छ ? | तालिमप्रतिको प्रतिबद्धता, रोजगारीका दृष्टिकोणबाट सोही व्यवसायमा रोजगारको प्रतिबद्धता | तलिम सञ्चालन गर्ने उद्योगको प्रतिनिधि |
| | ख) तालिम पूरा गरिसकेपछि यही उद्योगमा कम्तिमा ६ महिना काम गर्नुपर्नेहुन्छ, गर्नुहुन्छ ? | | |
| | | | |

| खण्ड | क्रियाकलापहरू | किन ? | को ? |
|---|---|---|---|
| | घ) तपाईले काम पाउनुभयो भने कति जति कमाई हुन्छ भन्ने आशा गर्नुभएको छ ? (यदि उम्मेदवारको अपेक्षा बढी भएको जस्तो लागेमा वास्ताविक कमाइ बताइदिने ) | | |
| | ङ) यदि तपाई तालिमको लागि छनौट हुनुभयोभने बस्ने व्यवस्था कसरी गर्नुहुन्छ ? | | |
| | | | |
| ४. | अन्तर्वार्ता समापन गर्दै तालिममा उपलब्ध हुने सेवासुविधा (खाजा, खाना) बारे प्रस्ट बताईदिने, साथै नतिजा कहाँ, कहिले र कसरी थाहा पाउन सकिन्छ ? त्यो पनि बताउने । | | नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयका प्रतिनिधि |

छनौट समितिका सदस्यहरूले अन्तर्वार्ताका लागि दिइएको जम्मा ४० अङ्कमा प्रत्येक व्यक्तिले पाएको अङ्क टिपेर राख्नुपर्छ ।

HELVETAS NEPAL

Government of Nepal

IFAD
Investing in rural people

## अनुसूची ५ :
## औद्योगिक प्रशिक्षार्थी छनौटका आधारहरू
## ग्रामीम उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
## औद्योगिक प्रशिक्षार्थी छनौटका आधारहरू

नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश कार्यालयः ..................................

तालिमको नाम : ..............................................................तालिम सञ्चालन हुने उद्योगः...............................................................................................

जम्मा आवेदकको सङ्ख्या : .................. (पुरुष) ................. (महिला) .......... जम्मा प्रारम्भिक छनौटमा परेका आवेदकको सङ्ख्या : (पुरुष) ........... (महिला) .................

अन्तर्वार्ता हुने मिति : .......................................................................

| क.स. | नाम थर | ठेगाना | तालिमका लागि योग्य रहे नरहेको (छ/छैन) | | | छनौटको मापदण्ड (व्यक्तिगत अङ्कभार) | | | | | | अन्तिम प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रारम्भिक छनौट (६० प्रतिशत) | | | | | अन्तर्वार्ता (४० प्रतिशत) | जम्मा प्राप्त गरेको अङ्क (१००) | |
| | | | उमेर (१८-४०) | आयोजना सञ्चालन भएको जिल्ला/गाउँ/नगरपालिकाको आवेदक | शैक्षिक योग्यता - नियमित विद्यार्थी होइन) | १. श्रेणी (२०) | २. आर्थिक अवस्था (३०) | ३. वैदेशिक रोजगारबाट फर्केका (१०) | | | | | |
| १. | | | | | | | | | | | | | १ |
| २. | | | | | | | | | | | | | २ |
| ३. | | | | | | | | | | | | | ३ |

